महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९
च.नं. ६३

मितिः २०७८।०५।४

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चित कोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**.....	३
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	६
	लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा	६
	मन्त्रालय र निकायगत व्यहोरा.....	१५
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.....	१६
	३. आर्थिक मामिला तथा योजना मन्त्रालय	१८
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय.....	२६
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३१
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय	३४
	८. सामाजिक विकास मन्त्रालय	४६
	९. मुख्य न्यायाधिवक्ताको कार्यालय	५४
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**.....	५५
परिच्छेद ५	**सुधारका क्षेत्रहरू**	५६
	अनुसूचीहरू.....	६०

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ । प्रस्तुत प्रतिवेदन प्रदेश सभा, सार्वजनिक लेखा समितिमा छलफलद्वारा कार्यान्वयनमा आई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । सरकारी लेखापरीक्षकहरूको आचारसंहिता लागु गरी सो को पालना सुनिश्चित गर्न अनुगमनको समेत व्यवस्था मिलाईएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १२८ निकाय र विषयको रु.२६ अर्ब ७७ करोड ७६ लाख १० हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.५७ करोड ५१ लाख ५७ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको २.१५ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको ३.८७ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष २.१५ प्रतिशत भई बेरुजु प्रतिशत घटेको छ । यस वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन ।

प्रदेश अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व सङ्कलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदानप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्ने योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमुलक छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहिरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनमा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै फजुल खर्च घटाउने, अनावश्यक खर्च कटौती गर्ने, प्रदेश सरकार र मातहतका निकायमा हुने अनियमितता, भ्रष्टचारजन्य क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी सुशासन कायम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई नमुनाको रूपमा सञ्चालन गर्न सकिने देखेको छु । यस प्रतिवेदनमा प्रदेश सरकारको कार्य क्षेत्र र मन्त्रालय तथा निकायहरुको विस्तृत विश्लेषण सहित समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष पेश गरेको प्रतिवेदन यथासमयमा प्रदेश सभामा पेश हुनुपर्दछ । यसबाट जनप्रतिनिधिको थलोमा समयमै प्रतिवेदनउपर छलफल भई समस्या समाधान गर्न सहज हुने भएकोले यस्तो प्रतिवेदन पेश भएपछि प्रदेश सभामा तत्काल पेश गरी छलफलको व्यवस्था हुनुपर्दछ ।

प्रदेश सरकारलाई संघ र स्थानीय तहबीच समन्वय कायम गरी वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको बाबजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसार उद्देश्य राखिएको छः

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थस्थिति चित्रण गरेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवम् स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत् एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र** - यो वर्ष प्रदेश र मातहतका कार्यालय समेत १३३ निकायमध्ये १२८ निकायको २०७६।७७ को आर्थिक कारोबारको वित्तीय लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति :** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ३८ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ५१ निकायको प्रदेश एकल कोष खाताबाट छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ३९ निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** : महालेखापरीक्षकको २०७६/७७ को लेखापरीक्षणको सिलसिलामा सुदूरपश्चिम प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरुसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदनः** महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४(३) अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१५ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८।७९
च.नं.: ९४१

मितिः २०७८।५।३

श्री सचिवज्यू
आर्थिक मामिला तथा योजना मन्त्रालय,
धनगढी, कैलाली ।

विषयः प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले सुदूरपश्चिम प्रदेश सञ्चितकोषको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु (अनुसूची– १४) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छनः

१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू. ५७ करोड ५१ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू. ४ करोड ८७ लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. १९ करोड ३३ लाख ५४ हजार, नियमित गर्नुपर्ने रू. १८ करोड ७९ लाख ५१ हजार र पेश्की बाँकी रू. १४ करोड ५० लाख ५६ हजार रहेको छ ।
२. प्रदेश सरकारको स्थिर सम्पत्तिको मूल्याङ्कन गरी आर्थिक विवरणमा खुलासा गरेको छैन ।
३. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा प्रदेशबाट स्थानीय तहहरुले समानिकरण, सशर्त, विशेष, समपुरक र अन्य अनुदानको रुपमा रू. २ अर्ब ५ करोड ३१ लाख १० हजार प्राप्त गरेको उल्लेख छ तर प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा स्थानीय तहलाई रू. २ अर्ब ३० करोड १७ लाख १७ हजार हस्तान्तरण गरेको प्रतिवेदन गरेकोले प्रदेश संचित कोषले यथार्थ वित्तीय हस्तान्तरण चित्रण गर्दैन ।
४. प्रदेश सरकारको श्रोतबाट ८८ स्थानीय तहलाई सशर्त अनुदान रू. ५५ करोड २४ लाख २३ हजार, समपुरक अनुदान रू. ६६ करोड ८२ लाख २७ हजार र विशेष अनुदान रू. ४५ करोड ८८ लाख ९५ हजार समेत कूल रू. १ अर्ब ६७ करोड ९५ लाख ४५ हजार हस्तान्तरण गरेको छ । स्थानीय तहमा खर्च नभई बाँकी रहेको फिर्ता गर्नुपर्ने रकम

यकिन नगरी हस्तान्तरण गरेको सबै रकमलाई प्रदेश संचित कोषमा खर्च देखाएकोले संचित कोषको खर्च यथार्थपरक छैन ।

५. संघीय सरकारबाट सशर्त अनुदान तर्फ रू. ४ अर्ब ४१ करोड २४ लाख ५० हजार, समपूरक अनुदान तर्फ रू. ५६ करोड ६१ लाख र विशेष अनुदान तर्फ रू. ३५ करोड समेत कूल रू. ५ अर्ब ३२ करोड ८५ लाख ५० हजार प्राप्त गरेकोमा सशर्त अनुदान तर्फ रू. ४ अर्ब १६ करोड ३९ लाख ४३ हजार, समपूरक अनुदान तर्फ रू. ४६ करोड ९६ लाख ६२ हजार र विशेष अनुदान तर्फ रू. १९ करोड ३५ लाख ३२ हजार समेत कूल रू. ४ अर्ब ८२ करोड ७१ लाख ३७ हजार खर्च भएकोमा खर्च हुन नसकी बाँकी रहने रू. ५० करोड १४ लाख १३ हजार प्रदेश संचित कोषबाट संघीय संचित कोषमा दाखिला भएको छैन ।

६. प्रदेशले स्थानीय तहबाट प्राप्त रू. २ करोड ३० लाख ९३ हजार आयमा लेखाङ्कन गरेको छ । स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने राजस्व सम्बन्धमा अनुगमन गरेको छैन ।

७. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेे सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्तालेे सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(राममायाँ कुँवर)
उप– महालेखापरीक्षक

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम (रु.हजारमा)
१.सरकारी कार्यालय	११९	२५५७२४८६
२. समिति तथा अन्य संस्था	९	१२०५१२४
जम्मा	१२८	२६७७७६१०

यो वर्ष प्रदेश मातहतका ११९ सरकारी निकायको रु.२५ अर्ब ५७ करोड २४ लाख ८६ हजार र समिति तथा अन्य संस्था ९ को रु.१ अर्ब २० करोड ५१ लाख २४ हजार समेत रु.२६ अर्ब ७७ करोड ७६ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण **अनुसूची १(क)**मा उल्लेख छ ।

१. **सरकारी निकायः** यो वर्ष ११९ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

क्र.सं.	कारोवार	लेखापरीक्षण सम्पन्न		
		२०७६।०७७ को रकम	बक्यौता	जम्मा
१.	विनियोजन निकासा	१६३७०६४५	०	१६३७०६४५
२.	राजस्व असूली	६८७१५२८	०	६८७१५२८
३.	धरौटी आम्दानी	१७०५२१२	०	१७०५२१२
४.	अन्य कारोवार	६२५१०१	०	६२५१०१
जम्मा		२५५७२४८६	०	२५५७२४८६

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छः

- अन्य संस्था र समितिलाई दिएको अनुदान रु.८६ करोड २१ लाख ५२ हजार विनियोजन तर्फको लेखापरीक्षण अंकमा समावेश गरिएको छैन ।

२. **समिति र अन्य संस्थाः** यो वर्ष ९ समिति र अन्य संस्थाको रु.१ अर्ब २० करोड ५१ लाख २४ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची ४ र ५** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयनको स्थिति**

३. **प्रदेश बजेट तथा खर्चः** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।०७७ को सञ्चित कोषबाट व्यय हुने रकमको बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक/क्षेत्र	२०७६।०७७		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	१२५६७२००	८३२३६४१	६६.२३
पूँजीगत खर्च	१३०६७१९९	९२८८३४८	७१.०८
फिर्ता	०	५०१४१४	
भैपरी, (चालु र पूँजीगत)	०		
अन्तर सरकारी हस्तान्तरण	२१२२१७२	२३०१७१६	१०८
वित्तिय व्यवस्था	४०००००	०	
सञ्चित कोषमाथि व्ययभार	५४६४	०	
जम्मा	२८१६२०३५	१७६११९८८	६२.५३

- अन्तर सरकारी वित्तीय हस्तान्तरणतर्फ रु.२ अर्ब १२ करोड २१ लाख ७२ हजार बजेट अनुमान गरिएकोमा रु.२ अर्ब ३० करोड १७ लाख १६ हजार खर्च भै विनियोजित रकमको १०८ प्रतिशत खर्च भएको छ ।

४. **खर्चको स्थिति** — प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश स्थित मन्त्रालयहरूको खर्च विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय	चालु			पूँजीगत		
		बजेट	खर्च	खर्चको प्रतिशत	बजेट	खर्च	खर्चको प्रतिशत
१	प्रदेश व्यवस्थापिका सचिवालय	१५४०३४	१२११४५	७८.६५	२५०३५	१७३४७	६९.२९
२	मूख्य न्यायाधिवक्ताको कार्यालय	१५४६३	१०७८६	६९.७५	३९९१	२६४५	६६.२७
३	मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१३८३३९	७२३२४	५२.२८	१०१३१	५५३३	५४.६१
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	८२१६२४	४४५९१५	५४.२७	५६६९०	६११९	१०.७९
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१३१४२५	६०८८८	४६.३३	१६०५१८	४७५४२	२९.६२
६	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१७४४९३४	६६४८३२	३८.१०	६२५६९३	४१४००८	६६.१७
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२४६३७५१	१७००१९१	६९.०१	३४९८६९	२२८२९१	६५.२५
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	४६४०८०	२९२९१७	६३.१२	११४५१५१८	७९६९३५६	६९.५९
९	सामाजिक विकास मन्त्रालय	३९९२१३८	२६५२९२७	६६.४५	११८२२८१	५९७५०७	५०.५४
	जम्मा	**९९२५७८८**	**६०२१९२५**	**६०.६७**	**१३८६५७२६**	**९२८८३४८**	**६६.९९**

- प्रदेशको चालु खर्च रु.८ अर्ब ३२ करोड ३६ लाख ४१ हजार मध्ये रु.२ अर्ब ३० करोड १७ लाख १६ हजार स्थानीय तहलाई प्रदान गरिएको वित्तीय हस्तान्तरणतर्फ खर्च भएको छ ।

५. **स्रोतगत खर्चः—** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।०७७ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७६।०७७ को		प्राप्तिको तुलनामा खर्च प्रतिशत
	प्राप्त	यथार्थ खर्च	
सङ्घीय सरकार अनुदान	१३२८०९५१	९२५३८५६	६९.६७

६. **खर्चको स्रोतः** प्रदेश सरकारको कूल खर्च रु.१७ अर्ब ६१ करोड १९ लाख ८८ हजार मध्ये रु.९ अर्ब २५ करोड ३८ लाख ५६ हजार सङ्घीय अनुदानबाट व्यहोरेको छ भने रु.८ अर्ब ३५ करोड ८१ लाख ३२ हजार प्रदेश सरकारबाट व्यहोरेको छ ।

७. **संघलाई बजेट :** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकार अन्तर्गतका २३ कार्यालयको लागि चालुतर्फ रु.१ करोड ३१ लाख ९३ हजार र पूँजीगततर्फ ९४ लाख ५३ हजार गरी कुल रु.२ करोड २६ लाख ४६ हजार बजेट निकासा भई खर्च भएको छ। यसको विवरण **अनुसूची १३** मा संलग्न छ ।

८. **राजस्व असुलीः** सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन गर्न २०७६।७७ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको विभिन्न विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कर तथा राजस्व संकलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गरेको छ । यस व्यवस्थाबाट रु.७० करोड ८ लाख राजस्व असूली भएको छ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतितपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समित तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.५७ करोड ५१ लाख ५७ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा बेरुजु	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**५४७१२४**	**२८०३३**	**५७५१५७**	**१००.००**
१. असुल गर्नुपर्ने	**३००७२**	**१८७२४**	**४८७९६**	**८.४८**
२. नियमित गर्नुपर्ने	**३७२५९०**	**८७१५**	**३८१३०५**	**६६.३०**
• अनियमित भएको	१८४८७८	३०७३	१८७९५१	३२.६८
• प्रमाण कागजात पेश नभएको	१८७७१२	५६४२	१९३३५४	३३.६२
• जिम्मेवारी नसारेको	०	०	०	०.००
• शोधभर्ना नलिएको	०	०	०	०.००
३. पेस्की	**१४४४६२**	**५९४**	**१४५०५६**	**२५.२२**
• कर्मचारी पेस्की	३०४८	५९४	३६४२	०.६३
• अन्य पेस्की	१४१४१४	०	१४१४१४	२४.५९
• प्रतीतपत्र पेस्की	०	०	०	०.००
• संस्थागत पेस्की	०	०	०	०.००

बेरुजु बर्गीकरणको विवरण **अनुसूची-१० र ११** मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजुः** गत वर्ष सम्म रु.८८ करोड ८५ लाख १८ हजार बेरुजु रहेकोमा यो वर्ष रु.२३ करोड ३३ लाख ६५ हजार सम्परीक्षण भै रु.६५ करोड ५१ लाख ५३ हजार बाँकी रहेको र यो वर्ष रु.५७ करोड ५१ लाख ५७ हजार थप भई जम्मा बेरुजु रु.१ अर्ब २३ करोड ३ लाख १० हजार कायम भएको छ ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत बर्षसम्म	रकम	जम्मा रकम
१	प्रदेश सरकारी निकायको बेरुजु	६१९२३९	५४७१२४	११६६३६३
२	समिति तथा अन्य संस्था	३५९१४	२८०३३	६३९४७
	जम्मा	**६५५१५३**	**५७५१५७**	**१२३०३१०**

यस सम्बन्धी विवरण **अनुसूची -१२** मा रहेको छ ।

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औँल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औँल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७६।७७ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची -१४** मा समावेश गरिएको छ ।

३.२. सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्-

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	लेखापरीक्षण अङ्क	बेरुजु रकम	कुल बेरुजुको प्रतिशत	ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	९४४४४५३	२७१७६४	४७.२५	२.८८
२	सामाजिक विकास मन्त्रालय	४०२२१८३	१८९८२७	३३.००	४.७२
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१६१६४२	९१६९०	१५.९४	५६.७२
४	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१९७०५१६	११६५६	२.०३	०.५९
५	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	२०९५४५२	९९५१	१.७३	०.४७
६	प्रदेश सभा सचिवालय	१४२१५३	८९	०.०२	०.०६
७	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१३८६४५	१८०	०.०३	०.१३
८	आर्थिक मामिला तथा योजना मन्त्रालय	८७८८९१२	०	०.००	०
९	मुख्य न्यायाधिवक्ताको कार्यालय	१३६५४	०	०.००	०
कुल जम्मा		**२६७७७६१०**	**५७५१५७**	**१००.००**	२.१५

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, सामाजिक विकास मन्त्रालय दोस्रो, आन्तरिक मामिला तथा कानुन मन्त्रालय तेस्रो र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय चौथो स्थानमा रहेका छन् ।

३.३. यो बर्ष प्रदेश अन्तर्गतका १२८ निकायको लेखापरीक्षण गरेकोमा ६६ निकाय (५१.५६ प्रतिशत) मा लगती बेरुजु देखियो ।

३.४. यो बर्ष प्रदेश अन्तर्गतका १२८ निकायको १ हजार ३०८ दफा बेरुजु देखिएकोमा ९८८ सैद्धान्तिक र ३२० दफा लगती बेरुजु कायम भएको छ ।

३.५. प्रदेश सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेस्की रु.३८ करोड ९७ लाख ५५ हजार बाँकी रहेकोमध्ये रु.१६ करोड ८१ लाख ४० हजार (४३.१४ प्रतिशत) फर्स्यौंट भई बाँकी रु.२२ करोड १६ लाख १५ हजार र यो वर्ष थप रु.९९ करोड ३ लाख ६८ हजार समेत कुल पेस्की रु.१ अर्ब २१ करोड १९ लाख ८३ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.८४ करोड

५९ लाख ६ हजार र म्याद नाघेको पेस्की रु.१४ करोड ४४ लाख ६२ हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.१२ करोड ४५ लाख ५१ हजार (१०.२८ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.९४ करोड ७८ लाख ७८ हजार (७८.२१ प्रतिशत) र अन्य पेस्की रु.१३ करोड ९५ लाख ५४ हजार (११.५१ प्रतिशत) रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्ष सम्मको पेस्की रु.३ लाख ३२ हजार फर्स्यौंट भई बाँकी नदेखिएको र यो वर्ष थप रु.१ करोड ८ लाख ४० हजार समेत कुल पेस्की रु.१ करोड ८ लाख ४० हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.१ करोड २ लाख ४६ हजार र म्याद नाघेको पेस्की रु.५ लाख ९४ हजार रहेको छ । सोमध्ये कर्मचारी रु.५ लाख ९४ हजार (५.४८ प्रतिशत) र मोबिलाइजेशन पेस्की (९४.५२ प्रतिशत) रु.१ करोड २ लाख ४६ हजार रहेको छ । पेस्की बाँकीको अध्यावधिक विवरण **अनुसूची ६** मा रहेको छ ।

३.६. सरकारी कार्यालय तथा समिति एवम् अन्य संस्थासमेतबाट लेखापरीक्षणको क्रममा असुल गर्नुपर्ने देखिएकोमध्ये लेखापरीक्षणको क्रममा रु.४५ लाख ३६ हजार, प्रतिक्रियाको क्रममा रु.२ लाख ९७ हजार र सम्परीक्षणको क्रममा रु.९२ लाख २९ हजारसमेत गरी रु.१ करोड ३९ लाख ९२ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची ७** मा उल्लेख छ ।

३.७. सरकारी कार्यालय, समिति एवम् अन्य संस्थासमेत १३ निकायको रु.३१ लाख २२ हजार अग्रिम कर कट्टि गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ८** मा उल्लेख छ ।

३.८. प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्कीबाहेकको बेरुजु	पेस्कीबाहेकको बेरुजु प्रतिशत
२०७५	२६१९०५	५९५९	२.२८	५९५९	२.२८
२०७७	२२८२४८६८	८८२८७४	३.८७	४९२७८७	२.१६
२०७८	२६७७७६१०	५७५१५७	२.१५	४३०१०१	१.६१

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

१. **लेखापरीक्षण वक्यौता :** प्रदेश सरकार अन्तर्गत ५ निकायको विनियोजन रु.३७ करोड ९१ लाख ९१ हजार, राजस्वतर्फको रु.२३ लाख ७७ हजार, धरौटी तर्फको रु.६२ लाख ८२ हजार र अन्य कारोबारतर्फ रु.१ करोड ७५ लाख ४५ हजार समेत रु.४० करोड ५३ लाख ९५ हजारको लेखापरीक्षण वक्यौता रहेको छ । विस्तृत विवरण अनुसूची-३ मा उल्लेख छ ।

२. **कानुन निर्माण**— प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन तर्जुमा गरी प्रदेश सभाबाट पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार ४७ ऐन, ७ नियमावली, ५० कार्यविधि, ५ मापदण्ड र १० गठन आदेश तथा मार्गदर्शन तयार गरेको छ । तर प्रदेश प्रहरी, कृषि, पशु, उच्च शिक्षा, वन तथा वातावरण आदि सँग सम्बन्धित ३५ क्षेत्रका ऐन तथा नियमहरु.तर्जुमा गरेको छैन । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानुन निर्माण गर्नुपर्दछ ।

३. **ऐन नियमको पालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरुले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने कामहरु मध्ये सुदुरपश्चिम प्रदेशका निकायहरुले कतिपय खरिद कार्यमा खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नवनाउने, कम अवधिको जमानत लिने, छनोट भएको बोलपत्रदाता सम्झौता गर्न नआएको अवस्थामा कालो सूचिमा राख्न नपठाउने, परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा ५० प्रतिशत पेश्की दिनुपर्नेमा पूरै पेश्की दिने, भेरियसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने,सम्झौता वमोजिम काम शुरु नगर्ने, बीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल नगर्ने, निर्माण स्थलको तयारी वेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ ।

यसैगरी नर्म्स वेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद वा निर्माण गर्ने, उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढी लागत अनुमानको काम गराउने,उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, समयमा पेश्की फछ्यौंट नगर्ने, कार्य स्वीकार प्रतिवेदन तयार नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, ५० प्रतिशत मूल्य अभिबृद्धि कर कट्टा नगरी पूरै भुक्तानी दिने गरेको देखियो । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयहरूलाई प्राप्त कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकार गठन भएको ३ वर्ष भन्दा बढी अवधिमा सरकार गठनपश्चात तुरुन्त गर्नुपर्ने प्रदेश निजामती सेवा ऐन, नियम तर्जुमा,

सार्वजनिक सेवा वितरण र गुणस्तर मापदण्ड निर्धारण, स्थानीय तहका कर्मचारीहरूको कानुन तर्जुमा, कार्यसम्पादन करार कार्यान्वयन, विद्यालयहरूको पाठ्यक्रम सुधार, प्रदेश गौरवका आयोजना छनौट एवं लोकसेवा आयोगबाट रिक्त दरबन्दीको पदपूर्ति लगायतका कार्यहरू हालसम्म गरेको देखिएन ।

५. **सम्पत्ति व्यवस्थापन** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३, अनुसूची १ को ३ (५) ले प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर सङ्घीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिँचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण भएको तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी लगत तयार गर्ने कार्य भएको पाइएन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

६. **सेवा प्रवाह** – सुदुरपश्चिम प्रदेशको आ.व. २०७६/७७ को बजेट वक्तव्यको दफा १४२ को सुशासन र सार्वजनिक सेवा प्रवाह अन्तर्गत सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने, विकास निर्माण तथा सेवा प्रवाहलाई विद्युतीय प्रणालीसँग आवद्ध गर्ने, नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने, उच्च व्यवस्थापन तहमा कार्यसम्पादन करार गर्ने उल्लेख गरेकोमा नीति र कार्यविधिको व्यवस्था नभएको कारण कार्यान्वयन गर्न सकेको देखिएन । आवश्यक तयारी गरी ती व्यवस्थाहरूको कार्यान्वयन गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई संयन्त्रको व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

७. **अधुरा ठेक्का** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचमै छोडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र त्यसरी सम्झौता अन्त्य भएमा कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सडक पूर्वाधार विकास कार्यालयहरू, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू समेत ११ कार्यालय अन्तर्गत रु.३ अर्ब ५४ करोड २ लाख ११ हजार ठेक्का अङ्कका २४७ ठेक्काहरूको रु.२ अर्ब ३१ करोड ५३ लाख ९९ हजारको (६५ प्रतिशत) काम नभई अधुरा रहेका छन् । पटक पटक म्याद थप गर्दा पनि निर्माण व्यवसायीहरूकै कारणबाट ती ठेक्काहरूको काम अधुरो रहन गएको अवस्थामा सम्बन्धित कार्यालयहरूले उल्लिखित कारवाहीहरू गरी काम पूरा गराउनु पर्नेमा कारवाही नगरेकोले काम अधुरो राख्ने कार्यमा कार्यालयहरूको पनि भूमिका रहन गएको छ । लामो समयदेखि काम अधुरो रहँदा लगानी गरिएको रकमबाट प्रतिफल प्राप्त नभइ जनताले ठेक्काबाट प्राप्त हुनुपर्ने सेवा प्राप्त नहुने र ठेक्काको सङ्ख्या वृद्धिसँगै ठेक्का प्रशासन जटिल बन्दै जाने भएकोले माथि उल्लिखित कानुनी व्यवस्थाहरूको कार्यान्वयन गरी अधुरा ठेक्काहरूको काम पूरा गर्नुपर्दछ ।

८. **गुणस्तर परीक्षण तथा नियन्त्रण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार ठेक्का सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी ठेक्का सम्झौताले आवश्यकतानुसार जुनसुकै परीक्षण गर्न

लगाउन सक्ने अधिकार कार्यालय प्रमुखलाई दिएको हुन्छ । सम्झौता साथ संलग्न गर्नुपर्ने स्पेसिफिकेसनले गरिने परीक्षणहरू र सङ्ख्या उल्लेख गर्दछ । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास, सिँचाइ, खानेपानी र शहरी विकाससँग सम्बन्धित कार्यालयहरूले यस वर्ष निर्माण कार्यमा रु.१ अर्ब ७७ करोड ४ लाख ९८ हजार खर्च गरेका छन् ।

आफ्नै प्रयोगशाला वा अन्य कार्यालयहरूको प्रयोगशालाबाट स्पेशिफिकेसन अनुसारको संख्यामा निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्नु पर्नेमा पूर्वाधार विकास कार्यालयहरूले न्यून संख्यामा आफ्नै प्रयोगशालाबाट गुणस्तर परीक्षण गरेको पाइए पनि अन्य कार्यालयहरूको प्रयोगशाला नरहेको र गुणस्तर परीक्षण पनि नगराएको स्थिति छ । प्रदेश स्तरमा गुणस्तर परीक्षणको आधार स्पेशिफिकेसन तर्जुमा गरेको छैन । सिलबन्दी नमूना प्रयोग गरी गुणस्तर परीक्षण गराउनु पर्नेमा खुल्ला नमूनाबाटै परीक्षण गराउने गरेको देखिन्छ । सडक तथा पूलहरूको भारवहन क्षमता परीक्षण हाल सम्म गर्ने गरेको छैन । निर्माण सामाग्रीहरू प्राप्त गर्ने स्थान नतोक्ने गरेको र ती सामाग्रीहरूको अभाव रहन गएको कारणबाट समेत गुणस्तरीयतामा प्रभाव पर्न गएको छ । गुणस्तर परीक्षण तथा नियन्त्रणबाटै दिगो विकास सुनिश्चित हुने भएकोले यसलाई अनिवार्य गराई निर्माण गर्ने गराउने प्राविधिकलाई यस प्रति जिम्मेवार गराउनुपर्दछ ।

९. **योजना हस्तान्तरण**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार उपभोक्ता समितिबाट निर्मित योजनाहरू मर्मत सम्भार र सञ्चालनको जिम्मेवारीसमेत तोकी सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस प्रदेश अन्तर्गतका सिँचाइ र खानेपानीसँग सम्बन्धित ४ कार्यालयहरूले यस वर्ष रु.७५ करोड ८० लाख ६७ हजारमा निर्माण सम्पन्न भएका आयोजनाहरू कार्यालयहरूको अग्रसरताको अभावको कारण हस्तान्तरण गरेका छैनन् । कानुनको उक्त व्यवस्था परिपालना गर्नुपर्दछ ।

१०. **दरबन्दी र पदपूर्ति** – प्रदेशहरू २०७४ सालमा स्थापना भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति गर्नुपर्नेमा यस प्रदेशको प्रदेशस्तरीय कार्यालयको ३११५ दरबन्दी मध्ये २१३३ पदपूर्ति भई ९८२ रिक्त दरबन्दीको पदपूर्ति गरेको छैन । प्राथिमकता साथ छिटो गर्नुपर्ने काममा ढिलाई गरेको कारण धेरै दरबन्दी रिक्त हुन गई कार्यालयहरूमा कर्मचारीहरूको अभाव भएकोले कार्यालयको कार्य सम्पादनमा प्रभाव परेको छ । सो आयोग मार्फत शीघ्र पदपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

११. **परामर्श सेवा खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) अनुसार सार्वजनिक निकायहरूले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार प्रदेश स्तरका मन्त्रालयहरूले नर्म्स तयार गरेका छैनन् । यो वर्ष यस प्रदेशका ६ निकायहरूले योजनाहरूको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन आदि कामको लागि परामर्श सेवा खरिद गरी रु.३ करोड ४५ लाख ६८ हजार भुक्तानी गरेकोमा नर्म्स वेगर बजेटको आधारमा लागत अनुमान तयार गरी परामर्श सेवा खरिद तथा भुक्तानी गरेको देखियो । नर्म्स तर्जुमा गरी परामर्श सेवा खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

१२. **प्रादेशिक विकास समस्या समाधान समिति** – आर्थिक वर्ष २०७६/७७ को वजेट वक्तव्यको बुँदा नं १४४ (ज) मा प्रादेशिक विकास योजनाको नतिजामूलक अनुगमन गरी कार्यान्वयनमा देखिने समस्या समाधान गर्न माननीय मूख्य मन्त्रीज्यूको संयोजकत्वमा प्रादेशिक विकास समस्या समाधान समिति गठन गर्ने उल्लेख भएकोमा गठन भएको छैन । साथै बजेट कार्यान्वयनको सिलसिलामा देखिने समस्या समाधानका लागि आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा बजेट अनुगमन

निर्देशन समिति गठन गरी सम्बन्धित निकायको सचिवलाई बजेट कार्यान्वयनमा समग्र रूपमा जिम्मेवार बनाउने उल्लेख भएकोमा सो समिति समेत गठन भएको छैन । बजेट वक्तव्यको कार्यान्वयन हुनुपर्दछ ।

१३. **परियोजना बैंक** – आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यको दफा १४४ को उपदफा (ख) अनुसार प्रदेशबाट सञ्चालित विकास परियोजनाहरू निश्चित मापदण्डको आधारमा छनौट गर्न प्रदेश परियोजना बैंक निर्माण गरी बैंकमा समावेश भएका योजनालाई प्राथिमकताका आधारमा कार्यान्वयन गरिने उल्लेख भएकोमा परियोजना बैंक निर्माण गरेको छैन । सो बैंक निर्माण गरी आयोजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ ।

१४. **मध्यमकालीन खर्च संरचना**– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा प्रदेश सरकारले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने र दफा २२ मा बजेट प्रस्ताव गर्दा मध्यमकालिन खर्च संरचनालाई आधार लिनु पर्ने व्यवस्था छ । सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०७६।७७ देखि मध्यमकालिन खर्च संरचना तयार गरी बजेट साथ पेश गर्ने गरेको छ । जसमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनलाई मूल लक्ष्य कायम गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक तथा विषय क्षेत्रगत लक्ष्य, गन्तव्य र सूचकहरू तोकिएका छन ।

आर्थिक वर्ष २०७६।७७ मा शहरी विकास तथा भवन निर्माण कार्यालय डोटीका ५ योजनामा रु.१ करोड ६४ लाख ४३ हजार र पशु सेवा विज्ञ केन्द्र बाजुराको १ योजनामा रु.५७ लाख ४० हजार खर्च भई अधुरो रहेकोमा चालु आर्थिक वर्ष २०७७।७८ मा बजेट विनियोजन नगरी उक्त योजनाहरू अधुरै छाडिएका उदाहरणहरूले मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन प्रभावकारी देखिँदैन । साथै संरचनामा उल्लिखित लक्ष्य, गन्तव्य र सूचकहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने कुनै संयन्त्र अभ्यासमा आएको देखिएन । बजेट तर्जुमा तथा प्रतिवेदन प्रणालीमा मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन हुनु पर्दछ ।

१५. **बजेट अवण्डा** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ मा विभिन्न कार्यालयहरूमा विभाजन गर्नुपर्ने रकम लेखाउत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिक भित्र विनियोजन गरिसक्नुपर्ने व्यवस्था छ । साथै बजेट निकासा दिँदा प्रचलित कानुन अनुसार खर्च गर्ने समय पनि विचार गर्नुपर्दछ । यस वर्ष मन्त्रालयहरूलाई प्राप्त बजेट मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.४ अर्ब ५१ करोड ८७ लाख (१६ प्रतिशत), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले रु.११ करोड ३९ लाख (४.८ प्रतिशत), भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रु.१० करोड ९२ लाख (३.८८ प्रतिशत), भौतिक पूर्वाधार विकास मन्त्रालयले रु.९० करोड ३ लाख (९.५ प्रतिशत) र सामाजिक विकास मन्त्रालयले रु.६४ करोड ७४ लाख (१२.५१ प्रतिशत) समेत रु.६ अर्ब २८ करोड ९५ लाख बजेट अवण्डा राखेको छ । मन्त्रालयले आफूलाई प्राप्त बजेटको ठूलो हिस्सा अवण्डा राखी असार महिनामा विभिन्न कार्यक्रममा निकासा दिएको छ। समयमै बजेट विनियोजन गरी नतिजामूलक कार्यान्वयन हुनुपर्दछ ।

१६. **वर्षान्तमा रकमान्तर** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोश्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शिर्षकमा

रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक बिकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा विभिन्न स्थानीय तहसमेतको लागि रु.३ अर्ब ५८ करोड ४३ लाख १८ हजार (विनियोजित बजेटको १२.७१ प्रतिशत) बर्षान्तमा विभिन्न शीर्षकमा रकमान्तर गरेको छ । कार्यान्वयन सुनिश्चितता बेगर बर्षान्तमा रकमान्तर गरी बजेट खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

१७. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढीको निर्माण कार्य तथा मालसामान खरिद र रु.५० लाख भन्दा बढीको औषधिजन्य मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश सभा सचिवालयले रु.२२ लाख ३० हजार, भौतिक पुर्वाधार विकास मन्त्रालयले रु.१६ करोड ६२ लाख ५६ हजार र सामाजिक विकास मन्त्रालयले रु.२ करोड ७७ लाख ७९ हजार समेत रु.१९ करोड ६२ लाख ६५ हजारको मालसमान तथा निर्माण कार्य प्रतिस्पर्धा वेगर बजेट टुक्राई लागत अनुमानकै हाराहारीमा सोझै खरिद गरेको देखियो । नियममा भएको व्यवस्था अवलम्बन गरी खरिदलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

१८. **आन्तरिक लेखापरीक्षणः** सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ (१) र प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ७६ मा प्रदेश सरकार अन्तर्गतका कार्यालयको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट गरिने व्यवस्था छ। लेखापरीक्षणबाट कायम बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यकता अनुसार असुल फस्यौंट गराई बेरुजु सम्परीक्षण गराई राख्नु पर्ने हुन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु रु.१ अर्ब ३० करोड ५४ लाख ८० हजार अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराएको छैन ।

कोभिड १९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१९. **जोखिम आँकलन र पूर्वतयारी** - कोरोना महामारीको जोखिम आकलन र सोको लागि पूर्वतयारी गर्ने उद्देश्यले सुदुरपश्चिम प्रदेश सरकारले २०७७।१।१५ मा सुदूरपश्चिम प्रदेश कोरोना रोग नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । कार्ययोजनाअनुसार प्रदेशमा प्रदेश संकट व्यवस्थापन केन्द्र र प्रदेश आपतकालीन सञ्चालन केन्द्र, जिल्लामा जिल्ला आपतकालिन सञ्चालन केन्द्र र र्‍यापिड रेस्पोन्स टिम तथा स्थानीय तहमा स्थानीय कोभिड रोकथाम समूह र वडामा अनुगमन समिति गठन गर्ने उल्लेख छ । प्रदेश संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार जिल्लामा ३०० देखि ५०० र स्थानीय तहमा १०० देखि २०० बेडसम्मको क्वारेन्टिन निर्माण गर्ने, जिल्ला प्रवेश गर्ने व्यक्तिलाई अनिवार्यरुपमा अलग्गै बस्न लगाउने, सीमा नाकामा स्वास्थ्यकर्मी परिचालन गरी कोभिड परीक्षणलाई अनिवार्य र व्यवस्थित बनाउँदै जोखिमपूर्ण स्थानहरू पहिचान गर्ने र क्रमशः सिल गर्दै जाने लगायतका क्रियाकलापहरू कार्ययोजनामा उल्लेख गरेको छ । कार्ययोजनाको कार्यान्वयमा देखिएका व्यहोराहरू निम्न छन्:

१९.१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार २०७७ असारसम्म भारत तथा अन्य मुलुकबाट यस प्रदेशमा भित्रिएका व्यक्तिको संख्या २ लाख ४३ हजार २९१ रहेको उल्लेख छ । प्रदेश अन्तर्गतका अस्पताल तथा प्रयोगशालाबाट असारसम्म आर.डि.टी परीक्षण १ लाख १८ हजार ७४८ र पि.सि.आर परीक्षण २८ हजार २३२ समेत १ लाख ४६ हजार ९८० परीक्षण गरेको उल्लेख छ । यस प्रदेशमा प्रवेश गरेका व्यक्तिको संख्यालाई मात्र आधार लिँदा ९६ हजार ३११ अर्थात् ४० प्रतिशतको कोभिड- १९ को परीक्षणनै नगरी पठाएको देखिन्छ । आर.डि.टी बिधिबाट

परीक्षण गरिएकामध्ये ८ प्रतिशत र पि.सि.आर बिधिबाट परीक्षण गरिएकामध्ये १४ प्रतिशतमा कोरोना संक्रमित देखिएको छ । तथापि परीक्षणको दायरा वढाउन सकेको देखिएन ।

१९.२. सुदूरपश्चिम प्रदेश कोरोना रोग नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना, २०७७ मा कोरोना भाइरस रोगको बढी जोखिम हुन सक्ने समुदाय तथा क्षेत्रलाई शिल गरी स्वाब परीक्षण गर्ने उल्लेख छ । परीक्षण गर्दा क्रमश पहिलो घरमूली, दोस्रो घरधुरी, तेस्रो खास टोल बस्ती, चौथो भेग, पाँचौ आसपासका पालिका र छैटौ जिल्लाभरी गर्ने गरी व्यवस्था मिलाउने र पोजेटिभ देखिएमा आइसोलेट गर्ने उल्लेख छ। प्राप्त विवरणबाट यस प्रदेशमा कार्ययोजना अनुरुप शिल गरी स्वाब परीक्षण गरी जोखिम पहिचान गरेको देखिएन ।जोखिमयुक्त वस्ती तथा व्यक्ति पहिचान गर्नुपर्नेमा भारतवाट फर्केका नागरिकको समेत पूर्णरुपमा परीक्षण नगरी टोल वस्तीमा घुलमील हुदाँ संक्रमणको जोखिम वढेको देखिन्छ । कार्ययोजना अनुसार परीक्षण कार्यलाई व्यवस्थित बनाई जोखिम पहिचानको कार्य प्रभावकारी बनाउनु पर्दछ ।

१९.३. प्रदेशमा कुल ६० हजार १६५ बेडको क्वारेन्टिन निर्माण गरेकोमा ६ हजार १८३ जना भर्ना भएको अर्थात १० प्रतिशत र २ हजार ५९ आइसोलेशन बेडको व्यवस्था भएकोमा ७१० जनामात्र भर्ना भएको अर्थात ३५ प्रतिशतमात्र उपयोगमा आएको देखिन्छ । यसवाट क्वारेन्टिन निर्माणमा भएको खर्च प्रभावकारी देखिएन । प्राप्त विवरणअनुसार परीक्षणबाट कोरोना संक्रमण पुष्टि भएका १३ हजार ५०८ मध्ये ६ हजार ८९३ जनालाई क्वारेन्टिन तथा आइसोलेशनमा राखेको देखिन्छ । बाँकी ६ हजार ६१५ संक्रमितलाई क्वारेन्टिन तथा आइसोलेशनमा नराखी पठाएको देखियो । उल्लिखित तथ्याँङ्कले परीक्षण हुन नसकेका व्यक्तिको संख्या अत्याधिक रहनु तथा संकास्पद संक्रमित व्यक्तिलाई क्वारेन्टिन तथा आइसोलेशनमा राख्न नसक्नुले कार्ययोजना अनुरुप पूर्वतयारी प्रभाकारी हुन सकेको देखिएन ।

१९.४. सामाजिक विकास मन्त्रालयले अस्पताल निर्माण तथा व्यवस्थापनमा रू.१ करोड २० लाख २३ हजार, प्रयोगशाला निर्माण वा स्तरोन्नतिमा रू.६३ लाख २८ हजार, ९ वटा क्वारेण्टिन निर्माणमा रू.५६ लाख ५ हजार, क्वारेण्टिनमा बस्नेको खाना खर्चमा रू.६४ लाख ७० हजार, आइसोलेशन निर्माण तथा तयारीमा रू.७२ लाख २५ हजार, आइसोलेशन व्यवस्थापन खर्चमा रू.५५ लाख ११ हजार, आइसोलेशन खाना खर्चमा रू.३४ लाख ६१ हजार, औषधिमा रू.४० लाख २४ हजार, औषधिजन्य सामग्रीमा रू.४ करोड २२ लाख ३७ हजार, स्वास्थ्य उपकरणमा रू.९ करोड ८५ लाख ८६ हजार, एम्बुलेन्स र अन्य शीर्षकमा रू.२ करोड ५९ लाख ४२ हजार लगायत कूल रू.२२ करोड ८२ हजार खर्च भएको देखिन्छ । उल्लेखित रकम पूर्वतयारी तथा व्यवस्थापनमा खर्च भएको भनेपनि २०७७ असारसम्म सेती अस्पतालमा बाहेक अन्यत्र प्रयोगशाला सञ्चालन हुन नसक्नु र १५ बेड क्षमताको कोभिड आइ. सि. यू मात्र सञ्चालन हुनु तथा कतिपय स्थानीयतहबाट कोरोना परीक्षणको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पुगेको देखिनुले जोखिमको असर न्यूनीकरणका लागि पर्याप्त पूर्वतयारी र व्यवस्थापन हुन सकेको देखिँदैन । उपलव्धिमूलक ढंगले खर्च व्यवस्थापन हुनुपर्दछ ।

२०. **कोष तथा बजेट परिचालन** - कोरोना कोष तथा कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि परिचालित बजेटको अवस्था निम्नानुसार छन्:

२०.१. सुदूरपश्चिम प्रदेश कोरोना भाइरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ को बुँदा नं. ८ मा कोषको आम्दानी र खर्चको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्ने व्यवस्था छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कोषमा प्रदेश सरकारबाट रू.४० करोड र विभिन्न पदाधिकारी, कर्मचारी, उद्योगी, व्यापारी तथा व्यक्तिबाट रू.३

करोड ७७ लाख ६० हजारसमेत कुल रू.४३ करोड ७७ लाख ६० हजार आम्दानी भएकोमा विभिन्न सङ्घीय निकायहरू मार्फत रू.१ करोड ४० लाख, प्रदेश कार्यालयहरू मार्फत रू.२० करोड ४० हजार र स्थानीय तहहरूमार्फत रू.२१ करोड ३० लाख ४४ हजार समेत कुल रू.४२ करोड ७० लाख ८४ हजार अर्थात् ९८.५५ प्रतिशत खर्च भई रू.१ करोड ६ लाख ७५ हजार मौज्दात रहेको छ । तर बैङ्क स्टेटमेन्ट अनुसार रू.१ करोड ९ लाख ३२ हजार मौज्दात देखिएकोले फरक रू.२ लाख ५७ हजारको सम्बन्धमा हिसाव मिलान हुनुपर्दछ । प्रदेश कार्यालय र स्थानीय तहहरूलाई उपलब्ध गराएको रकम मध्ये तोकिएको प्रयोजनमा सवै रकम खर्च भएको सुनिश्चित समेत गरिनुपर्दछ ।

२०.२. सुदूरपश्चिम प्रदेश कोरोना भाइरस लकडाउन राहत मापदण्ड, २०७६ को बुँदा नं. ९ मा प्रदेश सरकारबाट प्रदान गरिएको राहत रकम लकडाउनको अवधिभित्र मापदण्ड बमोजिम राहत प्राप्त गर्न योग्य व्यक्तिहरूको लागि राहत सामग्री व्यवस्थापनमा खर्च गरी बचत हुन आएमा सुदूरपश्चिम कोरोना भाइरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारले यो वर्ष ८८ स्थानीय तहलाई आइसोलेशन र राहतको लागि रू.२१ करोड ३० लाख ४० हजार, ९ जिल्लाका जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी गण, राष्ट्रिय अनुसन्धान कार्यालय र नेपाली सेनाका गण तथा गुल्मसमेत ४४ निकायलाई रू.१ करोड ४० लाख र प्रदेश समाजिक विकास मन्त्रालयलाई रु.२० करोड ४० हजार निकासा दिएकोमा खर्च हुन नसकी बचत भएको रकमको विवरण माग गरी अध्यावधिक गरेको छैन । ३१ वटा स्थानीयतहबाट प्राप्त विवरण अनुसार रू.९ करोड ८५ लाख १० हजार, स्थानीय कोभिड कोषमा मौज्दात रहेको देखियो । कोषबाट निकासा भएकोमध्ये बचत रकम कोषमा फिर्ता गरी वास्तविक खर्च यकिन हुनुपर्दछ ।

२१. **प्रयोगशाला स्थापना तथा सञ्चालन -** सुदूरपश्चिम प्रदेश कोरोना रोग नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना २०७७ मा आर.डि.टी परीक्षणलाई प्रत्येक समुदायस्तरमा पुऱ्याउने र पि.सि.आर परीक्षण गर्ने कार्यलाई व्यवस्थित तथा वृद्धि गरी प्रदेशमा थप प्रभावकारी बनाउने उल्लेख छ । कोभिड-१९ परीक्षण गरी महामारी नियन्त्रण गर्न प्रदेश अन्तर्गत सम्पादित कार्यको परीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

२१.१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेशभित्र २८ हजार २३२ पि.सि.आर परीक्षण भएकोमा सेती प्रादेशिक अस्पतालमा मात्र पिसिआर परीक्षण गर्ने व्यवस्था भएकोले सो अस्पतालमा १३ हजार ४९६ पिसिआर परीक्षण गरी बाँकी १४ हजार ७३६ अर्थात ५२ प्रतिशत कर्णाली र बागमती प्रदेशका प्रयोगशालाबाट परीक्षण भएको देखियो । आधाभन्दा वढी परीक्षण प्रदेश वाहिर पठाउनुपर्ने स्थितिमा २०७७ आषाढ मसान्सम्म थप परीक्षण प्रयोगशाला स्थापना भएको छैन । सेती प्रादेशिक अस्पतालमा रहेको पिसीआर मेसिनको दैनिक परीक्षण क्षमता ५०० रहेपनि परीक्षण किट तथा जनशक्तिको अभावले परीक्षणको दर न्यून हुन गई परीक्षणको रिपोर्ट आउन १० दिनसम्म लाग्ने गरेकोले संक्रमण नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न नसकेको देखियो ।

२१.२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेशभित्र १ लाख १८ हजार ७४८ आर.डि.टी परीक्षण भएकोमध्ये जनस्वास्थ्य प्रयोगशाला कैलालीले २२ हजार ४५० मात्र आर.डि.टी परीक्षण गरेकोले बाँकी ९६ हजार २९८ परीक्षण अन्य अस्पतालबाट भएको देखियो ।जन स्वास्थ्य प्रयोगशालालाई पुर्ण क्षमतामा उपयोगमा ल्याउन सकेको देखिएन।

२१.३. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कैलालीले कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि २ हजार पिस आर.डी.टी. कीट खरिद गरी रु.१६ लाख ९५ हजार खर्च गरेकोमा सबै कीटहरू तोकिएको गुणस्तर बमोजिम नभएको एवं नेपाल सरकारले आरडीटी परीक्षण नै बन्द गरेकोले उक्त खर्च उपलब्धी विहिन भएको छ । यस सम्बन्धमा सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

२२. **कोभिड अस्पताल व्यवस्थापन** - कोभिड अस्पताल व्यवस्थापनमा प्रदेश सरकार तथा अन्तर्गत निकायबाट सम्पादित कार्यको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२२.१. सेती प्रादेशिक अस्पतालले कोभिड १९ उपचारको अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलव्ध गराएतापनि बिरामीको अभिलेख अद्यावधिक नगरेकोले २०७७ अषाढ मसान्तसम्म उपचार सेवा प्रदान गरिएका बिरामीको विवरण प्राप्त भएन । अस्पतालको २५० शैया मध्ये ५० सामान्य र ५ आइ.सी.यू. शैया कोभिडको लागि छुट्याइएको देखियो । अस्पतालमा २ भेन्टिलेटर र २ एम्बुलेन्स रहेको अवस्था छ । अस्पतालमा प्रोटोकल अनुसार कोभिड र नन्-कोभिड बिरामीहरूलाई बेग्ला बेग्लै भवनको व्यवस्था गरी उपचार गर्ने गरेको भएतापनि अस्पतालमा कोभिड उपचारको लागि आवश्यक भीटीएम र सुरक्षा सामग्री लगायतका स्वास्थ्य उपकरणहरू पर्याप्त रहेको पाइएन । अस्पतालमा १९२ दरवन्दी रहेकोमा १४१ पदपूर्ति भई प्रमुख कन्टल्टेण्ट (चिकित्सक) ३ जना सहित चिकित्सक १९ जना, नर्स ६ जना, प्यारामेडिकक्स ८ जना र अन्य १५ जना सहित कुल ५१ दरवन्दी रिक्त रहेको छ । उक्त दरवन्दीमध्ये २२ चिकित्सक २६ नर्स, ३५ पारामेडिक्स र ५८ स्वीपर कोभिड उपचारको लागि खटाएको पाइयो ।

२२.२. अस्पतालमा २०७६।१२।२० देखि कोभिड उपचार सेवा शुरु गरेपनि आई.सी.यू., भेन्टिलेटरको अभावले उपचारमा कठिनाई रहेकोमा २०७७।३।१ मा ५० शैया र ५ बेड आई.सी.यू. थप गरिएको छ । अस्पतालले कोभिड बिरामी उपचारमा भएको खर्चको बेग्लै अभिलेख राखेको छैन । स्वास्थ्य क्षेत्र आपतकालिन (कोभिड-१९ महामारी) प्रतिकार्य योजना, २०२० मा प्रत्येक प्रदेशमा कार्ययोजना अनुसार २०७७ आषाढ मसान्तसम्म २ हजार बेडको होल्डिङ्ग सेन्टर र ५० सैयाको कोभिड अस्पताल बनाउने उल्लेख छ । कोभिड अस्पताल निर्माणको ठेक्काको सूचनासम्म प्रकाशन गरेको र होल्डिङ्ग सेन्टर निर्माणधीन अवस्थामा रहेको छ । आपतकालिन परिस्थितिमा यथासमयमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा कार्यान्वयनमा भएको ढिलाईले समयमा कोभिड संक्रमितलाई सेवा दिन नसकेको स्थिति देखियो । कोभिड अस्पतालको क्षमता विस्तार तथा होल्डिङ्ग सेन्टरहरूको निर्माण यथासिघ्र हुनुपर्दछ ।

२३. **मालसामान तथा उपकरण खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(२) मा विशेष परिस्थितिमा खरिद गर्दा, विशेष परिस्थिति सम्बन्धी विवरण र खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधारको अभिलेख राखी यथासम्भव प्रतिस्पर्धा गराई आकस्मिक परिस्थितिको सामाना गर्न कुनै एउटा मात्र आपुर्तिकर्तासँग सम्झौता गरी खरिद गर्न सकिने व्यवस्था छ । यो वर्ष सामाजिक विकास मन्त्रालय अन्तर्गतका २२ निकायबाट रु.१४ करोड ६६ लाख १८ हजारको कोभिड सम्बन्धी औषधिजन्य मालसामान तथा उपकरण खरिद गरेकोमा देखिएको व्यहोराहरू निम्नानुसार छन्:

२३.१. प्रदेश आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीले कोभिड-१९ को परीक्षणको लागि बायो सेफ्टी लेभल २ प्रयोगशालाको लागि आवश्यक पर्ने रियल टाइम पीसीआर मेसिन, अटोमेटेड भी टी एम, पीपीई मास्क लगायत प्रयोगशाला उपकरण तथा परीक्षण सामग्रीहरू एवं स्वास्थ्य सामग्री खरीदका लागि विभिन्न ३ आपुर्तिकर्तासँग २०७७।३।१२ मा सम्झौता गरी रू.४ करोड ८३ लाख ५५ हजार भुक्तानी भएको

छ । सम्झौता अनुसारका सामानहरू २०७७/३/२९ मा केन्द्रमा प्राप्त भई सेती प्रादेशिक अस्पताल, जिल्ला अस्पताल डोटी र बैतडीमा जडान गर्ने गरी पठाएको छ । नेपाल सरकारले २०७६।१२।११ देखि लकडाउन गरेकोमा २०७७ असारदेखि सरकारी कार्यालय खुलेको र साउन ६ पश्चात मात्र पुर्णरुपमा लकडाउन अन्त्य भएको अवस्थामा असार २९ मै खरिद गरेका उपकरणहरू प्राप्त हुनुले विशेष परिस्थिति कायमै रहेको पुष्टि हुदैन । नियमावलीमा भएको व्यवस्थाको पालना उपयुक्त समयमा गरी स्रोत परिचालनमा मितव्ययिता कायम हुनुपर्दछ ।

२३.२. प्रदेश आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीले विभिन्न मितिमा आपूर्तिकर्ताबाट दररेट माग गरी न्यूनतम कबोल दररेटका आधारमा रू.११ करोड ७८ लाख ३९ हजारमा औषधि, स्वास्थ्य उपकरण तथा सामग्री खरीद गरेकोमा केही खरिदको अघिल्ला खरिद दरभन्दा २०० प्रतिशतसम्म महङ्गो परेको देखियो । यसरी केन्द्रबाट खरिद गरेका सामानको खरिद दर वास्तविक हो भनी आश्वस्त हुने अवस्था देखिएन । लकडाउनको प्रभाव तथा बजारमा मालसामानको अभावले गर्दा बोलपत्रको माध्यमबाट खरिद भएको भएतापनि धेरै महङ्गो दरमा खरिद भएको देखिन्छ।

२४. **खर्चको अनुगमन -** सुदूरपश्चिम प्रदेश कोरोना भाइरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ को बुँदा नं. १४ मा प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रमा कोभिड कोषबाट भएको खर्चको प्रभावकारिता अनुगमन गर्नु पर्ने व्यवस्था छ । प्राप्त विवरणबाट यस प्रदेश अन्तर्गका निर्वाचन क्षेत्रमा कोरोना महामारी रोकथाम तथा नियन्त्रणमा भएको खर्चको अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । खर्चको प्रभावकारी अनुगमन गरी खर्चलाई नतिजामूलक बनाउनु पर्दछ ।

२५. **समन्वय तथा सहजीकरण -** कोभिड-१९ को प्रभाव न्यूनीकरण तथा नियन्त्रण गर्ने उद्देश्यले प्रदेशमा प्रदेश संकट व्यवस्थापन केन्द्र र प्रदेश आपतकालीन सञ्चालन केन्द्र, जिल्लामा जिल्ला आपतकालीन सञ्चालन केन्द्र र र्‍यापिड रेस्पोन्स टिम तथा स्थानीय तहमा स्थानीय कोभिड रोकथाम समूह र वडामा अनुगमन समितिको व्यवस्था गर्ने उल्लेख छ । तर यी सबै संयन्त्रको भुमिका र कार्यक्षेत्र स्पष्ट बनाउन नसकिएकोले बनेका क्वारेन्टिन तथा आइसोलेशन सेन्टर उपयोगमा नआउने तर संकास्पद संक्रमित व्यक्तिहरू परीक्षण बेगर क्वारेन्टिनमा नबसी समुदायको सम्पर्कमा आएको अवस्था प्राप्त विवरणहरूबाट देखिन्छ । यसवाहेक एउटै प्रकृतिका खर्चहरू संघ, प्रदेश र स्थानीय तहबाट समेत भएको देखिन्छ । अन्तर निकायगत समन्वयलाई प्रभावकारी बनाई उपलव्ध स्रोतको अधिकतम उपयोग हुनु पर्दछ ।

२६. **जोखिम भत्ता -** कोभिड भाइरस संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ अनुसार कोभिड-१९ को रोकथाम नियन्त्रणमा प्रत्यक्ष खटिने स्वास्थ्य क्षेत्र लगायतका कर्मचारीलाई २०७६।१२।९ पछि प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ । मन्त्रालय र अन्तरर्गतका निकायले जोखिम भत्ता वितरणमा कुल रु.१० करोड ३० लाख ७३ हजार खर्च गरेको छ ।

आदेशको बुँदा नं. ४ मा जोखिम भत्ता प्रदान गर्नको लागि क्वारेन्टिन, आईसोलेशन तथा प्रयोगशालामा सम्पादित जोखिमयुक्त कार्य पुष्टि हुने हाजिरी विवरण तथा पुष्ट्याईका अन्य प्रमाण कागजात पेस हुनुपर्ने उल्लेख छ । प्रदेश अन्तर्गतका ३ निकायमा प्रशासनिक कार्यमा संलग्न ४५ कर्मचारीलाई समेत रू.१७ लाख १५ हजार जोखिम भत्ता रकम भुक्तानी गर्दा उल्लिखित प्रमाण कागजात रहेको छैन । खर्चको पुष्ट्याई सहितको लेखा अद्यावधिक गर्नुपर्दछ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १६४ ले दिएको अधिकार प्रयोग गर्ने उद्देश्यले प्रदेश सभाले विधायिकी कार्य तथा सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि प्रदेश संसदको काम कारबाहीमा सहयोग गर्न प्रदेश सभा तथा सचिवालय गठन भएको हो। सुदुरपश्चिम प्रदेशको प्रदेश सभामा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्धारित हुने ३२ जना समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने २१ जना गरी ५३ जना सभासद निर्वाचित हुने व्यवस्था रहेको छ । प्रदेशसभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ ।

यो वर्ष सचिवालयको विनियोजन रु.१३ करोड ८४ लाख ९२ हजार, राजस्व रु.६२ हजार, धरौटी रु.३५ लाख ९१ हजार र अन्य कारोवार रु.८ हजारसमेत रु.१४ करोड २१ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन् :

१. **विधयेक पारित-** प्रदेश सभा सचिवालयले प्रदेश सभाको सञ्चालन तथा व्यवस्थापन कार्यसूची बमोजिम गर्ने व्यवस्था छ । कार्यसूची अनुसार पहिलो र दोस्रो अधिवेशनबाट ४७ विधयेक पारित गरेको छ ।

२. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्ने व्यवस्था छ । सचिवालयले यो वर्ष ११ आपूर्तिकर्तासँग पटक पटक गरी रु.२२ लाख ३० हजार फर्निचर सोझै खरिद गरेको छ । खरिद ऐनमा भएको व्यवस्था अवलम्बन गरी खरिदलाई प्रतिस्पर्धी बनाउनु पर्दछ ।

- **बेरुजु स्थिति-** सचिवालयको लेखापरीक्षणबाट यो वर्ष रु.२ लाख १३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ लाख २४ हजार फस्यौंट भई रु.८९ हजार फस्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृती तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत २ कार्यालयको विनियोजन रु.६ करोड ७७ लाख ३९ हजार, राजस्व रु.१ लाख ८० हजार, धरौटी रु.४ लाख ३४ हजार, कार्य सञ्चालन कोष रु.६ करोड १ लाख ७४ हजार र अन्य संस्थातर्फको विनियोजन रु.१ करोड १ लाख १८ हजार समेत रु.१३ करोड ८६ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्यक्रम कार्यान्वयन** - कार्यालयले चालु बजेट शीर्षकबाट निजामती कर्मचारीका सन्ततिको लागि आवासीय विद्यालय भवन निर्माण गर्न रु.१ करोड खर्च गरेको छ । नियमन, अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने जिम्मेवारी भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विषयगत मन्त्रालयबाट सम्पादन हुने कार्यक्रम आफैंले सञ्चालन गरेको उचित देखिएन ।

२. **प्रदेश सम्पर्क कार्यालयः** प्रदेश सरकारको गठन प्रदेश स्तरमा शासन व्यवस्थाको सञ्चालन र सेवा प्रवाहको लागि गरिएको र प्रदेश सरकारले सङ्घीय सरकार वा सङ्घीय निकायसँग सम्पर्क र समन्वय कायम गर्न प्रदेश प्रमुखको व्यवस्था छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले कार्यक्षेत्र बाहिर काठमाडौँमा सम्पर्क कार्यालय स्थापना गरी कार्यालयको बजेटबाट टेलिभिजन, कम्प्युटर, फर्निचर खरिद र कार्यालय मर्मत तथा रंगरोगनमा रु.६ लाख ८५ हजार खर्च गरेको छ । कानूनी व्यवस्था र नीतिगत निर्णय बेगर काठमाडौंमा समेत कार्यालय स्थापना गरी खर्च गर्नु औचित्यपूर्ण देखिएन ।

३. **दिगो विकास लक्ष्यको कार्यान्वयनः** दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनको लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याउनु पर्दछ । सुदूरपश्चिम प्रदेश सरकारबाट दिगो विकास लक्ष्यको कार्यान्वयनको सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

३.१. राष्ट्रिय योजना आयोगको मार्गदर्शन अनुसार प्रदेश स्तरमा लक्ष्य कार्यन्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । आवश्यक संस्थागत व्यवस्था गरी प्रादेशिक नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकिकरण हुनु पर्दछ ।

३.२. प्रदेश सरकारले मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकास लक्ष्यको सांकेतिकरणमा आधारित बजेट तर्जुमा गरेकोमा लक्ष्य नं. १६ शान्ति, न्यायपूर्ण समाज तथा सुशासन प्रवर्द्धन र लक्ष्य नं. १७ दिगो विकासको लागि साझेदारीमा बजेट विनियोजन गरेको छैन । सुशासन प्रवर्द्धन र सरकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी निर्माणमा प्रदेशको भूमिका स्पष्ट हुनुपर्दछ ।

३.३. प्रादेशिक लक्ष्य गन्तव्य र सूचक प्रभावकारी कार्यान्वयनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्यनमा नल्याएकोले अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वःचालित, व्यवस्थित र नियमित बनाउनु पर्दछ ।

- **बेरुजु स्थितिः** कार्यालयको लेखापरीक्षणबाट यो वर्ष रु.३० लाख ९० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२९ लाख १० हजार फर्स्यौंट भई रु.१ लाख ८० हजार फर्स्यौंट गर्न बाँकी रहेको छ यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र सँगको साझेदारी एवम् समन्वय र सहकार्य सम्बन्धी नीति, योजना, मापदण्ड बनाउने र सोको कार्यान्वयन गरी प्रदेशको आर्थिक क्षेत्रको विकास र प्रभावकारी वित्त व्यवस्थापन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ९ कार्यालयको विनियोजन रु.२ अर्ब ७५ करोड ३५ लाख २६ हजार, राजस्व रु.६ अर्ब ३ करोड १२ लाख ६६ हजार, धरौटी रु.१६ लाख ४५ हजार, र कार्यसञ्चालन कोषतर्फको रु.६४ लाख ६९ हजार समेत गरी रु.८ अर्ब ७८ करोड ८९ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारीः** सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा विभिन्न २४ विषयका नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमनको जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकिएको छ । मन्त्रालयले तर्जुमा गर्नुपर्ने ऐन, नियम, नीतिहरू मध्ये प्रदेश राजस्व नीति, वित्त सन्तुलन सम्बन्धी नीति लगायतका ९ विषयक्षेत्रका प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा गरेको देखिएन । उक्त नियमावलीमा तोकिएको विषयहरूको कानुन र मापदण्ड तर्जुमा गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।

२. **बजेट कार्यान्वयन** — प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्य नजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छ :

(रु. हजारमा)

आर्थिकवर्ष	आय व्यय अनुमान	वास्तविक आय	वास्तविक खर्च	फिर्ता तथा समायोजन	बचत
२०७६।७७	२८१६२०३५	२५६८९४७४	१७६११९८८	५०१४१४	७५७६०७२
२०७५।७६	२५०६५६१४	२२११६४३१	१४१६३३९१	१८४७२८८	६१०५७५२
२०७४।७५	१०२०५००	१०२०५००	२५९८१७	०	७६०६८३

बजेट अनुमानको तुलनामा २०७४/७५ मा २५.५ प्रतिशत, २०७५/७६ मा ५६.५० प्रतिशत र २०७६/७७ मा ६२.५२ प्रतिशत मात्र खर्च भई तीन वर्षमा औसत ५९ प्रतिशत मात्र खर्च भएको छ । बजेट अनुमान कै हाराहरीमा आय प्राप्त भएको तर खर्च न्यून भएको कारण बचत रकम हरेक वर्ष वृद्धि हुँदै गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन। खर्च दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।

३. **एकीकृत वित्तीय विववरण :** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र नियमावली, २०७६ बमोजिम प्रदेश सञ्चित कोष एवम् अन्य सरकारी कोषहरूको एकिकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकिकृत वित्तीय प्रतिवेदनमा प्रदेश सञ्चित कोषको रु.२५ अर्ब ६८ करोड ९४ लाख ७४ हजारको आय व्यय विवरण पेश भएको छ ।

४. **संघीय अनुदान** - अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र फिर्ताको स्थिति तथा देखिएका व्यहोरा देहायअनुसार छः

(रु. हजारमा)

खर्च शीर्षक	बजेट	निकासा	खर्च	फिर्ता गर्नुपर्ने
समानीकरण अनुदान	७९५२४००	७९५२४००	४४२६७२०	०
सशर्त अनुदान	४५५०६००	४४१२४५१	४१६३९४३	२४८५०८
समपुरक अनुदान	१००००००	५६६१००	४६९६६२	९६४३८
विशेष अनुदान	१००००००	३५००००	१९३५३२	१५६४६८
जम्मा	**१४५०३०००**	**१३२८०९५१**	**९२५३८५७**	**५०१४१४**

यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छः

४.१. वित्तीय समानीकरण लगायतको अनुदान बजेट रू. १४ अर्ब ५० करोड ३० लाखमध्ये रू. १३ अर्ब २८ करोड ९ लाख ५१ हजार अर्थात् ९१.५७ प्रतिशत निकासा प्राप्त भएको छ । अनुदान मध्ये समानीकरण अनुदान बजेट अनुसार नै निकासा भएकोमा सशर्त अनुदान बजेटको ९७ प्रतिशत, समपूरक अनुदान बजेटको ५६.६१ प्रतिशत र विशेष अनुदान बजेटको ३५ प्रतिशत प्राप्त भएको छ ।

४.२. अनुदान निकासा रु.१३ अर्ब २८ करोड ९ लाख ५१ हजार मध्ये रु. ९ अर्ब २५ करोड ३८ लाख ५७ हजार अर्थात् ६९.६७ प्रतिशत खर्च भएको छ । समानीकरण अनुदान रु.७ अर्ब ९५ करोड २४ लाख मध्ये रु.४ अर्ब ४२ करोड ६७ लाख २० हजार खर्च भई रू.३ अर्ब ५२ करोड ५६ लाख ८० हजार बचत रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रू. ५० करोड १४ लाख १४ हजार फिर्ता हुन बाँकी देखाएको छ ।

प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता गर्नु पर्ने अवस्था देखिएकोले प्रदेश सरकारको कार्यसम्पादन स्तरमा सुधार गरी खर्चको दक्षता वृद्धि गर्नुपर्दछ

५. **स्थानीय तहलाई वित्तीय हस्तान्तरण** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १०८ मा प्रदेशस्थित कार्यालयको बर्षान्तमा खर्च नभई बाँकी रहेको विनियोजन रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यो बर्ष प्रदेश मातहतका ८८ स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान रु.१ अर्ब ६७ करोड ९५ लाख ४४ हजार निकासा भएकोमा पुरै रकम खर्च देखाएको छ । निकासा भएको अनुदान रकम मध्ये सम्बन्धित स्थानीय तहले खर्च नगरी बाँकी रकम फिर्ता भएको तथा फिर्ता हुन बाँकीको सम्बन्धमा लेखा अद्यावधिक गरेको छैन ।

६. **प्रदेश विभाज्य कोषः** प्रदेश विभाज्य कोषमा वन क्षेत्रको रोयल्टी र सवारी साधन कर समेत रु.५७ करोड ४३ लाख ८ हजार प्राप्त भएको छ । जसमध्ये सङ्घीय सरकारबाट बाँडफाँट हुने राजस्वको रूपमा रहेको वन क्षेत्रको रोयल्टी वापत प्राप्त रु.१४ करोड ४२ लाख ३५ हजार मध्ये प्रदेश सरकारलाई प्राप्त हुन बाँकी रु.४ करोड ५० लाख ९८ हजार रहेको छ । प्रदेश सरकारबाट बाँडफाँट हुने राजस्वको रूपमा रहेको सवारी साधन कर वापत संकलित रु.४३ करोड ७३ हजार मध्ये २०७७ आषाढसम्म रु.३९ करोड ४५ लाख ६२ हजारको बाँडफाँट भै ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत स्थानीय विभाज्य कोषमा ट्रान्सफर भएको छ । आषाढ मसान्त पछि विभाज्य कोषमा प्राप्त भएको रु.३ करोड ५५ लाख ११ हजार बाँडफाँट हुन बाँकी रहेको छ ।

७. **बजेट वक्तव्यको कार्यान्वयनः** सुदूरपश्चिम प्रदेशको २०७६।७७ को बजेट वक्तव्यमा प्रदेशको राजस्व क्षेत्र फराकिलो बनाउने, करप्रणालीलाई लगानीमैत्री बनाउने, आवधिक योजना निर्माण, युवा स्वरोजगार कार्यक्रम सञ्चालन, प्राथमिकता प्राप्त आयोजनालाई स्रोत सुनिश्चितता प्रदान र परियोजना बैंक निर्माण गरी प्राथमिकता प्राप्त आयोजनाहरूलाई कार्यान्वयन गर्ने उल्लेख गरेकोमा यी कार्यक्रम कार्यान्वयनमा आएका छैनन् । बजेटको कार्यान्वयन पक्षमा जोड दिदै बजेट प्रणालीमा सुधार ल्याउनु पर्दछ ।

८. **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेको छ । कानूनी प्रक्रिया पूरा गरेर आयोजनास्वीकृत तथा सञ्चालन गर्नुपर्दछ ।

९. **मध्यमकालिन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २२ मा बजेट प्रस्ताव गर्दा मध्यमकालिन खर्च संरचनालाई आधार लिनुपर्ने व्यवस्था छ । सो अनुसार मन्त्रालयले आर्थिक वर्ष २०७६।७७ देखि लागू हुने गरी तयार गरेको मध्यमकालिन खर्च संरचनामा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनलाई मूल लक्ष्य कायम गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक तथा विषयक्षेत्रगत लक्ष्य, गन्तव्य र सूचकहरू तोकिएका छन । शहरी विकास तथा भवन निर्माण कार्यालय डोटीका ५ योजनामा रु.१ करोड ६४ लाख ४३ हजार र पशु सेवा विज्ञ केन्द्र बाजुराको १ योजनामा रु.५७ लाख ४० हजार खर्च भई सम्पन्न नभएका योजनामा चालु आर्थिक वर्ष २०७७।७८ मा बजेट विनियोजन नभै अधुरै रहेका लगायतका उदाहरणले विनियोजन कुशलता कायम भएको अवस्था देखिँदैन । उक्त खर्च संरचनामा उल्लिखित लक्ष्य, गन्तव्य र सूचकहरूको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने संयन्त्रको व्यवस्था नगरेकाले मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा आएको देखिएन । मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन हुनु पर्दछ ।

१०. **बर्षान्तमा रकमान्तरः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(२) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोश्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शिर्षकमा रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । कूल बजेट रु.२८ अर्ब १५ करोड ६५ लाख ७१ हजारमध्ये प्रदेश पूर्वाधार, स्थानीय तह समपूरक तथा विशेष अनुदान तर्फको रु.१ अर्ब र अर्थ विविध तर्फको रु.२ अर्ब ५८ करोड ४३ लाख १८ हजार समेत रु.३ अर्ब ५८ करोड ४३ लाख १८ हजार (विनियोजित बजेटको १२.७१ प्रतिशत) बर्षान्तमा विभिन्न शीर्षकमा रकमान्तर गरेको छ । दोस्रो चौमासिक सम्म खर्च हुन नसकेको बजेट समर्पण गर्ने तथा समयमै रकमान्तर गर्नु पर्नेमा कार्यान्वयन सुनिश्चितता बेगरको कार्यक्रममा बर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११. **राजस्व अभिलेखः** प्रदेश आर्थिक ऐन, २०७६ बमोजिम राजस्व असुलीको लक्ष्य रु.८ अर्ब ८१ करोड ४० लाख १७ हजार तोकिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सञ्चित कोष हिसावमा आय तर्फ राजस्व रु.६ अर्ब ३० करोड २७ लाख ७१ हजार (७१.५ प्रतिशत) असुली देखाएको छ । असुली भएको राजस्व मध्ये रु.४३ करोड ३८ लाख ६७ हजार राजस्व व्यवस्थापन

प्रणाली (आर.एम.आई.एस.) मा प्रविष्टी नभएकोले राजस्व आयको हिसाब अद्यावधिक भएको देखिएन । राजस्व अनुमान र खुद असुलीबिचको अन्तर कम गर्न प्रदेश स्तरीय राजस्व नीति तथा प्रशासनलाई प्रभावकारी बनाउनु पर्दछ ।

१२. **ढुंगा, गिटी, वालुवाको करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४च को खण्ड ३ र ४ मा ढुंगा गिटी वालुवामा संकलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गरी प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था भएकोमा उक्त दफा सङ्घीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर ढुंगा गिटी वालुवा विक्रिबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरूप प्रदेश कानुन संशोधन गर्नुपर्नेमा नगरेको कारणले सो करबाट संकलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२क विपरीत हुने गरी सङ्घीय मन्त्रिपरिषदले ढुंगा गिटी वालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरी उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार नै कायम गरेको देखिएबाट थप अस्पष्टता सृजना गरेको देखियो । यो वर्ष प्रदेशका ८८ स्थानीय तहहरू मध्ये कैलालीका स्थानीय तहहरूले असुल गरेको रकमको ४० प्रतिशतले हुने रु.२ करोड २८ लाख ६७ हजार प्रदेशलाई पठाएको छ भने अन्य स्थानीय तहहरूले पुरै रकम आफ्नै सञ्चित कोषमा राखेको देखियो । स्पष्ट कानूनी व्यवस्था गरी प्राकृतिक स्रोतको उपयोग गर्नुपर्दछ ।

१३. **अनुगमनः** गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा अवण्डा बजेट, वर्षान्तमा रकमान्तर, मध्यमकालिन खर्च संरचनाको कार्यान्वयन नभएको लगायतको व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको देखिएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश

प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा सोको एकीकृत बार्षिक वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने काम प्रदेश लेखा नियन्त्रक कार्यालयको हो । प्रदेश सरकारको बजेट कार्यान्वयन तथा प्रदेश अन्तर्गतका निकायहरूको आर्थिक प्रशासन सञ्चालनमा सहजीकरण तथा निर्देशन दिने, आन्तरिक लेखापरीक्षण गर्ने गराउने समेतका कार्यहरू प्रदेश लेखा नियन्त्रक र सो मातहतका लेखा ईकाइहरूले सम्पादन गर्दछन् ।

१४. **प्रदेश सञ्चितकोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको सञ्चित कोषको एकीकृत लेखा तयार गर्नुपर्ने उल्लेख छ । ऐनको व्यवस्था अनुसार यस प्रदेश लेखा नियन्त्रक कार्यालयले सुदूरपश्चिम प्रदेशको सञ्चित कोषको वार्षिक आर्थिक विवरण तयार गरी निम्नानुसार पेश गरेको छ।

(रु.हजारमा)

(क) प्राप्ति	रकम	रकम
१. गत वर्षको मौज्दात जिम्मेवारी	०	६१००७५२
२. राजस्व	०	६१९५८९४
२.१ कर राजस्व	५९१८८५३	०
२.२ अन्य राजस्व	२७७०४१	०

२.३ सङ्घीय सरकार तर्फको राजस्व बाँडफाँट भई प्राप्त हुने रोयल्टी रकम प्रदेश सञ्चित कोषमा दाखिला हुन बाँकी	-४५०९८	-४५०९८
२.४ गत वर्षको नगद मौज्दात तथा बेरुजु	१०६८७७	१०६८७७
३. सङ्घीय अनुदान		१३२८०९५१
३.१ समानीकरण अनुदान	७९५२४००	०
३.२ समपूरक अनुदान	५६६१००	०
३.३ सशर्त अनुदान	४४१२४५१	०
३.४ विशेष अनुदान	३५००००	०
४. वित्तीय व्यवस्था	०	०
४.१ सोधभर्ना हुने गरी भएको खर्च	०	०
४.२ ऋण लगानी फिर्ता	०	०
४.३ शेयर बिक्री	०	०
४.४ वैदेशिक ऋण प्राप्ति	०	०
५. अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	-५०१४१४	-५०१४१४
६. चालु आर्थिक वर्षको सञ्चितकोषको खुद मौज्दात	-७५३५७०५	-७५३५७०५
७. प्रदेश आकस्मिक कोष खाताको अल्या	५०००	५०००
जम्मा प्राप्ति	१७६०७२५७	१७६०७२५७
(ख) भुक्तानी	०	०
१. चालु वर्षको भुक्तानी	०	०
१.१ सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	०	०
१.२ विनियोजन ऐनद्वारा भएको खर्च (चालु)	८३२३६४१	८३२३६४१
१.३ विनियोजन ऐनद्वारा भएको खर्च (पूँजिगत)	९२८८३४८	९२८८३४८
१.४ बैंक समायोजन	-४७३२	-४७३२
२. वित्तीय व्यवस्था भुक्तानी	०	०
२.१ आन्तरिक ऋणको साँवा भुक्तानी	०	०
२.२ बाह्य ऋणको साँवा भुक्तानी	०	०
२.३ ऋण लगानी तथा शेयर लगानी	०	०
जम्मा भुक्तानी	१७६०७२५७	१७६०७२५७

प्रदेश सञ्चित कोषको सञ्चालनको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् :

१४.१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ११२ मा प्रदेश सञ्चित कोषको हिसाव राख्ने तथा राख्र लगाउने काम प्रदेश लेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ ।सुदूरपश्चिम प्रदेश सरकारको यो आ.व.को सञ्चित कोष हिसावको आयतर्फ गतबर्षको बचत समेत रु.२५ अर्ब ६८ करोड ९४ लाख ७४ हजार मध्ये खर्च रु.१७ अर्ब ६० करोड ७२ लाख ५७ हजार, सङ्घीय सञ्चित कोषमा फिर्ता भएको रु.५० करोड १४ लाख १४ हजार र सङ्घीय सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुन बाँकी रु.४ करोड ५० लाख ९८ हजार घटाउदा कोषको मौज्दात रु.७ अर्ब ५३ करोड ५७ लाख ५ हजार रहेकोमा बैंक अनुसारको मौज्दात रु.२५ अर्ब ६० करोड २७ लाख ७ हजार देखिन्छ। फरक पर्न गएको मौज्दात रु.१८ अर्ब ६ करोड ७० लाख २ हजार सम्बन्धमा सोधभर्ना गर्न बाँकी रकम, खर्च हुन नसकेको अनुदान रकम सङ्घीय सरकारलाई फिर्ता हुन बाँकी रकम

तथा सङ्घीय सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुन बाँकी रकम लगायतको विवरण भएको प्रतिवेदन उल्लेख छ । प्राप्त हुनुपर्ने र फिर्ता गर्नुपर्ने लगायतको हिसाव समयमै अद्यावधिक गर्नुपर्दछ ।

१४.२. महालेखा नियन्त्रक कार्यालयको २०७६।४।१ को निर्णयमा आर्थिक वर्ष २०७६।७७ को शुरु देखि नै तीनै तहका सरकारी निकायहरूको आर्थिक कारोवारको लेखाङ्कनमा नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित महालेखापरीक्षकबाट स्वीकृत फारमहरूको प्रयोग गरिने उल्लेख छ । महालेखापरीक्षकबाट स्वीकृत मूल प्रतिवेदन फारमहरूमा सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७१), बजेट तुलनात्मक विवरण (म.ले.प.फा.नं. २७१) र लेखा नीति तथा टिप्पणीहरू रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक आर्थिक विवरण तयार गरे तापनि म.ले.प.फा.नं. २७१ को ढाँचामा तयार गरेको देखिएन। साथै बजेट तुलनात्मक विवरण र लेखा नीति तथा टिप्पणीहरू प्रतिवेदनमा समावेश छैन । ऐनले निर्दिष्ट गरेको लेखाको ढाँचा तथा आधार अनुसार लेखाङ्कन हुनुपर्दछ।

१४.३. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२(४) मा प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखाङ्कन एवम् प्रतिवदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने र सोही आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकिकृत वित्तीय विवरण तयार गर्नु पर्ने व्यवस्था छ ।यो वर्ष प्रदेश अन्तर्गतको स्थिर सम्पत्तिको मूल्याङ्कन सहितको सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन गरेको छैन । तोकिएका म.ले.प. फारमहरूको प्रयोग गरी सम्पत्ति र दायित्वको एकिकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

१४.४. प्रदेश सरकारको मन्त्रालयगत राजस्व आम्दानीको विवरण अनुसार रु.६ अर्ब ८७ करोड ७० लाख ७९ हजार राजस्व आम्दानी भएको देखिएकोमा प्रदेश सञ्चित कोषमा रु.६ अर्ब ३० करोड २७ लाख ७१ हजार आम्दानी देखिएको छ। प्रदेश विभाज्य कोषमा रु.५७ करोड ४३ लाख ८ हजार आम्दानी बाँधिएको छ। यस सम्बन्धी विवरण **अनुसूची -९** मा रहेको छ ।

१४.५. प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ११ मा प्रत्येक कार्यालयले स्वीकृत राजस्व वर्गिकरणको व्याख्या अनुसार लगती तथा हसवली राजस्वको लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सञ्चित कोषको एकिकृत आर्थिक विवरण अनुसार कर तथा गैर कर राजस्व रु.६ अर्ब १९ करोड ५८ लाख ९४ हजार प्राप्त भएकोमध्ये रु.४ करोड ५० लाख ९८ हजार सङ्घीय सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुन बाँकी रोयल्टी रकम उल्लेख गरेको छ । लगती तथा हसवली राजस्व यकिन गरी सोही अनुसार लेखा अद्यावधिक गर्नु पर्दछ ।

१५. सञ्चित कोषको खर्चः यो वर्ष विनियोजन ऐन अनुसार सञ्चित कोषमाथि व्ययभार हुने रकम रु.३० लाख २४ हजार र सञ्चित कोषबाट व्यय हुने रु.२८ अर्ब १५ करोड ६५ लाख ७१ हजार अनुमान गरिएको भएता पनि मध्यमकालिन खर्च संरचना, बजेट बक्तव्य तथा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको वार्षिक प्रतिवेदन अनुसार वार्षिक कूल विनियोजन रकम रु.२८ अर्ब १६ करोड २० लाख ३५ हजार भएकोले सञ्चितकोष माथि व्ययभार हुने रकम रु.५४ लाख ६४ हजार अनुमान गरिएको उल्लेख छ । सञ्चित कोषमाथि व्ययभार हुने रकमको यथार्थ खर्चको विवरण तयार गरेको छैन ।

१६. सञ्चित कोषमा आयः सञ्चित कोषको एकिकृत वित्तीय विवरण अनुसार आयतर्फ राजस्व रु.६ अर्ब ३० करोड २७ लाख ७१ हजार र सङ्घीय सरकारबाट रु.१३ अर्ब २८ करोड ९ लाख ५१ हजार हस्तान्तरित अनुदान (समानिकरण, सशर्त, समपुरक र विशेष) प्राप्त भएको देखिन्छ । सङ्घीय सरकारबाट राजस्व बाँडफाँट भै प्राप्त हुने रोयल्टी रकम रु.४ करोड ५० लाख ९८ हजार प्रदेश सञ्चित कोषमा आउन बाँकी छ ।

१७. **सञ्चित कोषबाट व्ययः** व्ययतर्फ रु.८ अर्ब ३२ करोड ३६ लाख ४१ हजार चालु खर्च रहेकोमा पारिश्रमिक तथा सुविधामा रु.१ अर्ब ४१ करोड ९९ लाख ४ हजार, अनुदानतर्फ रु.३ अर्ब १३ करोड ३ हजार तथा सामाजिक सुरक्षामा रु.२४ करोड ४१ लाख ५७ हजार खर्च भएको छ भने पुँजिगतमा रु.९ अर्ब २८ करोड ८३ लाख ४८ हजार खर्च भएको छ । यस वर्ष प्रदेश सञ्चित कोषमा वचत भएको रकम रु.७ अर्ब ५८ करोड ८ लाख ३ हजार रहेको छ ।

१८. **धरौटीः** एकिकृत वित्तीय विवरण अनुसार रु.१ अर्ब २३ करोड ५ लाख ५४ हजार धरौटी गत वर्षको जिम्मेवारी रहेको, यो वर्ष रु.५० करोड १४ लाख ६२ हजार आम्दानी भएकोमा धरौटी फिर्ता तथा सदरस्याहा गरी रु.२४ करोड ३२ लाख २ हजार खर्च भई रु.१ अर्ब ४८ करोड ८८ लाख १४ हजार मौज्दात रहेको छ ।

१९. **कार्य सञ्चालन कोषः** प्रदेश अन्तर्गत ९ जिल्लाका ९१ कार्यालयमा कार्यसञ्चालन कोष सञ्चालनमा रहेको छ । गत वर्षको जिम्मेवारी समेत यो वर्ष रु.९६ करोड १९ लाख २२ हजार कोषमा आम्दानी भएकोमा रु.६६ करोड १९ लाख २५ हजार खर्च भई रु.२९ करोड ९९ लाख ९६ हजार मौज्दात रहेकोमा बैंकमा रु.३० करोड ५ लाख ४७ हजार रहेको देखिएबाट बैंकमा रु.५ लाख ५० हजार बढी जम्मा भएको छ । फरक परेको रकम हिसाब मिलान गर्नुपर्दछ ।

२०. **कोभिड १९ कोषको हिसावः** आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कोषमा प्रदेश सरकारबाट रू ४० करोड र विभिन्न पदाधिकारी कर्मचारी उद्योगी व्यापारी तथा व्यक्तिहरुबाट रू ३ करोड ७७ लाख ६० हजार समेत कूल रू ४३ करोड ७७ लाख ६० हजार आम्दानी भएकोमा विभिन्न संघीय निकायहरु मार्फत रू.१ करोड ४० लाख, प्रदेश कार्यालयहरु मार्फत रू २० करोड ४० हजार र स्थानीय तहहरु मार्फत रू २१ करोड ३० लाख ४४ हजार समेत कूल रू ४२ करोड ७० लाख ८४ हजार खर्च भई रू १ करोड ६ लाख ७५ हजार मौज्दात बाँकि रहेको देखियो । उल्लिखित रकम प्रदेश संचित कोषमा लेखाङ्कन भएको देखिदैन । प्रदेश संचित कोषले आर्थिक कारोवारको यथार्थ चित्रण गर्नु पर्दछ ।

२१. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाधेको छैन ।

२२. **खाताबन्दी पछि निकासा :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४ मा प्रत्येक वर्षको असार २५ गते भित्र प्रदेश अन्तर्गतका कर्यालयहरूले खाताबन्दी गर्नु पर्ने व्यवस्था छ । खाताबन्दी गरे नगरेको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयबाट अनुगमन गर्नुपर्दछ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आषाढ २५ गते पश्चात्त पूँजीगततर्फ रु.३ अर्ब ६ करोड १२ लाख ३२ हजार बजेट निकासा भएको छ । जुन यो आर्थिक वर्षमा विनियोजित पुँजिगत खर्चको २३.४२ प्रतिशत हुन्छ । नियमानुसार आर्थिक कारोवार हुनुपर्दछ ।

२३. **आन्तरिक लेखापरीक्षण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परीक्षण गराई राख्नुपर्ने व्यवस्था । यो वर्ष

प्रदेश अन्तर्गतका ९ जिल्ला स्थित १४९ कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट अनियमित रु.८ करोड ४५ लाख ५९ हजार, असुल गर्ने रु.२६ लाख ६० हजार, पेस्की बाँकी रु.१ अर्ब २१ करोड ८२ लाख ६१ हजारसमेत रु.१ अर्ब ३० करोड ५४ लाख ८० हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदा सम्म नियमानुसार फर्स्यौट तथा सम्परीक्षण भएको देखिएन। कानुनमा भएको व्यवस्था अनुसार प्रदेश अन्तर्गतका सबै कार्यालयहरूले आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजुहरू समयमै फर्स्यौट गर्नुपर्दछ ।

२४. **आर्थिक तथा वित्तीय सुशासन** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेशभित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेखछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको पाइएन । प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौति रहेका छन् । बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्युटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।

२५. **अनुगमन** : गत वर्षको प्रतिवेदनमा स्थानीय तहमा हस्तान्तरित अनुदान रकम मध्ये खर्च नभइ बाँकी रहेको रकमको लेखा राख्नु पर्ने, वर्षान्तमा खाता बन्द गर्नुपर्ने लगायतका व्यहोरा औल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिएकोले प्रतिवेदनमा उल्लिखित व्यहोराको कार्यान्वयन हुनुपर्दछ ।

- **बेरुजु स्थिति** : यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सह प्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायतका कार्य रहेको छन् ।

यो वर्ष मन्त्रालयको विनियोजन रु.१० करोड ८४ लाख २९ हजार, राजस्व रु.१ करोड ८६ लाख ६४ हजार र धरौटी रु.४० लाख ४९ हजार र कार्य सञ्चालन कोष रु.३ करोड ५ लाख समेत रु.१६ करोड १६ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्

१. **कार्य जिम्मेवारी**– प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम मन्त्रालयले गर्नुपर्ने ४३ वटा कार्यहरू मध्ये हालसम्म प्रदेश प्रहरी सञ्चालन, प्रदेश भित्रका सडक सुरक्षा मापदण्ड तर्जुमा तथा कार्यान्वयन, प्रदेश भित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन, अन्तरप्रदेश सम्बन्ध सुदृढीकरण, सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ती प्राप्ती सम्बन्धी प्रादेशिक नीति कानुन तर्जुमा, पारिवारिक मामिला सम्बन्धी नीति कानुन मापदण्ड तर्जुमा, विपद जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति कानुन मापदण्ड योजना तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरिय विद्युतीय संचार माध्यम सञ्चालन सम्बन्धी नीति कानुन र मापदण्ड तर्जुमा, अनुमती इजाजत र नविकरण, प्रदेशस्तरमा ब्रोडव्याण्ड पूर्वधारको विकास व्यवस्था, केबुल वितरणको इजाजत नविकरण, सूचनाको हक सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा सम्बन्धी कार्यहरू गरेको छैन ।

२. **कानुन निर्माण-** प्रदेश सरकार (कार्यविभाजन) नियमावली बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन तर्जुमा, राय परामर्श, कानुन निर्माणमा अन्तर निकाय समन्वय गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र रहेका छन् । मन्त्रालयले हालसम्म राय, परामर्श र सहमति प्रदान गरेका ४४ कानुन मध्ये ४२ कानुन पारित भएका छन् । २३ कार्यविधि, ९ निर्देशिका र ७ गठन आदेश तथा मार्गदर्शनमा सैद्धान्तिक सहमति एवम् राय परामर्श प्रदान गरेको छ ।

३. **बजेट कार्यान्वयन** – बजेट वक्तव्यको बुँदा नं. ८२ देखि ८७ सम्म उल्लेख भएका कार्यक्रममध्ये विपद पूर्व सम्भावित जोखिम नक्साङ्कन, विपद सामाग्रीको भण्डारण गर्न जिल्लागत रूपमा गोदाम निर्माण, शहरी क्षेत्रको सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन स्थानीय तहसँगको समन्वयमा उच्च जनघनत्व, रणनीति र महत्त्वका स्थानमा सि.सि. क्यामरा जडान, प्रदेश प्रहरीको भौतिक पूर्वाधारको व्यवस्था र सोको व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । बजेटमा समावेश कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।

४. **सिन्डीकेट नियन्त्रण** – प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयको रहेको छ । प्रदेश भित्रका सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिण्डिकेट एवम् कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन नियम, कार्यविधि एवम् मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ र सिन्डिकेट नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन ।

५. **गैर सरकारी संघ संस्था**–प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने यस मन्त्रालयले प्रदेश भित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन/नविकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरी सकेको छैन । सङ्घीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अर्न्तगत हस्तान्तरण भई आएता पनि संघमा दर्ता, सञ्चालन, नविकरण भएका यस्ता गैर सरकारी संस्थाको अभिलेख प्रदेशमा प्राप्त हुन नसकेकोले मन्त्रालयमा गैर सरकारी संघ संस्थाको अभिलेख अद्यावधिक र समन्वय हुन नसकेको अवस्था छ । प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता, नविकरणका लागि ऐन नियमावली तर्जुमा गरी सो अनुरूप अभिलेख अद्यावधिक गर्ने र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

६. **विद्युतीय संचार**– प्रदेश स्तरमा सञ्चालित विद्युतिय संचार माध्यमको सञ्चालन सम्बन्धी नीति कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र संचार माध्यम सञ्चालन गर्न अनुमती इजाजत दिन नविकरण गर्ने तथा नियमन गर्ने कार्य तोकेकोमा रेडियो, एफ एम र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७६ कार्यान्वयनमा आए तापनि नयाँ विद्युतिय संचार माध्यम दर्ता गर्ने कार्य प्रारम्भ भएको छैन।

- **बेरुजु स्थितिः** मन्त्रालयको लेखापरीक्षणबाट रु.९ करोड ६६ लाख ३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४९ लाख १३ हजार फर्छ्यौट भई रु.९ करोड १६ लाख ९० हजार फस्यौंट गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य, पर्यटन, वन तथा वातावरण सम्बन्धी कार्यका लागि आवश्यक नीति, कानुन, कार्यक्रम तथा योजनाहरू तयार गर्ने, उद्योग, वाणिज्य, पर्यटनको प्रवर्द्धन, विकास र नियमन, पर्यटन विकासको लागि योजना निर्माण, पूर्वाधार विकास, खानी तथा खनिज पदार्थको अन्वेषण, व्यवस्थापन तथा नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधि र वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २५ कार्यालयको विनियोजन रु.१ अर्ब ६ करोड ३४ लाख २७ हजार, राजस्व रु.१९ करोड २४ लाख ६१ हजार, धरौटी रु.७४ करोड ४९ लाख ७८ हजार, र कार्यसञ्चालन कोष रु.९ करोड ४५ लाख ८६ हजारसमेत रु.२ अर्ब ९ करोड ५४ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा मन्त्रालयलाई ६२ विषयमा नीति, मापदण्ड तथा योजना तर्जुमा गर्ने र सहजीकरण तथा समन्वय गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । सो मध्ये व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, प्रदेशस्तरमा वन व्यवस्थापन, जलवायू परिवर्तन अनुकूलन लगायतका विषयमा कानुन, नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन भएको देखिएन । तोकिए बमोजिमको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन :** प्रदेशको बजेट बक्तव्यको सि.नं. ६८ देखि ८१ सम्म उल्लेख भएका कार्यक्रममध्ये मन्त्रालयले कृषि प्रणाली र स्थानीय स्रोतसाधनलाई उद्योगसँग जोड्दै अर्थतन्त्रलाई आधुनिकीरण गर्न उद्योग क्षेत्रलाई विशेष जोड दिने, सूचना प्रविधिको उपयोग मार्फत उद्योग प्रशासनमा सुधार गर्ने, एक स्थानीय तह एक औद्योगिक उत्पादन कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गरिने, स्थानीय तहका लघु तथा साना उद्यमीलाई अनुदान दिने, रामारोशन पर्यटन विकास समिति गठन गरी कार्य प्रारम्भ गर्ने, खप्तड एकिकृत विकास कार्यक्रम सञ्चालन गर्ने, धार्मिक तथा पर्यटन विकास कार्यक्रम सञ्चालन गरिने, हाईटेक नर्सरी स्थापना गर्ने, सार्वजनिक निजी साझेदारीमा जडिबुटी विकास एवम् प्रशोधन कम्पनी स्थापना गर्ने, पर्यटकीय करीडोर निर्माण गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । बजेट बक्तव्य अनुसार कार्यक्रम छनौट नहुने भएकोले, बजेट र कार्यान्वयन बीच अन्तर देखिएको जवाफ प्राप्त भएको छ । बजेट वक्तव्य, कार्यक्रम र कार्यान्वयनबीच तालमेल हुनुपर्दछ ।

३. **अवण्डा :** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ७ दिनभित्र बाँडफाँट गरिसक्नुपर्ने व्यवस्था छ । सुदुरपश्चिम प्रदेश विनियोजन ऐन, २०७६ अनुसार यो वर्ष मन्त्रालयको लागि रु.२ अर्ब ३७ करोड ६ लाख २७ हजार विनियोजन भएकोमा रु.११ करोड ३९ लाख ८ हजार अर्थात ४.८ प्रतिशत खर्च गर्ने अख्तियारी नदिई अवण्डा राखेको छ । उक्त बजेट असार महिनामा विभिन्न ७ कार्यक्रममा विनियोजन गरी निकासा दिएको छ । वर्षान्तमा निकासा दिएको रकम विद्यमान कानूनी प्रक्रिया पुरा गरी आर्थिक वर्ष भित्रै खर्च गर्न संभव छैन । ऐनको प्रतिकूल हुने गरी अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

४. **अनुदानको हिसाव :** संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु.१९ करोड ८५ लाख १५ हजार मातहतका निकायहरूलाई निकासा दिएको छ । खर्च भएको र बाँकी रहेको लेखा अद्यावधिक गर्नुपर्नेमा सो गरेको नदेखिँदा अनुदान दिएको, खर्च गरेको र सञ्चित कोष दाखिला गर्नुपर्ने बाँकीको हिसाव अद्यावधिक गर्नु पर्दछ ।

डिभिजन वन कार्यालयहरू

५. **वन अतिक्रमणः** वन ऐन, २०७६ को दफा ४९ (क) वमोजिम वन क्षेत्रको जग्गा फाँड्ने, जोत्ने, खन्ने, आवाद गर्ने, घर छाप्रो बनाउने कार्य गरेमा तोकिए बमोजिम कसुर हुने व्यवस्था छ । त्यसै गरी वन अतिक्रमण नियन्त्रण नीति, २०६८ मा तोकिएको कार्यविधी अपनाई कार्यालयले अतिक्रमण हटाउनु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, डडेल्धुराबाट प्राप्त विवरण अनुसार कूल वन क्षेत्र १ लाख १५ हजार १६९ हेक्टर मध्ये ४०० हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखियो । वन क्षेत्रको अतिक्रमण हटाई संरक्षण गर्नुपर्दछ ।

६. **कार्ययोजना कार्यान्वयनः** डिभिजन वन कार्यालय, डडेल्धुराको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना बमोजिम यो वर्ष कार्यालयले १८ हजार ९३० क्यू.फिट काठ बिक्री गर्ने लक्ष्य राखेकोमा ७३ घन फिट (०.४ प्रतिशत), दाउरा १ हजार ३३६ चट्टा बिक्री गर्ने लक्ष्य रहेकोमा ३५७ चट्टा (२६.७२ प्रतिशत), जडिबुटि ५८६ मेट्रिक टन बिक्री गर्ने लक्ष्य रहेकोमा १३५ मेट्रिक टन (२३ प्रतिशत) र खोटो १५०० मेट्रिक टन. संकलन गर्ने लक्ष्य रहेकोमा, ७५६ मेट्रिक टन (५० प्रतिशत) बिक्री भएको छ । लक्ष्य भन्दा न्यून प्रगति भएको देखिएकोले कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७. **काठ व्यवस्थापनः** डिभिजन वन कार्यालयहरू कैलाली र कञ्चनपुरबाट प्राप्त विवरण अनुसार १९३ सामुदायिक वनको काठ कटान तथा व्यवस्थापनको अवस्था तपसिल अनुसार रहेको छ :

क्र.सं.	जिल्ला	सामुदायिक वन सङ्ख्या	कटान स्वीकृति परिमाण (घन फिट)	कटान परिमाण (घन फिट)	बढी/घटी	घाटगढ्धी भएको परिमाण (घन फिट)	वनमा रहेको परिमाण (घन फिट)	बिक्री परिमाण (घन फिट)	बाँकी परिमाण (घन फिट)
१	कैलाली	८३	५३५७१९	६१४७२८	७९०००	२५०२०६	३६४५२१	३७०२२	२१३१८४
२	कञ्चनपुर	११०	१०४५५८	२५७०७१	१५२५१३	७६१६०	१८०९१२	२५१५१	५१००९
जम्मा		**१९३**	**६४०२७७**	**८७१७९९**	**२३१५१३**	**३२६३६६**	**५४५४३३**	**६२१७३**	**२६४१९३**

१९३ सामुदायिक वनलाई ६ लाख ४० हजार २७७ घन फिट काठ कटान गर्न स्वीकृति दिएकोमा २ लाख ३१ हजार ५१३ घन फिट बढी काठ कटान गरेको देखियो । कटान भएको काठ मध्ये नेपाल सरकारले रोक्का राखेको कारण ५ लाख ४५ हजार ४३३ घन फिट काठ वनमै रहेको देखिन्छ । घाटगढ्धी भएको ३ लाख २६ हजार ३६६ घन फिटमध्ये ६२ हजार १७३ घन फिट बिक्री गरी २ लाख ६४ हजार १९३ घन फिट बिक्री गर्न बाँकी देखिन्छ । नेपाल सरकारसँग समन्वय गरी वनमा रहेको काठको व्यवस्थापन तथा बिक्री गर्नु पर्दछ । स्वीकृती दिएको भन्दा बढी कटान गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८. **अधुरो निर्माण कार्य** : प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईले २०७७।०३।२४ मा भम्क्केनीधाम कञ्चनपुरमा नेपाल आमाको मूर्ति निर्माणको लागि रु.८३ लाख ४२ हजारमा सम्झौता गरी रु.३५ लाख ९५ हजार भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको निर्माण व्यवसायीले म्याद थप माग नगरेको र यो वर्ष उक्त कार्यक्रमको लागि बजेट व्यवस्था समेत नभएको कारण म्याद थप नभई निर्माण कार्य अधुरो रहेको छ । सम्झौता अनुसार आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

९. **करिडोर निर्माण नगरेकोः** बजेट वक्तव्यमा उल्लेख गरेका कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्दछ । प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, धनगढीमार्फत कार्यान्वयन गर्ने गरी खक्रौला टीकापुर कणाली पर्यटन करिडोर, महाकाली नदी करिडोर आदी ५ करिडोर निर्माण गर्न रु.३ करोड बजेट विनियोजन गरेकोमा करिडोर निर्माणको कार्य गरेको देखिएन । बजेटमा उल्लिखित कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **औद्योगिक लगानीः** यस प्रदेशको २०७६/७७ को वजेट वक्तव्यमा औद्योगिक वातावरणको निर्माण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्ने व्यवस्था उल्लेख गरेकोमा सो काम गरेको छैन ।

- **बेरुजु स्थितिः** मन्त्रालय तथा मातहतका १५ निकायको लेखापरीक्षणबाट रु.९९ लाख ५१ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकाले बाँकी रहेको छ ।सो मध्ये रु.१ लाख १० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २२ कार्यालयको विनियोजन रु.१ अर्ब ९२ करोड ८४ लाख ८२ हजार, राजस्व रु.१ करोड ४२ लाख २७ हजार, धरौटी रु.२ करोड ७४ लाख ४५ हजार र कार्यसञ्चालन कोष रु.३ लाख ६२ हजारसमेत रु.१ अर्ब ९७ करोड ५ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार मन्त्रालयले आफ्ना कार्यजिम्मेवारी पुरा गर्न कृषि, पशु विकास तथा खाद्य पोषण, कृषि तथा पशुपन्छी बीमा, चरन तथा खर्क, कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादि र सुक्ष्म पोषणयुक्त वस्तुको उपयोग र व्यवस्थापन, भूमि व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरूवा, चरुवा, सरकारी जग्गा भाडामा दिने, जग्गा एकीकरण, गुठी तथा गुठीजग्गा व्यवस्थापनसँग सम्बन्धित नीति, ऐन, नियम कार्यविधि तथा मापदण्ड तर्जुमा गर्नुपर्नेमा गरेको छैन । तोकिएको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ।

२. **बजेट वक्तव्यको कार्यान्वयनः** प्रदेशको बजेट बक्तव्यमा कृषि क्षेत्रको आधुनिकिकरण, विशिष्टिकरण र व्यवसायिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गर्ने, एकल महिला तथा विपन्न महिला लक्षित आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, हाल सञ्चालनमा रहेका माटो परीक्षण, बाली संरक्षण र विउ विजन प्रयोगशालाहरूलाई एकिकरण गरी स्तरीय प्रयोगशाला निर्माण गर्ने, खेतीयोग्य जमिनको चक्ला बन्दी गरी व्यवसायीक एवम् ठूलो परिमाणको खेती तर्फ प्रोत्साहन गर्न मापदण्डमा आधारित अनुदान दिने, कोल्ड चेम्बर, कोल्ड स्टोरेज, राईपेनिङ च्याम्वर निर्माण तथा मेसिन उपकरण खरिदमा सहयोग गर्ने, पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई सवै जिल्लामा विस्तार गर्ने, कैलाली र कञ्चनपुरमा गौशाला निर्माण तथा सञ्चालन गर्ने, पशुपन्छी र मत्स्यपालनमा उच्च प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, डेरी उद्योग, मासु व्यवसाय, ह्याचरी फिड कम्पाउन्डिङ मेसिन, पशुपन्छी आहार तथा घाँसमा अनुदान दिने, मुक्त कमैया, हलिया लगायतका पिछडिएका तथा विपन्न वर्गको जिविकोपार्जनका लागि कृषि कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा कार्यक्रम कार्यान्वयन गरेको छैन ।

३. **बजेट अवण्डाः** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरिसक्नुपर्ने व्यवस्था छ । मन्त्रालयले २१ कार्यक्रममा रु.१० करोड ९२ लाख अवण्डा राखेको बजेट कार्यान्वन गर्न समय नै नभएको अवस्थामा आषाढ मसान्तमा निकासा दिएको छ । ऐनको प्रतिकूल अवण्डा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ ।

कृषि ज्ञान केन्द्र

४. **फलफुल प्रशोधनः** कृषि ज्ञान केन्द्र, डडेल्धुराले एक फलफुल प्रशोधन उद्योगसँग गरेको सम्झौता अनुसार कार्य सम्पन्न भएपछि अनुदान उपलब्ध गराउनु पर्नेमा कार्यसम्पन्न नहुँदै २०७७।३।३० मा रु.४६ लाख ७५ हजार अनुदान उपलब्ध गराई सो उद्योगको बैंक खाता रोक्का राखेको देखियो।

स्थलगत निरीक्षणमा सो फलफुल प्रशोधन केन्द्रले उत्पादन शुरु गरेको छैन । उत्पादन शुरु गरी उद्देश्य प्राप्ति नभएमा उक्त अनुदान फिर्ता गर्नुपर्दछ ।

५. **अनुदान वितरणः** मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम, प्रदेश स्तरीय कृषि व्यवसाय प्रर्वधन, यन्त्र औजार वितरण, सहकारी खेती , साना सिँचाइ लगायत कार्यक्रम सञ्चालनको लागि कृषि ज्ञान केन्द्र, डडेल्धुराले विभिन्न कृषक समुह, फर्म, ब्लक, पकेट क्षेत्रलाई ५० देखि शत प्रतिशतसम्म अनुदान बापत रु.११ करोड ५५ लाख २४ हजार उपलब्ध गराएको छ । कृषी ब्यबसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को बुँदा नं ११ अनुसार यसरी विभिन्न व्लक, पकेट क्षेत्रमा प्रथम किस्ता भुक्तानी गरे पश्चात दोस्रो किस्ता माग गर्दा सम्झौता अनुसार जुन जुन प्रयोजनका लागि अनुदान गएको हो सो अनुसारको सामाग्री खरिद लगायतका कार्यक्रम कार्यान्वयन गरी अनुदानको उपयोग गर्नुपर्दछ। कार्यालयबाट प्राविधिकले स्थलगत अनुगमन गरी अनुदानको सदुपयोग गरेको यकिन गरेर दिएको प्रतिवेदनका आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्नेमा वर्षान्तमा अधिकांश अनुदानग्राहीलाई एकै पटक सम्झौतामा उल्लेख गरेको अनुदान भुक्तानी भएको छ । अनुदानको अनुगमन तथा मूल्याङ्कन गरी उद्देश्यभन्दा फरक हुने गरी खर्च दावी गरेको रकम यकिन गरी असुल गर्नु पर्दछ ।

६. **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (ब्लक कार्यक्रम):** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत निम्न व्यहोरा देखिएका छन्

६.१. कृषिसँग सम्बन्धित सहकारी तथा संघ सस्थाहरूलाई कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को सि.नं. ९.४ अनुसार तरकारी, धान, मकै, गहुँ उत्पादन गर्ने व्यवसायिक कृषि उत्पादन केन्द्रलाई लागत अनुमानको ५० प्रतिशत अनुदान दिने व्यवस्था छ । कैलाली र कञ्चनपुर जिल्लामा सो कार्यक्रम सञ्चालन गर्दा कार्यविधि अनुसार ३ किस्तामा भुक्तानी गर्नुपर्ने, प्रथम किस्ता भुक्तानी गर्नुभन्दा अगाडी २० प्रतिशत कार्य गरेको हुनुपर्ने, अन्तिम किस्ता भुक्तानी गर्नुभन्दा अगाडी कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने व्यवस्था छ । ३४ वटा व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) लाई रु.५० लाख सम्मले हुने रु.१६ करोड ४७ लाख १५ हजारको लागत अनुमान तयार गरी सोको ५० प्रतिशत भित्र रहने गरी रु.७ करोड ७२ लाख १ हजार अनुदान संचालक समितिको खातामा जम्मा गरेको छ । तीन किस्तामा दिनुपर्ने अनुदान प्रकृया पुरा नगरी एकै किस्तामा निकासा दिएको छ।

त्यसैगरी कैलाली र कञ्चनपुर जिल्लामा तरकारी, धान, मकै, गहुँ उत्पादन पकेट कार्यक्रम कार्यान्वयन गर्न ११८ कृषक समूहलाई ५० प्रतिशत लागत साझेदारीमा प्रतिसमूह ५ लाखसम्म अनुदान उपलब्ध गराउने गरी रु.११ करोड ६१ लाख ३४ हजारको लागत अनुमान तयार गरी सो को ५० प्रतिशतभित्र रहने गरी रु.७ करोड ७२ लाख १ हजार अनुदान दिएको छ । उक्त रकमबाट विउ, किटनाशक औषधी, कृषि औजार आदि खरिद गरेको देखिएकोमा उपरोक्त कार्यविधि पुरा नगरी बिलको आधारमा एकमुष्ट भुक्तानी दिएको छ ।कार्यक्रम सञ्चालन गर्दा कार्यविधिको पालना गर्नुपर्दछ ।

६.२. **कृषि हाटबजार निर्माणः** कृषि बजार निर्माण तथा सञ्चालन कार्यविधि, २०७७ को नियम ३ मा कृषि बजार व्यवस्थापनका लागि कृषि उपज र पशुपन्छी खरीद बिक्रीका लागि सेड, सूचना कक्ष, कोल्ड चेम्बर, चिस्यान केन्द्र, डेरी संरचना, मासु पसल, वधशाला, ग्रेडिङ्ग प्याकेजिङ्ग केन्द्र निर्माणका लागि अनुदान उपलब्ध गराउने उल्लेख छ । कार्यविधिको दफा ८ (२) मा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार उक्त काम बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । कैलाली जिल्लाका ६

स्थानमा हाटवजार निर्माण गर्न गठित समितिहरूको खातामा रु.१ करोड १२ लाख २ हजार निकासा दिएको छ । उक्त काम सम्पन्न भएको पुष्टाई हुने प्राविधिक प्रतिवेदन पेश भएको छैन साथै संरचना निर्माण गर्दा कार्यविधि अनुसार प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरेको छैन । अनुदान उपलब्ध गराउँदा कार्यविधिको पालना गर्नुपर्ने र उपयोग सुनिश्चित गर्न कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

६.३. **लागत अनुमानभन्दा बढी खरिदः** कैलाली र कञ्चनपुर जिल्लामा धान,गहुँ, मकै, तरकारी खेतीको नयाँ र पुरानो ब्लक तथा पकेट कार्यक्रम सञ्चालन गर्न कृषक समूहसँग भएको सम्झौताको दफा १२ मा लागत अनुमान अनुसारका सामान खरिद गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, कञ्चनपुरले ९ कृषक समूहसँग रु.३ करोड ५८ लाख ९८ हजार लागत अनुमानको कार्यक्रम सञ्चालन गर्न ५० प्रतिशत अनुदान दिने गरी सम्झौता गरेको छ । कृषक समूहले सम्झौता तथा लागत अनुमानमा उल्लेख गरे अनुसारका सामान खरिद गर्नु पर्नेमा रजवारा गहुँ ब्लक कृषक समूहले लागत अनुमानमा नपरेको रु.२६ लाख ४० हजारको इन्जिन र पावर ट्रिलर खरिद गरेको छ । कृषक समूहले लागत अनुमानमा उल्लेख गरेको भन्दा बढी संख्यामा पावर ट्रिलर, मोटर, इन्जिन, ट्रयाक्टर, मोटर सेटसमेत रु.१ करोड ३ लाख ५१ हजारका विभिन्न सामग्री खरिद गरी भुक्तानी दिएको छ । कतिपय समूहले लागत अनुमानको दरभन्दा फरक दरमा सामान खरिद गरेका छन् । सम्झौता अनुसारका कामहरू लागत अनुमानको आधारमा सम्पादन गर्नुपर्दछ ।

७. **अधुरो कार्यः** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली २०७६ को नियम २० मा प्रत्येक कार्यालयले बजेट दिग्दर्शनको अधीनमा रही आफ्नो उद्देश्य अनुरुप कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार बार्षिक बजेट तथा योजना तर्जुमा गर्दा विगतदेखि शुरु गरी चालु रहेका योजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकता दिनु पर्दछ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले भेटेरिनरी अस्पताल, भवनको डिपीसी र पहिलो तलाको पिल्लरहरू निर्माण गर्न रु.५७ लाख ४० हजार लागत तयार गरी रु.२३ लाख ६१ हजारमा कार्य गराएको छ । भवनको बाँकी कामको लागि आर्थिक वर्ष २०७७।७८ मा बजेट विनियोजन नभई अधुरो रहेको छ । अधुरो निर्माण कार्य शीघ्र पुरा गर्नुपर्दछ ।

८. **लागत अनुमान वेगरको खर्च :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० र ११ मा निर्माण कार्यको स्वीकृत नर्म्सको आधारमा र खरिदको हकमा स्थानीय दरभाउ, सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षमा गरेको समान प्रकृतिको खरिदको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुराले यो वर्ष मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम अन्तर्गत अछाम र बाजुराका विभिन्न १३ समुहलाई पशुपालनको भौतिक संरचना निर्माण गर्न लागत अनुमान तयार नगरी कामको नापजाँच वेगर रु.६ करोड १० लाख ६७ हजार भुक्तानी गरेको देखियो । सम्पादन भएको काम एकीन गरी नाँपजाँच गरिनु पर्दछ ।

९. **जग्गाको चक्लाबन्दीः** प्रदेशको २०७६/७७ को बजेट वक्तव्यमा खेतीयोग्य जमिनको चक्लावन्दी गरी व्यवसायिक खेती प्रोत्साहन गर्ने व्यवस्था कार्यान्वयन गर्न रु.६० लाख बजेट व्यवस्था गरेकोमा सो कार्य सम्पादन भएको पाइएन ।

- **बेरुजु स्थितिः** मन्त्रालय तथा मातहतका १० कार्यालयको लेखापरीक्षणबाट रु.१ करोड ८१ लाख १२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.६४ लाख ५६ हजार फर्स्यौट भई रु.१ करोड १६ लाख ५६ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत २९ कार्यालयमा विनियोजन रु.८ अर्ब १ करोड ४२ लाख ५ हजार, राजस्व रु.६० करोड २८ लाख ९४ हजार र धरौटी रु.८२ करोड ६० लाख ३२ हजार र कार्यसञ्चालन कोष रु.१३ लाख २२ हजारसमेत रु.९ अर्ब ४४ करोड ४४ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी:** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको लागि तोकिएका कार्य सम्पादनका लागि आवश्यक पर्ने उर्जा, सिँचाइ, भवन, खानेपानी, पूर्वाधार क्षेत्रसँग सम्बन्धित २ दर्जनभन्दा बढी ऐन र नियमहरू निर्माण गर्न बाँकी रहेका छन् ।

२. **योजना तथा कार्यक्रम तर्जुमा:** प्रदेश योजना तर्जुमा दिग्दर्शन २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही प्रादेशिक मन्त्रालयले मातहतका निकाय तथा कार्यालयलाई बजेट सीमा र मार्गदर्शन पठाउनु पर्ने र सोही सीमा भित्र रही मातहतका कार्यालयहरूले अनुसूची १० को ढाँचामा विश्लेषण सहित योजना तथा कार्यक्रम प्रस्ताव गर्नु पर्ने, प्रस्तावित योजनाहरू आयोजना बैंकमा समावेश भएको हुनुपर्ने उल्लेख छ । प्रस्तावित योजनाहरूलाई अनुसूची १२ को ढाँचामा प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलव्ध स्रोतको आधारमा त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष खानेपानी डिभिजन कार्यालय डोटीलाई प्रदेश सरकार अन्तर्गतका १२६ योजनाहरू र शहरी विकास तथा भवन कार्यालय डोटीका ५० योजना उपयुक्त प्रक्रिया पूरा नगरी मन्त्रालय आफैले छनौट गरेको देखियो । उक्त दिग्दर्शन पालना गरेर योजनाहरूको छनौट तथा कार्यान्वयन गर्नु पर्दछ ।

३. **बजेट कार्यान्वयन :** बजेट बक्तव्यमा उल्लेख गरेका योजना तथा कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन गर्नु पर्दछ । प्रदेशको बजेट वक्तव्यमा ४ विद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, सार्वजनिक निजी साझेदारीमा मझौला स्तरका प्रदेश गौरवका जलविद्युत आयोजना निर्माण गर्ने, प्रदेशका ९ जिल्लामा एक/एक नमूना सिँचाइ आयोजना सञ्चालन गर्ने. प्रदेश यातायात प्राधिकरण गठन गरी प्रदेश यातायात सेवा सञ्चालन गर्ने, कैलाली जिल्लाको गोदावरीमा प्रदेशको प्रस्तावित राजधानीको भौतिक पूर्वाधार विकासका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने व्यवस्था गरेकोमा कार्यान्वयन गरेको छैन । कार्यान्वयन योग्य योजना तथा कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयन गर्नु पर्दछ।

४. **अवण्डा बजेट :** सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरिसक्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अवण्डा राखेको रु.९० करोड ३ लाखबाट योजनाहरूको डी.पी.आर.

तयारी, विद्युतीकरण, नदी नियन्त्रण, लिफ्ट सिँचाइ जस्ता ९ नयाँ तथा पुराना योजनाहरूमा आषाढ महिनामा बजेट बाँडफाँट गरी निकासा गरेको छ ।आषाढमा गरेको निकासाबाट प्रचलित कानूनी प्रक्रिया पुरा गरी खर्च गर्न सम्भव छैन । ऐन अनुसार बजेट विनियोजन गरी अबण्डा राख्ने कार्य नियन्त्रण गर्नु पर्दछ ।

५. **प्रगति समिक्षा :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ अनुसार मातहतका सबै कार्यालयबाट चौमासिक प्रगति विवरण प्राप्त भएपछि मन्त्रालयले त्यसको भौतिक र वित्तीय प्रगतिको समिक्षा गरी प्रगति कम हुनुका प्रमुख कारणहरू र सो को निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उपर्युक्त व्यवस्था वमोजिम मातहत कार्यालयबाट वित्तीय तथा भौतिक प्रगति प्राप्त गरी समिक्षा गरेको छैन । समिक्षा मार्फत् सुधार र समस्याहरूको समाधान गर्नुपर्दछ ।

६. **प्रदेश गौरवका आयोजनाः** प्रदेश गौरवका आयोजनाहरू बजेट र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । मन्त्रालयले यस वर्ष सुर्नयागाड, नौगाड, अपर सुर्नया र ठुलीगाड खुटिया डाइभर्सन जलविद्युत आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण गरी रु.६८ लाख ९८ हजार खर्च गरेको छ । प्राप्त प्रतिवेदनहरूको मूल्याङ्कन तथा स्वीकृती गर्ने कार्य गरेको छैन । प्रदेश सरकारको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा रणनैतिक महत्त्वका ९ सडकहरू र ४ जलविद्युत योजनालाई प्रदेश गौरवका योजनाका रूपमा सञ्चालन गर्ने गरी रु.५२ करोड ३१ लाख बजेट विनियोजन गरेकोमा रु.१५ करोड ८० लाख खर्च गरेको छ । दुई सडक आयोजनाको काम शुरु गरेको देखिएन । जलविद्युत आयोजनातर्फ विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य गरेको छ । प्रदेश राजधानीको पूर्वाधार निर्माणको कार्य प्रारम्भ हुन सकेको छैन । प्रदेश गौरवका योजनाहरू प्राथमिकतापूर्वक कार्यान्वयन गर्नु पर्दछ ।

७. **हस्तान्तरित योजनाः** सङ्घीय तहबाट प्रदेशमा हस्तान्तरण भई आएका योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा २ हजार ८७४ सङ्घीय योजनाहरू आर्थिक वर्ष. २०७५।०७६ देखि प्रदेशमा हस्तान्तरण भएका मध्ये १ हजार ३६६ योजना सम्पन्न भई १ हजार ५०८ योजनाहरू प्रदेश सरकारको बजेट विनियोजन नभएका कारण अधुरा रहेका छन् । अधुरा योजनामध्ये २६ योजनाहरूका लागि यस वर्ष बजेट बिनियोजन गरेको देखिएन । अधुरा योजनालाई प्राथमिकतामा राखी सम्पन्न गर्नुपर्दछ ।

८. **परामर्श सेवाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ (१) मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रूपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मुल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले नर्म्स बेगर परामर्श सेवाको रु.२० लाख भित्रको टुक्रा टुक्रा लागत अनुमान तयार गरी आर्थिक प्रस्ताव मात्र लिई सुर्नयागाड र नौगाड जलविद्युतको डि.पि.आर. तयारी, छुमछुमगाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण, पथरैया सिँचाइ योजनाको डि.पि.आर. तयारीसमेतका ७ आयोजनाको विस्तृत सर्भे, डिजाइन तथा लागत अनुमान तयार गराई परामर्शदातालाई रु.१ करोड ३२ लाख ३६ हजार भुक्तानी गरेको छ । मन्त्रालयले पेश भएका प्रतिवेदनहरूको मूल्याङ्कन तथा स्वीकृती गरेको पनि छैन ।

९. **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनामा तोकिएको जनसहभागिता गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार कार्यालयले व्यहोर्ने तथा जनसहभागिताबाट गर्ने काम सम्झौताबाटै छुट्ट्याइ गरेको कामको नापजाँच पनि अलग अलग गर्नु पर्नेमा सो अनुसार नगरी गरिएको कामको एकमुष्ट मूल्याङ्कनबाट जनसहभागिताको रकम घटाएर भुक्तानी दिएको पाइन्छ । यसबाट वास्तविक रूपमा जनसहभागिता भए नभएको सुनिश्चित गर्न सकिँदैन । सिँचाइ र खानेपानी सम्बन्धी ३ कार्यालयका २४ योजनामा रु.७५ लाख ५१ हजार जनसहभागिताबाट गर्नुपर्ने कार्यको रकम नै कार्यालयहरूले भुक्तानी गरेको देखिन्छ । जनसहभागिताको व्यवस्था प्रभावकारी रूपले कार्यान्वयनको लागि जनसहभागिता वापतको काम शुरु गर्नु अघिनै नगद योगदानको रूपमा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

१०. **गुणस्तर नियन्त्रण तथा परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११, सम्झौता तथा स्पेशिफिकेसन बमोजिम निर्माण कार्यको गुणस्तर व्यवस्थापन तथा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । ठेक्का सम्झौता अनुसार गुणस्तर नियन्त्रणमा कार्यालय प्रमुखको प्रत्यक्ष भूमिका रहन्छ ।यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

१०.१. निर्माण कार्यको गुणस्तर कायम गर्न निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यालय समक्ष पेश गर्ने र सो बमोजिम निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्नुपर्ने, जनशक्ति सहितको प्रयोगशाला स्थापना गर्ने र सिलबन्दी नमुनाको आधारमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गर्नुपर्दछ । निर्माण कार्यमा रु.४० करोड १४ लाख ४१ हजार खर्च गरेका पूर्वाधार विकास कार्यालयहरू बैतडी, कैलाली, डडेल्धुरा र अछामले सो अनुरुप गुणस्तर परीक्षण गरेका छैनन् ।

१०.२. पूर्वाधार विकास कार्यालय बैतडीको सडक निर्माण गर्ने एक ठेक्काबाट गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न रु.२० लाख व्यवस्था गरेकोमा प्रयोगशाला स्थापना नगरी ठेक्काको कार्य गराएको छ ।

१०.३. निर्माण सामाग्रीको गुणस्तर परीक्षण अन्तर्गत सम्बन्धित स्पेशिफिकेसनमा तोकिएको सङ्ख्यामा सिमेन्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार, माटो, विटुमिन, कम्प्याक्सन, पाइप, कंक्रिट क्यूव आदीको परीक्षण गराउनु पर्दछ। पूर्वाधार विकास कार्यालय कैलाली, डडेल्धुरा र अछामले यस वर्ष सडक तथा पुलका ठेक्कामा रु.६० करोड ९ लाख ८६ हजार खर्च गरेकोमा गुणस्तर परीक्षण नगरी भुक्तानी दिएको छ । पूर्वाधार विकास कार्यालयबाहेक अन्य कार्यालयहरूमा प्रयोगशाला स्थापना गरेको छैन। पूर्वाधार र सिँचाइ कार्यालयहरूले हालसम्म स्पेशिफिकेसन तर्जुमा गरेको समेत नदेखिँदा गुणस्तर परीक्षण तथा नियन्त्रणप्रति कार्यालयको प्राथमिकता र प्रतिवद्धतामा कमी रहेको पाइयो ।

११. **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) अनुसार उपभोक्ता समितिहरूलाई दिएको जटिल प्रकृतिको काम गर्न चाहिने मेसिन, औजार, उपकरणहरू प्रयोग गर्न सहमति लिनुपर्ने व्यवस्था छ । सहमतिवेगर पुर्वाधार विकास कार्यालय, कैलालीले सडक आर.सि.सी , कल्भर्ट, भवन निर्माण लगायतका जटिल उपकरण चाहिने ५ कार्य उपभोक्ता समितिबाट गराई रु.८८ लाख ५१ हजार भुक्तानी गरेको छ । पूँजी, जनशक्ति, उपकरण, व्यवस्थापकीय क्षमता आवश्यक पर्ने कार्य निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

१२. **डिजाइन परिवर्तनः** निर्माण कार्यको स्वीकृत लागत अनुमान र डिजाइन अनुसार काम नहुने भएमा डिजाइन र लागत अनुमान परिवर्तन गर्नु पर्दछ । पूर्वाधार विकास कार्यालय, कैलालीले उपमहानगरपालिकाका सडक किनारका घरहरू समेत हटाई एक सडक निर्माण गर्न रु.२२ लाख ५९ हजारमा ठेक्का सम्झौता गरी रु.१३ लाख ८२ हजार भुक्तानी गरेकोमा घरहरूको क्षति हुने कारण देखाई स्वीकृत डिजाइन वमोजिमका कार्य घटाई बाटो निर्माण गर्दा सडकको डिजाइन र लागत अनुमान परिवर्तन गरेको छैन ।

सोही कार्यालयले हुलाकी सडक जोड्ने एक सडक निर्माण गर्न रु.२६ लाख ५९ हजारमा सम्झौता गरी रु.२३ लाख ९२ हजार भुक्तानी गरेको छ । ठेक्का सम्झौता अनुसार ५.५ मिटर चौडा र २२९.२ मिटर लामो सडक निर्माण गर्नुपर्नेमा डिजाइन तथा लागत अनुमान संशोधन नगरी ७ मिटर चौडा १६९ मिटर लामो सडक निर्माण गरेको छ । डिजाइन र लागत अनुमान संशोधन गरी काम गराउनुपर्दछ ।

१३. **अधुरा/रुग्ण ठेक्काहरू** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियम १२८ अनुसार खरिद सम्झौता अनुसारको काम र प्रगति नगरेमा, बिचमा काम छोडेमा खरिद सम्झौता अन्त्य गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, खरिदकर्ता प्रतिस्थापन गर्ने, कार्यसम्पादन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेको लागतबाट गराई कालो सूचीमा राख्न लेखि पठाउने समेतका कारवाही गर्नुपर्ने व्यवस्था रहेका छन । कैलाली, कञ्चनपुर, डडेल्धुरा, अछाम, बझाङ्ग, बैतडीका रु.२ अर्ब ८ करोड ९९ लाख ८१ हजारका ३७ ठेक्काहरूको रु.१ अर्ब २२ करोड ३० लाख ८१ हजारको काम बाँकी रहन गई पटक पटक म्याद थप गर्दा पनि अधुरा रहेको देखिन्छ । निर्माण व्यवसायीहरूलाई खरिद कानुन तथा सम्झौतानुसार कारवाही नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधि बढदै गई ठेक्काको कामबाट सेवा प्राप्त हुन सकेको छैन । आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

१४. **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ तथा सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीको कारणले काममा ढिलाई भएमा ठेक्का अङ्कको १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

१४.१. पूर्वाधार विकास कार्यालय, अछामले बार्जुगाड मोटरेवल पुल निर्माण गर्न २०७५।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का अङ्क रु.२ करोड २९ लाख १९ हजारमा मिति २०७३।३।१० मा सम्झौता गरी ०७४।०७५ सम्म दोश्रो रनिङ बीलबाट दायाँ एवुटमेन्टको कामको रु.६४ लाख ७७ हजार भुक्तानी गरी २८ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ । उक्त पुलको जगमा माटो भेटिएकोले पुनः डिजाइन गरेपछि पनि २०७६।०७७ मा काम नगरेको, मिति २०७६।३।३१ पछि म्याद थप नभएको र निर्माण व्यवसायीकै कारणले काममा ढिलाई भएको देखिंदा रु.२२ लाख ९१ हजार पूर्व निर्धारित क्षतिपूर्ति लगाइ असुल गर्नु पर्दछ ।

१४.२. पुर्वाधार विकास कार्यालय, अछामले दर्ना सडक निर्माण कार्यको एक ठेक्काको निर्माण व्यवसायीसँग २०७६।३।३० सम्म कार्य सम्पन्न गर्ने गरी कवोल अङ्क रु.६८ लाख ५ हजारमा २०७६।२।३० मा सम्झौता भएकोमा ठेक्काको म्यादसम्म रु.२० लाख ३६ हजार भुक्तानी भएकोले ३० प्रतिशत मात्र वित्तीय प्रगति देखिएको छ । यो वर्ष काम नगरेकोले निर्माण व्यवसायीको ढिलासुस्तीको कारण काम अधुरो रहन गएको देखिदा रु.६ लाख २ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ ।

१५. **मूल्य समायोजनः** ठेक्का सम्झौतामा मोबिलाइजेशन पेस्की र प्रोभिजनलसमको रकम घटाई बाँकी रकमबाट मुल्य समायोजन गणना गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, बैतडीले मोबिलाइजेशन पेस्की र प्रोभिजनल समको रकम नघटाई मूल्य समायोजन रकम गणना गरेर दुई निर्माण व्यवसायीलाई रु.६८ लाख २४ हजार बढी मुल्य समायोजन भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नु पर्दछ।

१६. **बढी भूक्तानीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको कामको मात्र भेरिएसन गर्न सकिनेमा पूर्वाधार विकास कार्यालय, बैतडीले प्राइम कोट लगायतका अन्य आइटममा रु.१ करोड ७९ लाख ११ हजार भेरिएसन गरेको छ । भेरिएसनबाट थप गरेको प्राइम कोटको दर सम्झौताको साबिकको प्रति लि. रु.१३४ लाई आधार मान्नु पर्नेमा सो दरमा वृद्धि गरी रु.२०३.६३ कायम गरेकोले थप भएको प्राइम कोट ५१ हजार ६८४ व.मि.को लागि फरक दर रु.६९.६३ ले बढी भुक्तानी दिएको रु.३५ लाख ९९ हजार असुल गर्नु पर्दछ ।

१७. **भेरिएसन** : यस सम्बन्धमा तपसिलका व्यहोरा देखिएका छन् :

१७.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई ठेक्का अङ्कको २५ प्रतिशत सम्म भेरिएसन स्वीकृत गराई काम गराउन सक्ने व्यवस्था छ । पुर्वाधार विकास कार्यालय, बैतडीले सडक निर्माण कार्यको एक ठेक्काको निर्माण व्यवसायीलाई रु.१२ करोड ११ लाख ६५ हजार ठेक्का अङ्कको काम गराउँदा सातौं बिलसम्म सडक खन्ने, ड्रेनेजमा आर.सि.सि. पाइप राख्ने, सोलिङ्ग गर्ने र माटो पुर्ने जस्ता आइटमहरूमा बिल अफ क्वान्टिटि भन्दा बढी परिमाणको काम गराइ भेरिएसन आदेश स्वीकृत बेगर ठेक्का अङ्कको ६.५ प्रतिशतले रु.७८ लाख ७५ हजार भुक्तानी भएको छ । भेरिएसन आदेश स्वीकृत नगरी बढी परिमाणको रकम भुक्तानी स्वीकृत गर्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ ।

१७.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा कार्यालयले सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा नियमावलीको प्रक्रिया पुरा गरी प्राविधिक पुष्ट्याँई सहित भेरिएशन जारी गर्न सक्ने व्यवस्था रहेको छ। पूर्वाधार विकास कार्यालय, डडेल्धुराले बुडर जोरायल दिपायल सडक निर्माणका लागि रु.३३ करोड ३४ लाख ७० हजारमा एक निर्माण व्यवसायीसँग मिति २०७७।३।४ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेर छैठौं रनिङ्ग बिलसम्म रु.१० करोड ४ लाख २९ हजार भुक्तानी गरेको छ। मिती २०७७/१/२४ को निर्णयले पूर्वानुमान गर्न सकिने स्ट्रक्चर तथा मेसनरी वाल, नाला निर्माण, ह्युम पाईप र खन्ने कार्य थप हुन गएको कामको लागि प्राविधिक पुष्ट्याँई वेगर रु.१ करोड ८२ लाख २७ हजारको (अर्थात् ८.५२ प्रतिशत) भेरिएशन आदेश जारी गरेकोले अनियमित रूपले भेरिएशन गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१८. **उपभोक्ताले ठेक्काबाट कार्य गराएको** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने र गराएमा ठेक्का तोडी खरीद ऐन, नियम बमोजिम कार्य गराउनुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, बैतडीले पाटन पञ्चेश्वर सडक निर्माण गर्न

रु.५७ लाख ६० हजारमा उपभोक्ता समितिसँग सम्झौता गरी रु.५६ लाख ८४ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले उक्त सडक निर्माण कार्य एक निर्माण व्यवसायीसँग सव-कन्ट्रयाक्ट गरी सम्पन्न गरेकोमा नियमावली अनुसारको कारबाही गरेको छैन । कार्यालयले नियमको पालना गर्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

१९. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । ठेक्का सम्झौताले कार्यालय प्रमुखलाई गुणस्तर नियन्त्रणको सम्पूर्ण अधिकार दिएकोले सो अधिकार प्रयोग गरी स्पेशिफिकेसन अनुसार कार्य भएको सुनिश्चित गर्न गुणस्तर परीक्षण गराउनु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डोटी, डडेल्धुरा र बैतडीले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गराइएका रु.५२ करोड २१ लाख ६२ हजारका १२८ योजनामा प्रयोग भएका ग्याबियन तार, सिमेण्ट, कंक्रिट क्यूब, पाइप, माटो, ढुंगा,गिट्टी, बालुवा आदिको गुणस्तर परीक्षण गराएको छैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ।

२०. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान बोलपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली, बैतडी र डडेल्धुराले प्रतिस्पर्धा बेगर एकमुष्ट बजेट टुक्रा पारी लागत अनुमानको हाराहारीमा रु.११ करोड ६१ लाख ७७ हजारको पाइप तथा फिटिङ्गस सोझै खरिद गरेको छ । नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

२१. **पाइप मौज्दातः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली र डोटीले आर्थिक वर्षको अन्तमा रु.७ करोड ८७ लाख २७ हजारको खानेपानीका पाइप र फिटिङ्गस खरिद गरी मौज्दात राखेका छन् । आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गर्नुपर्नेमा बजेटको आधारमा पाइप तथा फिटिङ्गस खरिद गरी मौज्दात राख्ने प्रवृतिमा नियन्त्रण गर्नु पर्दछ ।

२२. **पाइप जडान नभएकोः** कार्यालयले स्टोरमा रहेका पाइप तथा फिटिङ्सका सामानहरू खानेपानी योजनाहरूमा प्रयोग गरी नापी किताबमा प्रविष्ट गरेपछि मात्र जिन्सी खाताबाट खर्च लेख्नु पर्दछ । प्राप्त विवरण अनुसार खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली र डडेल्धुराले विभिन्न ६४ आयोजनामा विभिन्न साइजको रु.७ करोड ९७ लाख ८८ हजार मुल्यका पाइपहरू सम्बन्धित योजनामा जडान नगरी खर्च लेखेको देखिन्छ । नापी किताबमा खर्च लेखे पछि मात्र जिन्सी किताबबाट मौज्दात घटाउनु पर्दछ ।

२३. **पाइप सापटी :** सम्बन्धित खानेपानी आयोजनाहरूको लागि डिजाइन अनुसार चाहिने पाइप तथा फिटिङ्गस खरिद गरेपछि योजना कार्यान्वयन गर्नु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली र डडेलधुराले ५६ खानेपानी आयोजनाको लागि अन्य आयोजनाको लागि खरिद गरेको रु.९४ लाख ७६ हजारको पाइप तथा फिटिङ्गस सापटी ल्याई खर्च गरेको देखाएको छ । सापटी दिएको र प्राप्त गरेको हिसाव अद्यावधिक गरेको छैन । खरिद गरेको पाइप तथा फिटिङ्गस सम्बन्धित आयोजनामा खर्च गर्नुपर्दछ ।

२४. **मापदण्डको पालनाः** संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाँट तथा वर्गिकरण मापदण्ड, २०७६ अनुसार पहाडी क्षेत्रमा कम्तिमा ३ हजार देखी ५ हजार सम्मको जनसङ्ख्यालाई खानेपानी सेवा पुर्याउने आयोजना प्रदेश तहबाट सञ्चालन गर्नु पर्नेमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटीले यो वर्ष २०० भन्दा कम जनसङ्ख्या भएका ४ खानेपानी योजना कार्यान्वयन गरेको छ। मापदण्डको अधिनमा रही योजना संचालन गर्नु पर्दछ ।

२५. **अधुरा आयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगति नगरेमा, वीचमा काम छोडेमा र पेस्कीको दुरुपयोग गरेमा खरिद सम्झौता अन्त्य गरी नियमावलीको नियम १२८ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, खरिदकर्ता प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराइ दफा ६३ अनुसार कालो सूचीमा राख्न लेखि पठाउने समेतका कारवाही गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलालीले उपलव्ध गराएको विवरण अनुसार लागत अनुमान रु.२ करोड ६२ लाख ८८ हजारका र रु.३९ लाख १४ हजार १६२ आयोजना बिगत पाँच बर्ष अघिदेखि शुरु भएकोमा यस आर्थिक बर्षसम्म पनि पूरा भएका छैनन् । ती आयोजनाहरूमा लागत अनुमानको तुलनामा ०.१७ प्रतिशतदेखि ९३.४८ प्रतिशतसम्म खर्च भएको छ । सालवसाली रूपमा नयाँ आयोजनामा रकम विनियोजन हुने तर पुराना आयोजनाहरू प्राथमिकताको अभावमा अधुरा रहने कारणले अधुरा योजनाहरूको सङ्ख्या बढ्दै गई प्रतिफल प्राप्तिमा ढिलाई हुने गरेको छ । क्रमागत योजनाहरूमा पर्याप्त बजेट व्यवस्था गरी छिटो सम्पन्न गर्नुपर्दछ ।

२६. **उपभोक्तालाई सीमा भन्दा बढीको कामः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत रु.१ करोड सम्म लागत अनुमानको काम उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीले रु.१ करोड भन्दा बढी लागत अनुमानका रु.३ करोड ८१ लाख ६७ हजार सम्झौता अङ्कका ३ खानेपानी योजनाहरू उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरेको छ । पूँजी, जनशक्ति, उपकरण र व्यवस्थापकीय क्षमता नभएका उपभोक्ता समितिहरू मार्फत् सीमा भन्दा बढीको काम गराउने कार्य नियन्त्रण गर्नु पर्दछ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

२७. **गुणस्तर परीक्षण र नियन्त्रणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ (१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था गरेको छ । ठेक्का सम्झौताको दफा

१४.२ अनुसार गुणस्तर परीक्षणमा कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्था गरेको छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कैलाली र कञ्चनपुरले निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेण्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार, माटो, सिमेन्ट, कंक्रिट क्यूव आदीको परीक्षण गराउनु पर्नेमा नगराई ३८ सिँचाइ योजनाहरूमा रु.२२ करोड ६७ लाख १९ हजार खर्च गरेको छ । गुणस्तर परीक्षण गर्न गराउन कार्यालयमा जनशक्ति सहितको प्रयोगशाला स्थापना गर्नुपर्नेमा स्थापना गरेको छैन । कार्यालयले निर्माण व्यवसायीहरूलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाएको देखिएन । निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरी ती सामाग्री प्राप्त गर्ने स्थान तोक्नु पर्नेमा तोकेको छैन । गुणस्तर व्यवस्थापन प्रभावकारी बनाई खानेपानी आयोजनाको दिगोपना बढाउनु पर्दछ ।

२८. **योजना हस्तान्तरणः-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण भएका योजनाहरू रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कैलाली र कञ्चनपुर लगायत ४ कार्यालयले उक्त व्यवस्था बमोजिम यस वर्ष सम्पन्न भएका रु.७५ करोड ८० लाख ६७ हजारका योजनाहरू हस्तान्तरण गरेका छैनन् । उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

२९. **मापदण्ड पालनाः** संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाँट तथा वर्गिकरण मापदण्ड २०७६ मा जलस्रोत तथा सिँचाइतर्फ संघ प्रदेश र स्थानीय तहको कार्यक्षेत्र किटान गरेकोमा पहाडी क्षेत्रमा कम्तिमा ५० हेक्टर देखि १०० हेक्टर सम्मको सिँचाइ सेवा पुऱ्याउने आयोजनामात्र प्रदेश तहबाट सञ्चालन हुने उल्लेख छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय डोटीले यो वर्ष ६ देखि ३५ हेक्टरका १० सिँचाइ योजनाहरू कार्यान्वयन गरेको छ । योजना स्वीकृती एवम् कार्यान्वयन गर्दा मापदण्डको पालना गर्नु पर्दछ ।

३०. **अधुरो ठेक्काः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगति नगरेमा, वीचमा काम छोडेमा र पेस्कीको दुरुपयोग गरेमा खरिद सम्झौता अन्त्य गरी नियमावलीको नियम १२८ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, खरिदकर्ता प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई कालो सूचीमा राख्न लेखि पठाउने समेतका कारवाही गर्नुपर्ने व्यवस्था छ । अधुरो निर्माण कार्य सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् ।

३०.१. जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुरले जोगबुढा नदी नियन्त्रण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.१५ करोड ८२ लाख ७५ हजारमा २०७६।३।२६ सम्म निर्माण सम्पन्न गर्ने गरी २०७४/३/२८ मा सम्झौता गरी ३ पटकमा ३०० प्रतिशत समय थप गर्दा समेत रु.५ करोड ५४ लाख ६४ हजारको काम बाँकी रहेको छ । स्थलगत अवलोकन गर्दा निर्माण गरिएका केही काम बिग्रेको अवस्था देखियो। कार्यालयले उपर्युक्त वमोजिमका कारवाही नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधि बढ्दै गएको छ । खरिद कानुन तथा सम्झौता अनुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

३०.२. जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, डडेल्धुराले रंगुन नदी नियन्त्रणको प्याकेज नं ५ कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.८ करोड ६३ लाख ९६ हजारमा मिति २०७४/३/१९

सम्म निर्माण सम्पन्न गर्ने गरी २०७२/९/२० मा सम्झौता गरी ३ पटकमा २०० प्रतिशत भन्दा बढी समय थप गर्दा समेत रु.८ करोड ३७ लाख २७ हजारको काम बाँकी रहेको छ ।पटक पटक म्याद थप हुँदासमेत निर्माण कार्य अधुरो छ । नियम अनुसार कारबाही गरी अधुरो काम पुरा गराउनु पर्दछ ।

३०.३. उपभोक्ता समितिहरूले सम्झौता अनुसारको समय भित्र काम सम्पन्न गर्नु पर्दछ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलालीले ११ उपभोक्ता समितिसँग रु.५ करोड ३३ लाख ४२ हजारका ११ सिँचाइ योजनाहरूको निर्माण गर्न सम्झौता गरेकोमा रु.१ करोड ८ लाख १० हजारको काम बाँकी रहेको पाइयो। कार्यालयले ती उपभोक्ता समितिहरूलाई कारबाही गरेको छैन । ऐन नियम अनुसार कारवाही गरी कार्य पुरा गराउनुपर्दछ ।

३१. **पाइप खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ (क) अनुसार खरिद आवश्यकताको पहिचान गरेर मात्र खरिद गर्नु पर्दछ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, डडेल्धुराले उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको लागि रु.१ करोड ८३ लाख ५ हजारको पाइप खरिद गरेको छ। खरिदमध्ये रु.७६ लाख ८२ हजारको पाइप प्रयोग गरेर रु.१ करोड ६ लाख २३ हजारको पाइप हालसम्म कार्यालयमा मौज्दात रहेको छ। आवश्यकता पहिचान गरी पाइप खरिद गर्नुपर्दछ ।

३२. **सिमा नाघी उपभोक्तालाई योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिता समेत रु.१ करोड सम्म लागत अनुमानको काम उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलाली र कञ्चनपुरले रु.१ करोड भन्दा बढी लागत अनुमानका ९ नदी नियन्त्रणको काम रु.९ करोड २९ लाख १० हजारमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेको छ । पूँजी, जनशक्ति, उपकरण र व्यवस्थापकीय क्षमता नभएका उपभोक्ता समितिहरू मार्फत् सीमा भन्दा बढीको काम गराउने कार्य नियन्त्रण गर्नु पर्दछ ।

३३. **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) अनुसार उपभोक्ता समितिहरूले गर्ने काममा भारी उपकरण प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक निकायको सहमति लिनु पर्ने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलाली र कञ्चनपुर अन्तरगत १२१ उपभोक्ता समितिले तटबन्ध, सिँचाइ संरचना र भवन निर्माण लगायतका काम गर्दा उपकरण प्रयोग गर्ने सहमति नलिई कार्य गरेकोमा पनि रु.२७ करोड ५९ लाख ६५ हजार भुक्तानी गरेको देखियो । उपरोक्त कानूनी व्यवस्था पालना गरी निर्माणको काम गराउनु पर्दछ।

३४. **रोयल्टी बिलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपभोक्ता समितिलाई भुक्तानी गरेको रोयल्टी सम्बन्धित स्थानीय तहलाई बुझाउनु पर्दछ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुर र कैलालीले २९ उपभोक्ता समितिलाई नदी नियन्त्रण कार्यको लागि प्रयोग गरेका ढुंगाको रोयल्टी रु.२६ लाख ६६ हजार सम्बन्धित स्थानीय तहमा बुझाएको प्रमाण वेगर भुक्तानी दिएका छन् । उपभोक्ता समितिबाट उक्त रकम सम्बन्धित स्थानीय तहमा बुझाएको प्रमाण पेश हुनु पर्दछ ।

३५. **उपकरण खरिद र जडानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा चालु वा अघिल्लो वर्ष खरिद गर्दा लागेको लागत, स्थानीय र अन्य बजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटको आधारमा सामान खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बैतडीले लमसम मुल्यको आधारमा ३ लिफ्टिङ्ग सिँचाइ

योजनाको लागि सोलार उपकरणको लागत अनुमान तयार गरी सोही आधारमा रु.१ करोड २४ लाख ९१ हजारको खरिद गरेको छ । उक्त सामानहरू जडान नगरी मौज्दात रहेकोले उपकरणहरू जडान गरी प्रयोग गर्नु पर्दछ ।

३६. **योजना तथा कार्यक्रम तर्जुमाः** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ अनुसार प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलव्ध स्रोतको आधारमा त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचनासँग आवद्ध गरी आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बैतडीलाई सम्भाव्यता अध्ययन गरी पेश गरेका सिँचाइ योजनाहरूमा प्राथमिकताको आधारमा बजेट विनियोजन नगरी एकमुष्ट रु.२३ करोड १० लाख वजेट विनियोजन गरेर क्रमागत तथा प्राथमिकतामा नपरेका सिँचाइ योजनामा समेत बजेट बाँडफाँट गरी खर्च गरेको छ । उपरोक्त प्रक्रिया पूरा गरी योजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ ।

३७. **डिप ट्युबवेल निर्माण कार्यः** डीप ट्युबवेल सिँचाइ योजना कार्यान्वयन निर्देशिका, २०७२ (पहिलो संसोधन) अनुसार सूचना प्रवाह, माग सङ्कलन, योजना पहिचान र विस्तृत सम्भाव्यता अध्ययन गरी विभिन्न निकायका प्रतिनिधिहरू रहेको समितिको सिफारिसमा डिप ट्युबवेल सिँचाइ योजनाहरू छनौट तथा स्वीकृत गर्ने उल्लेख छ । भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कैलालीले समृद्ध तराई मधेश सिँचाइ विकास कार्यक्रम तथा भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ कार्यक्रमका डिप ट्युबवेलहरू छनौट गर्दा उल्लिखित प्रक्रिया अवलम्वन गरेको छैन । डीप ट्युबवेल निर्माण, पम्प खरिद तथा जडान, विद्युतीकरण र पानी वितरण प्रणाली निर्माण गर्ने डिप ट्युबवेल सिँचाइ प्रणालीका काम प्रतिस्पर्धाबाट गर्न सकिनेमा २३ उपभोक्ता समितिमार्फत गराई रु.५ करोड ७९ हजार खर्च गरेको छ । रिग मेसिन जस्तो भारी उपकरण प्रयोग गर्नुपर्ने कार्य प्राविधिक जनशक्ति नभएका उपभोक्ता समितिबाट गराउन सम्भव पनि देखिँदैन । प्रचलित कानुनी व्यवस्थाको पालना गरी उक्त सिँचाइ प्रणालीहरू निर्माण गर्नु पर्दछ ।

३८. **अधुरो सिँचाई योजनाः** कार्यक्रम र बजेट व्यवस्था गरी निश्चित अवधिमा योजना पुरा गर्नुपर्दछ । कैलालीको टेडी नदी सिँचाई योजनाको निर्माण कार्य करिव २० वर्ष अघि शुरु गरिएकोमा हालसम्म अधुरो रहेको छ । सो योजनामा यस वर्ष मूल नहर लाइनिङ गर्ने र हेडवर्क्सको तल्लो तटीय क्षेत्र संरक्षणको लागि जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय कैलालीले रु.३ करोड ३३ लाख १२ हजार खर्च गरेको छ । योजना सम्पन्न नहुँदै योजनाको हेडवर्क्स विग्रिएर मर्मत गर्नुपर्ने अवस्था स्थलगत अवलोकनमा देखियो । हाल प्रत्येक वर्ष विनियोजित बजेटबाट सिँचाई प्रणाली सञ्चालन गर्ने कार्य भई रहेकोमा समग्र प्रणालीको निर्माण तथा मर्मतसम्भार गरी योजना सञ्चालन गर्नुपर्दछ ।

३९. **सम्भाव्यता अध्ययनः** विस्तृत सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका योजना कार्यान्वयन गर्नुपर्दछ । जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कैलालीले जरुवा पानी संकलन गरी सिँचाई सेवा उपलब्ध गराउने गरी सुर्मिनाला सिँचाई योजना निर्माण गर्न २०७८/०६/२२ मा निर्माण कार्य सम्पन्न गर्ने गरी रु.५ करोड ३० लाख ७२ हजारमा सम्झौता भई यस वर्ष हेडवर्क्स र मूल नहरको केही काम गरी रु.४ करोड ६७ लाख ९४ हजार भुक्तानी दिएको छ । उक्त निर्माण कार्य गरेपछि सम्भाव्यता अध्ययनमा समावेश नगरेको कमल तालको पानी जोड्न प्रदेश सरकारको रु.१६ लाख २७ हजार खर्च गरेको छ । यसबाट योजनाको अनुमानित लागतको तुलनामा बढी खर्च हुन गएको छ । पर्याप्त प्राविधिक अध्ययन गरेर मात्र योजना कार्यान्वयन गर्नुपर्दछ ।

शहरी विकास तथा भवन कार्यालयहरु

४०. **कार्यक्षेत्र बाहिरको कार्यः** संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाँट तथा वर्गिकरण मापदण्ड, २०७६ मा प्रदेश तहको शहरी पूर्वाधार, सरकारी भवन र आधुनिक बहुउद्देश्यीय सम्मेलन केन्द्रहरूको निर्माण, सञ्चालन र मर्मत सम्भारको जिम्मेवारी प्रदेश तहको शहरी विकास तथा भवन निर्माण कार्यालय डोटीलाई तोकिएको छ । सो विपरीत राजनैतिक व्यक्तिहरूको नामका प्रतिष्ठान, शहिद गेट, समूदायद्वारा सञ्चालित सहकारी भवन, सङ्ग्रहालय, पत्रकार महासंघका जिल्ला स्थित कार्यालय भवन लगायत कार्य क्षेत्र वाहिरका २६ संरचनाहरू उपभोक्ता समिति मार्फत रु.४ करोड ९२ लाख ९२ हजारमा ठेक्का सम्झौता गरी कार्यान्वयन गरेर यस वर्ष रु.४ करोड ४३ लाख ८६ हजार खर्च गरेको छ । कार्यक्षेत्र बाहिर बजेट बिनियोजन तथा कार्यान्वयन गर्नेलाई कारवाही गर्नु पर्दछ ।

४१. **योजना तथा कार्यक्रम तर्जुमाः** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ को प्रक्रिया अनुसार योजनाहरूको प्राथमिकीकरण गरी स्रोतको आधारमा त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष शहरी विकास तथा भवन कार्यालय दिपायल, डोटीले जनता आवास कार्याक्रम वाहेकका ५१ योजनाहरू मध्ये १ योजना दिग्दर्शनले तोके अनुसारको प्रक्रिया अवलम्वन गरी छनौट गरेको र बाँकी ५० योजना दिग्दर्शनको प्रक्रिया पुरा नगरी मन्त्रालय आफैले छनौट गरेको देखियो । विधी र प्रक्रियासम्मत ढङ्गले योजना छनौट गर्नु पर्दछ ।

४२. **अधुरा जनता आवासः** जनता आवास कार्यक्रम अन्तर्गत आवास निर्माण गर्न शहरी विकास तथा भवन निर्माण कार्यालय डोटीलाई प्रथम चरणमा ८९ घरको लागि प्रति घर रु.२ लाख ३४ हजार तथा दोस्रो फेज अन्तर्गत ७८ घरको लागि रु.३ लाख ३२ हजारका दरले १६७ लाभग्राहीसँग २०७४ सालमा सम्झौता भई पहिलो किस्ता भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म ५ आवासले दोस्रो, ९ आवासले तेस्रो र ६९ आवासले अन्तिम किस्ता प्राप्त गरेका छैनन् । तेस्रो किस्ता नबुझेका ६९ लाभग्राहीलाई रु.२ करोड २ लाख ७५ हजार भुक्तानी गरिसके पनि निर्माणाधीन रहेका आवासहरु बस्न योग्य भएको देखिदैन । कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयन नगरेको कारण अधुरा रहेका आवासको निर्माण कार्य प्राथमिकताका साथ सम्पन्न गराउनु पर्दछ ।

४३. **बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार निर्माण व्यवसायीले ठेक्काको काम, उपकरण, कामदार र तेश्रो पक्षको बीमा गराउनु पर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, धनगढीले ११ विभिन्न निर्माण कार्यको रु.२ करोड ४ लाख ८१ हजारको ठेक्का सम्झौता भएकोमा निर्माणाधीन संरचना, उपकरण तथा कामदार र तेस्रो पक्षको बिमा नगराई रु.१ करोड १५ लाख ८६ हजार भुक्तानी भएको छ । नियमानुसार लागत अनुमानमा नै बीमाको प्रावधानलाई समावेश गरी संरचना लगायत उपकरणको क्षति न्यूनीकरण गराउनेतर्फ कार्यालयबाट पहल हुनु पर्दछ ।

४४. **गुणस्तर परीक्षण नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार भवन निर्माण कार्यमा प्रयोग भएका गिट्टी, ढुङ्गा, बालुवा, ईटा, सिमेन्ट–स्यान्ड मोर्टार, फलामे डन्डी, कंक्रिट क्यूव, माटो आदिको परीक्षण गर्नुपर्ने व्यवस्था छ ।शहरी विकास तथा भवन कार्यालय धनगढीले रु.२

करोड ८० लाख ८६ हजारका १९ ठेक्काको उपरोक्त बमोजिमका सामानको गुणस्तर परीक्षण नगरी रु.१ करोड ९१ लाख ९० हजार भुक्तानी दिएको छ । गुणस्तरको विषयमा समेत उल्लेख गरिने स्पेसिफिकेशन सम्झौतामा संलग्न गर्नुपर्नेमा गरेको छैन । साथै गुणस्तर परीक्षणको लागि ठेक्कामा रकम समावेश गर्न सकिनेमा सो समेत गरेको छैन । गुणस्तर परीक्षणलाई पनि समावेश गरी लागत अनुमान तयार गर्ने र सबै प्रकारको गुणस्तर परीक्षण अनिवार्य रूपले गर्नु पर्दछ ।

४५. **कार्य स्वीकारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार ठेक्काको काम पूरा भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरी १३ महिनाको त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा विभिन्न १० ठेक्काको रु.७ करोड ६३ लाखको कामको सुरुमै कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । यसरी कार्यसम्पन्न गर्दा त्रुटी सच्याउने अवधिमा गर्नुपर्ने कामको सूची पनि जारी गरेको छैन । त्रुटि सच्याउने कामको लागि निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको मनासिव देखिएन ।

यातायात व्यवस्था कार्यालयहरू

४६. **राजस्व आम्दानीः** यातायात व्यवस्था कार्यालय, महाकालीले यस वर्ष विभिन्न आठ शिर्षकमा रु.१४ करोड ५८ लाख ८१ हजार राजस्व आम्दानी गरेको छ । सर्भर निरन्तर डाउन हुने, सवारी साधनको चक्रिय शुल्क जरीबाना स्वचालित रूपमा गणनाका लागि पोष्टिङ्ग गर्दा सफ्टवेयरले काम नगर्ने, धेरै वर्षको शुल्क जरिवाना बक्यौता भएपनि चालु वर्षको मात्र सफ्टवेयरबाट भुक्तानी गर्न मिल्ने भएकोले कम्प्युटर प्रणाली त्रुटिपूर्ण रहेको छ । बक्यौता राजस्वसँग सम्बन्धित कागजातहरू कार्यालयले राजस्व असुलीको अभिलेखसँग नराखेको कारण यस प्रणालीको आधारमा बक्यौता राजस्व भिडान गर्न सक्ने अवस्था छैन । यसबाट राजस्व असूलीमा थप जटिलता देखिएको हुँदा कम्प्युटर प्रणालीबाट प्राप्त भएको राजस्व दाखिला भए नभएको यकिन गर्न सकिएन । उपर्युक्त अनुसार राजस्व संकलनका लागि एउटै र विश्वसनीय सफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ ।

- **बेरुजु स्थितिः** मन्त्रालय तथा मातहतका १९ कार्यालयको लेखापरीक्षणबाट रु.४६ करोड २३ लाख २८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१९ करोड ५ लाख ६४ हजार फर्स्यौट भई रु.२७ करोड १७ लाख ६४ हजार फर्स्यौट गर्न बाँकी रहेको छ ।सो मध्य रु.३२ लाख ९८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३८ सरकारी कार्यालयतर्फ विनियोजन रु.२ अर्ब २८ करोड २९ लाख १४ हजार, राजस्व रु.१ करोड १७ लाख ५९ हजार, धरौटी रु.९ करोड ६८ लाख ३० हजार र कार्य सञ्चालन कोष तर्फ रु.४३ करोड ५६ लाख ७४ हजार, तथा समिति तथा अन्य संघ संस्थातर्फ रु.१ अर्ब १९ करोड ५० लाख ६ हजार समेत गरी रु.४ अर्ब २ करोड २१ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् ।

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले विभिन्न ५८ विषयमा नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमनको जिम्मेवारी समाजिक विकास मन्त्रालयलाई तोकेको छ। त्यस मध्ये प्रदेशस्तरीय विश्वविद्यालय तथा उच्च शिक्षा, विद्यालय तहको शिक्षक व्यवस्थापन, महिला हक, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, सँस्कृति विकास, स्वास्थ्य सेवा तथा पोषण र रोजगार प्रवर्द्धनसँग सम्बन्धित ऐन, नियम, नीति, मापदण्ड तथा कार्यविधि तर्जुमा नगरेकोले यथाशीघ्र तर्जुमा गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयनः** प्रदेशको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम मध्ये मन्त्रालयले प्रत्येक निर्वाचन क्षेत्रमा निर्माणाधीन खेलमैदान सम्पन्न गर्ने, निवृत्त खेलाडी कल्याणकारी कोषको व्यवस्था गर्ने, सार्वजनिक पूर्वाधारहरू बालमैत्री एवम् अपाङ्गमैत्री बनाउने, हरेक जिल्लामा ५ का दरले ४५ सामूदायिक लघु सङ्ग्रहालय स्थापना गर्ने, मुख्य मन्त्री प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यक्रम सञ्चालन गर्ने, प्रदेश विश्वविद्यायल र प्रदेश पोलिटेक्निक इन्स्टिच्युट स्थापना गर्ने, शिप विकास तालिम केन्द्र मार्फत २ हजार युवाहरूलाई तालिम दिई स्वरोजगार बनाउने, बर्थिङ सेन्टर नभएका ३२ स्थानीय तहमा बर्थिङ सेन्टर स्थापना एवम् सञ्चालन गर्ने, राष्ट्रिय आयुर्वेद सम्मेलन आयोजना गर्ने, सिकलसेल एनिमिया र थालासेमियाबाट प्रभावितलाई कैलाली र कञ्चनपुर जिल्लामा रहेका प्रदेश सरकारका सवै सरकारी अस्पतालबाट निःशुल्क रगत परीक्षण तथा औषधि वितरण गरिने लगायतका कार्यक्रम बजेट अभावको कारणले सञ्चालन हुन सकेको देखिएन । बजेट बक्तव्य तथा कार्यक्रम छनौट बीच तादम्यता कायम हुन नसक्दा कार्यान्वयनमा समस्या देखिएको छ । कार्यक्रम र आयोजना स्वीकृत भएपछि बजेट विनियोजन गरी कार्यान्वयन गर्नु पर्दछ ।

३. **कार्यक्रम कार्यान्वयनः** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ को अनुसूची २ ले यस मन्त्रालयलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायत विभिन्न ५८ कार्यक्षेत्रमा ऐन, नियम, नीति, मापदण्ड तर्जुमा, सञ्चालित कार्यक्रमको अनुगमन र नियमनको जिम्मेवारी तोकिएको छ । मातहतका निकायहरूबाट सञ्चालन गर्नुपर्ने सामुदायिक पुस्तकालय अनुदान निकासा, साधारण तथा प्राविधिक तर्फ उच्च शिक्षा लक्षित छात्रवृत्ति सहयोग कार्यक्रम, विभिन्न किसिमका तालिम, अक्सिजन प्लान्ट निर्माण, विभिन्न खेलकुद प्रतियोगिता कार्यक्रम, विभिन्न जनचेतनामूलक तथा क्षमता विकास तालिम कार्यक्रम

लगायतका कार्य सञ्चालन स्तरका कायक्रम मन्त्रालय आफैले सञ्चालन गरी रु.१९ करोड ९३ लाख ३८ हजार खर्च गरेको छ । कार्यसञ्चालन स्तरका कार्यक्रमहरू मातहतका कार्यालयहरूबाट सञ्चालन गराई मन्त्रालय नीति निर्माण, योजना तर्जुमा र समन्वय र नियमनमा केन्द्रित हुनुपर्दछ ।

४. **अवण्डा बजेटः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका र आगामी आर्थिक वर्ष खर्च हुन सक्ने पुष्ट्याँई सहित बजेट व्यवस्थापनको लागि रकम प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अवण्डा राखेको रु.६४ करोड ७४ लाख विभिन्न २१ कार्यक्रमको लागि असार मसान्तमा निकासा दिएको छ ।यसरी निकासा दिएको रकमबाट खरिद ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरी कार्यक्रम सञ्चालन गर्न सम्भव देखिँदैन । खर्च गर्ने समय समेत विचार गरी निकासा दिनुपर्दछ ।

५. **कोभिड १९ नियन्त्रण तथा व्यवस्थापनः** विश्वव्यापी रूपमा फैलिएको कोरोना माहामारी नियन्त्रण गर्न मन्त्रालय र मातहतका २० निकायले अस्पताल निर्माण तथा व्यवस्थापनमा रु.१ करोड २० लाख, प्रयोशाला निर्माण वा स्तरोन्नतिमा रु.६३ लाख, क्वारेण्टिन निर्माणमा रु.६५ लाख, क्वारेण्टिनको खाना खर्चमा रु.६४ लाख, आइसोलेशन व्यवस्थापनमा रु.१ करोड २७ लाख, औषधि तथा औषधिजन्य सामाग्री खरिदमा रु.४ करोड ६२ लाख आदी समेत रु.३२ करोड ३१ लाख ५५ हजार मातहतका निकायलाई निकासा दिएको छ । असार मसान्तसम्म सेती प्रादेशिक अस्पताल बाहेक अन्यत्र प्रयोगशाला सञ्चालन गर्न नसक्नु र उपलब्ध १५ बेडको कोभिड आइ.सि.यु अपर्याप्त हुनु, भारतबाट फर्केका नेपालीहरूको कोभिड परीक्षण र होल्डिङ सेन्टर समयमै स्थापना नगरिनु, कोभिड ल्यावमा विग्रिएका पि.सि.आर मेसिन मर्मत नगर्नु आदि पक्षलाई हेर्दा यस प्रदेशको कोभिड नियन्त्रण तथा व्यवस्थापनको पूर्व तयारी सहितका काममा प्रभावकारिता देखिएन ।

शिक्षा विकास निर्देशनालय, डोटी

६. **अनुपातिक अंशः** शिक्षा पूर्वाधार विकास कार्यक्रमको लागि सङ्घीय तथा प्रादेशिक अनुदान अन्तर्गत भएका सम्झौतामा १० प्रतिशत लागत लाभग्राही उपभोक्ता समितिले व्यहोर्नु पर्ने उल्लेख छ । निर्देशनालयबाट लाभग्राही समुदायहरू मार्फत निर्माण भएका भौतिक संरचनाको लागि विभिन्न ४६ उपभोक्ता समितिहरूलाई जनसहभागिताको रकम कट्टा गरी रु.४ करोड ९ लाख २७ हजार भुक्तानी गर्नुपर्नेमा रु.४ करोड २० लाख ७२ हजार भुक्तानी गरेकोले भुक्तानी गर्दा तोकिए भन्दा कम अनुपातिक अंश कट्टा भएको देखिएकोले नपुग रु.११ लाख ४७ हजार सम्बन्धित उपभोक्ता समितिहरूबाट रकम असुल हुनुपर्दछ ।

७. **बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा सार्वजनिक निकायले दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गराउँदा निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरू समेतको बीमा गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले कैलाली, कन्चनपुर, डोटी, अछाम र डडेल्धुरामा रु.६० लाख भन्दा माथिका ११ छात्रावास तथा विद्यालय भवन निर्माण गर्न विभिन्न ९ निर्माण व्यवसायीसँग रु.६ करोड ७८ लाख ४४ हजारको सम्झौता गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम सबै निर्माण कार्यको बीमा गरेको छैन । नियमानुसार निर्माण व्यवसायीलाई निर्माण कार्यको बीमा गर्न लगाउनु पर्दछ ।

८. **कामको नापीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार गरिएको कामको नापी किताबमा प्रविष्ट गरेपछि भुक्तानी दिने व्यवस्था छ । निर्देशनालयले यो वर्ष ८४ विद्यालयका ट्रस

भवनको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु.४ करोड २३ लाख १९ हजार भुक्तानी भएको छ । नापी किताव तथा विल विजकमा ट्रस भवनमा प्रयोग भएका निर्माण सामाग्रीहरूको परिमाणात्मक विवरण स्पष्ट नखुलाई "ट्रस एक सेट" भन्ने मात्र उल्लेख भएबाट वास्तविक प्रयोग भएको निर्माण सामाग्रीको परिमाण यकिन भएन । अतः सम्पादित कामको परिमाण र मूल्य खुल्ने नापी किताब पेश गर्नुपर्दछ ।

९. **अनुगमनः** शिक्षा विकास कार्यक्रम संघ विशेष अनुदान अन्तर्गत सामुदायिक विद्यालयहरूमा कम्प्युटर ल्याव स्थापनाको लागि विद्यालय व्यवस्थापन समितिसँग गरेको सम्झौतामा विद्यालयलाई प्रदान गरिएको कम्प्युटर उपकरणहरू स्पेसिफिकेसन बमोजिम भए नभएको अनुगमन गर्नु पर्ने, अनुगमन गर्दा तोकिए बमोजिम नभएमा उपलब्ध गराएको सम्पुर्ण रकम फिर्ता दिनुपर्ने र कार्य फर्स्यौंटको लागि विद्यालय व्यवस्थापन समितिले खरिद गरी जडान गरिएका कम्प्युटर समाग्रीहरूको चारै तिर देखिने फोटो तथा दाखिला प्रतिवेदन प्रमाणित गरी पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष निर्देशनालयले सुदूरपश्चिम प्रदेशका ८ जिल्लाका ४४ विद्यालयहरूलाई प्रति विद्यालय रु.५ लाखका दरले कम्प्युटर ल्याव निर्माण गर्न रु.२ करोड २० लाख अनुदान दिएकोमा सम्झौता अनुरुप अनुगमन गरेको छैन । प्राप्त विवरण अनुसार कैलाली, डोटी, बाजुरा र बझाङका १२ विद्यालयहरूले एउटै फोटो प्रमाणित गरी पेश गरेको आधारमा रु.६० लाख भुक्तानी दिएको देखिएकोले पेश गरेका कागजातको यथार्थता यकिन हुन सकेन । यसको अनुगमन गरी यथार्थता छानविन गर्नुपर्दछ ।

प्रदेश स्वास्थ्य निर्देशनालय, डोटी

१०. **भुक्तानीमा करः** आयकर ऐन, २०५८ को दफा ८९ मा वासिन्दा व्यक्तिले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा कूल भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले ८८ स्थानीय तहको लागि ग्रामिण अल्ट्रा साउण्ड मेसिन खरिदको लागि अन्तराष्ट्रिय स्तरको खुला बोलपत्रको माध्यमबाट छनौट भएको हस्पिटेक ईन्टरप्राइजेज काठमाडौँसँग अमेरिकी डलर १० लाख २४ हजार मा सम्झौता गरी रु.११ करोड २७ लाख ३८ हजारमा खरिद भएको देखियो । निज आपुर्तिकर्तासँग १ जुलाई २०१९ मा भएको सम्झौतामा सबै प्रावधान नेपाल कानुन अनुसार नै हुने उल्लेख भएकोले ऐन बमोजिम रु.१६ लाख ९१ हजार अग्रिम कर असुल गर्नुपर्दछ ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कैलाली

११. **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१क) अनुसार पचास लाख रुपैँया भन्दा माथीको औषधि वा औषधिजन्य मालसामान खरिद गर्दा राष्ट्रियस्तरमा बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। केन्द्रले कोभिड १९ सँग सम्बन्धित बाहेकका नियमित प्रयोजनका आयुर्वेदिक औषधिहरू एउटै आपुर्तिकर्ताबाट २ सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरी रु.८६ लाख २० हजार र आधारभूत स्वास्थ्य सेवा तथा बाल एवम् मातृ स्वास्थ्यका औषधिहरू १४ टुक्रामा सोझै खरिद गरी रु.१ करोड ५२ लाख ४४ हजार समेत रु.२ करोड ३८ लाख ६४ हजारको औषधी प्रतिस्पर्धा वेगर टुक्रा पारी खरिद गरेको छ। खरिदलाई प्रतिस्पर्धात्मक र मितव्ययी बनाउनु पर्दछ ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कैलाली

१२. **उपयोग नहुने सामाग्री खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्दा सार्वजनिक निकायले खरिद गरिने मालसामानको गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी यथासम्भव प्रतिस्पर्धा गराई आकस्मिक परिस्थितिको सामाना गर्न कुनै एउटा मात्र आपुर्तिकर्तासँग सम्झौता गरी खरिद गर्न सकिने व्यवस्था छ । प्रयोगशालाले कोभिड/१९ को नियन्त्रण र उपचारको लागि २ हजार पिस आर.डी.टी. कीट मिति २०७७।२।२ मा एक आपूर्तकसँग खरिद गरी रु.१६ लाख ९५ हजार भुक्तानी गरेकोमा सबै किटहरू तोकिएको गुणस्तर कायम नभएको जनाई प्रयोग गरेका छैनन् । गुणस्तर समेत यकिन नगरी खरीद गर्ने र प्रयोग गर्न नमिल्ने किटहरू सम्बन्धित आपूर्तकलाई फिर्ता नगर्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

सेती प्रादेशिक अस्पताल

१३. **औषधीको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.२ करोड ५२ लाख ९९ हजारको औषधि गुणस्तर परीक्षण बेगर खरिद गरेको छ।

१४. **अतिरिक्त समय भत्ता :** अस्पतालमा कार्यरत कर्मचारीहरूलाई अतिरिक्त समय भत्ता, राती काम गरेको भत्ता तथा सट्टा बिदाको रकम भुक्तानी दिँदा काम गर्ने व्यक्तिहरू र काम गरेको मिति एवम् समय खुल्ने विवरण संलग्न गर्नु पर्नेमा सो नगरी रु.८ लाख २३ हजार भुक्तानी गरेको छ। सो अनुसारका कागज प्रमाणहरू पेश गर्नुपर्दछ।

१५. **अस्पताल भवन निर्माण :** अस्पताल भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७७।१२।११ मा सम्पन्न गर्ने गरी रु.१५ करोड ९३ लाखमा २०७७।३।१४ मा सम्झौता गरी रु.२८ लाख पेस्की दिएको देखिन्छ।लेखापरीक्षणको क्रममा २०७७ पौषमा निर्माणस्थल निरीक्षण गर्दा जगको काम भईरहेको पाईयो । सम्झौता अवधि ९ महिनामा सम्पन्न गर्नुपर्ने कामको ६ महिनामा जगको काम पनि पूरा नगरेको देखिँदा निर्माण कार्यलाई शीघ्रता दिनुपर्दछ।

१६. **भौतिक संरचना :** नेपाल सरकार स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा ४ मा गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड तोकिएको छ।विभिन्न ईकाईबाट प्रदान गर्ने सेवाको लागि सञ्चालन कार्यविधि तयार गरी लागु गर्नु पर्नेमा सो गरेको पाईएन।अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रूपमा सफासुग्घर राखिएको हुनुपर्नेमा अस्पताल निरीक्षण गर्दा सरसफाईको अवस्था कमजोर देखियो।स्त्रीरोग, बालरोग, बहिरंग विभागहरू रहेको भवन पुरानो र जिर्ण देखियो।सञ्चालित २५० शैय्याको कम्तीमा १२ शैय्या आई.सि.यू वेड हुनुपर्नेमा ५ बेडमात्र रहेका छन् ।

१७. **हेमोडाइलासिसः** अस्पताल र एक प्राइभेट लिमिटेडबीच सम्पन्न सम्झौता बमोजिम २०७५ ज्येष्ठबाट सञ्चालित हेमोडाइलासिस सेवामा १० मेसिन जडान गरी सेवा सञ्चालन गर्नुपर्नेमा स्थलगत निरीक्षण गर्दा सात मेसिनबाट सेवा दिएको पाईएकोले नपुग मेसिन थप गराउनुपर्दछ।

१८. **दरबन्दी तथा पदपूर्तिः** कार्यालयको काम प्रभावकारी रूपले सञ्चालन गर्न स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ । यस कार्यालयमा १९२ दरबन्दी रहेकोमा १४१ पदपूर्ति भई प्रमुख कन्सल्टेन्ट

(चिकित्सक) ३ जना सहित चिकित्सक १९ जना, नर्सिङ ६ जना, पारामेडिक्स ८ जना र अन्य १८ जना सहित कुल ५१ दरबन्दी रिक्त रहेकोले रिक्त अस्पतालमा रहेका सम्पुर्ण पदहरू पदपूर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ ।

१९. **कोभिड कोष र खर्चः** अस्पतालको कोभिड कोषमा सङ्घीय सरकारबाट ५ करोड ८१ लाख ५हजार र प्रदेश सरकारबाट ३ करोड २६ लाख ६८ हजार समेत रु.९ करोड ७ लाख ७३ हजार प्राप्त भई जनशक्ति परिचालन, औषधि एवम् स्वास्थ्य उपकरण तथा सामाग्री खरीद र उपचारका लागि भर्ना भएका विरामीका सरसफाईका सामान खरीदमा कुल ६ करोड ३९ लाख २२ हजार खर्च भएको छ।

२०. **महामारीको पुर्वतयारीः** कोभिड १९ को महामारी नियन्त्रण गर्न पूर्व तयारीको रूपमा उपकरण, शैय्या, भवन, जनशक्तिको व्यवस्थापन गर्नुपर्नेमा उपचार कक्ष निर्माण र आई.सि.यू व्यवस्थापनमा रु.३४ लाख ९० हजार खर्च गरिए पनि पर्याप्त व्यवस्था हुन नसकेको र ५० बेडको आईसोलेसन केन्द्र निर्माण गरिए पनि वेड, अक्सिजन लगायतका सुविधा उपलब्ध नभएकोले समयमा सञ्चालन हुन नसक्दा कोभिड नियन्त्रण तथा रोकथामको पूर्व तयारी पर्याप्त र प्रभावकारी भएको देखिएन।

जिल्ला अस्पतालहरू

२१. **उपयोग विहिन उपकरणहरुः** मेडिकल उपकरणहरू खरिद गर्दा जडान तथा सञ्चालन गर्ने स्थान र चाहिने जनशक्तिको समेत व्यवस्था गरी खरिद गर्नुपर्दछ । अक्सिजन कन्सन्ट्रेटर, एक्सरे मेसिन जस्ता विभिन्न स्वास्थ्य उपकरणहरू खरिदमा जिल्ला अस्पताल डोटीले रु.२९ लाख ३१ हजार र जिल्ला अस्पताल बाजुराले रु.२९ लाख ४० हजार समेत रु.५८ लाख ७१ हजार खर्च लेखेका छन् । खरिद गरिएका उक्त उपकरणहरू कर्मचारी व्यवस्थापन लगायत अन्य प्रबन्धको अभावमा प्रयोगमा नआइ अस्पतालको एउटा कोठामा प्रयोग विहिन अवस्थामा रहेका छन्। आवश्यक जनशक्तिको प्रवन्ध नहुदै उपकरण खरीद गरी लामो समयसम्म उपकरणहरू प्रयोगमा नल्याउँदा स्रोतको प्रभावकारी उपयोग नहुनुका साथै उपकरणहरूको कार्यक्षमतामा समेत ह्रास आउन सक्ने अवस्थालाई मध्ये नजर गरी प्रयोगमा ल्याउन नसकिने उपकरण खरिदमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ । साथै खरिद गरिएका उपकरणहरू यथासिघ्र प्रयोगमा ल्याउनु पर्दछ ।

२२. **घटी सेवा शुल्क असुलीः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा सार्वजनिक निकायले संकलन गरेको राजस्व यथासिघ्र दाखिला गर्नुपर्ने व्यवस्था छ । जिल्ला अस्पताल डोटीको अस्पताल व्यवस्थापन समितिबाट प्राप्त सेवा शुल्कको दर तथा प्रदान गरिएको सेवाको विवरणको आधारमा रु.२७ लाख २३ हजार सेवा शुल्कमध्ये छुट दिएको रु.६९ हजार घटाई रु.२६ लाख ५४ हजार दाखिला हुनु पर्नेमा रु.१९ लाख ८५ हजार मात्र दाखिला गरेको देखिएकोले घटी दाखिला भएको रु.६ लाख ६९ हजारको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।

२३. **राजस्व बक्यौताः** प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १९ मा राजस्व असुली, वैंक दाखिला गर्ने गराउने, लेखा राख्ने राख्र लगाउने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । अस्पतालका सर्टर भाडामा उपलब्ध गराए बापत टिकापुर अस्पताल, कैलालीले रु.८ लाख ८१ हजार र सेती प्रादेशिक अस्पताल, कैलालीले रु.१ करोड ६६ लाख ७७ हजार समेत रु.१ करोड ७५ लाख ५८ हजार भाडा असुल गर्न बाँकी रहेको देखियो । सम्झौतामा उल्लिखित शर्तको अधिनमा रहि सम्बन्धित निकायसँग ब्याज सहित असुल गर्नुपर्दछ ।

२४. **मूल्य अभिवृद्धि कर समायोजनः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई रकम भुक्तानी गर्दा ५० प्रतिशत मूल्य अभिवृद्धि कर सम्बन्धित फर्मको नाममा राजस्व दाखिला गरी बाँकी मूल्य अभिवृद्धि कर रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभिन्न फर्महरूबाट मालसामान खरिदको रकम भुक्तानी गर्दा भुक्तानी हुने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत कट्टा नगरी पुरै भुक्तानी हुँदा जिल्ला अस्पताल बझाङले रु.२ लाख १० हजार, महाकाली अस्पताल कन्चनपुरले रु.१ लाख ७२ हजार र जिल्ला अस्पताल बैतडीले रु.६ लाख ७८ हजार समेत कूल रु.१० लाख ६० हजार मूल्य अभिवृद्धि कर सम्बन्धित फर्महरूलाई नै भुक्तानी भएको देखियो । तसर्थ सम्बन्धित फर्महरूबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

२५. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा रु.२० लाख भन्दा माथीको औषधिजन्य मालसामान एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी एउटै आपुर्तिकर्ताबाट खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष महाकाली अस्पताल महेन्द्रनगर कन्चनपुरले ४ आपुर्तिकर्ताहरूबाट पटक पटक रु.१ करोड २५ लाख ३५ हजारको औषधिजन्य मालसामानहरू सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धा सीमित हुने गरी खरिद गरिने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

२६. **अनुगमनः** गत वर्षको प्रतिवेदनमा दरबन्दी तथा पदपुर्ति व्यवस्थापन, खरिदमा प्रतिस्पर्धा र बढी भुक्तानी लगायतको व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।

प्रदेश स्तर कोभिड १९ को समग्र व्यहोरा

२७. **कोषको हिसाबः** सुदूरपश्चिम प्रदेश कोरोना भाइरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ को बुदा नं. ८ मा कोषको आम्दानी र खर्चको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्ने व्यवस्था छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कोषमा प्रदेश सरकारबाट रु.४० करोड र विभिन्न पदाधिकारी कर्मचारी उद्योगी व्यापारी तथा व्यक्तिहरूबाट रु.३ करोड ७७ लाख ६० हजार समेत कूल रु.४३ करोड ७७ लाख ६० हजार आम्दानी भएकोमा संघीय निकायहरू मार्फत रु.१ करोड ४० लाख, प्रदेश कार्यालयहरू मार्फत रु.२० करोड ४० हजार र स्थानीय तहमार्फत रु.२१ करोड ३० लाख ४४ हजार समेत कूल रु.४२ करोड ७० लाख ८४ हजार (९८.५५ प्रतिशत) खर्च भई रु.१ करोड ६ लाख ७५ हजार बाँकी रहेको देखियो । बैङ्क स्टेटमेन्ट अनुसार रु.१ करोड ९ लाख ३२ हजार मौज्दात देखिएकोले फरक परेको मौज्दात रु.२ लाख ५७ हजारको हिसाब मिलान हुनु पर्दछ ।

२८. **कोषको खर्च लेखाङ्कनः** सुदूरपश्चिम प्रदेश कोरोना भाइरस लकडाउन राहत मापदण्ड, २०७६ को बुँदा न ९ मा प्रदेश सरकारबाट प्रदान गरिएको राहत रकम लकडाउनको अवधिमा राहत सामाग्री व्यवस्थापन कार्यमा खर्च गरी बचत रकम कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारले यसवर्ष ८८ वटा स्थानीय तहलाई आइसोलेशन र राहतको लागि रु.२१ करोड ३० लाख ४४ हजार, ९ जिल्लाका जिल्ला प्रहरी कार्यालयहरू, सशस्त्र प्रहरी गणहरू, राष्ट्रिय अनुसन्धान विभागका कार्यालयहरू र नेपाली सेनाका गण तथा गुल्महरू समेत ४४ निकायलाई रु.१ करोड ४० लाख र प्रदेश समाजिक विकास मन्त्रालयलाई रु.२० करोड ४० हजार निकासा दिएकोमा मन्त्रालयले खर्च एवं बचत रकमको विवरण अध्यावधिक गरेको छैन ।

२९. **जोखिम आङ्कलन र पुर्वतयारीः** सुदुरपश्चिम प्रदेश सरकारले मिति २०७७ वैशाख १५ गते सुदूरपश्चिम प्रदेश कोरोना रोग नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । जस अनुसार प्रदेश स्तरमा प्रदेश संकट व्यवस्थापन केन्द्र, प्रदेश आपतकालिन संचालन केन्द्र, जिल्ला स्तरमा जिल्ला आपतकालिन संचालन केन्द्र, ऱ्यापिड रेस्पोन्स टिम तथा स्थानीय स्तरमा स्थानीय कोभिड रोकथाम समूह र वडा अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय अनुगमन समिति विकास गर्ने उल्लेख छ । त्यसै गरी प्रदेश संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार जिल्ला स्तरमा ३०० देखि ५०० वेड सम्मको क्वारेन्टिन र स्थानीय तहमा १०० देखि २०० बेड सम्मको क्वारेन्टिन निर्माण गर्ने, जिल्ला भित्र प्रवेश गर्ने व्यक्तिहरूलाई अनिवार्य रुपमा अलग्गै बस्न लगाउने र सीमानाकामा स्वास्थ्यकर्मी परिचालन गरी कोभिड परीक्षणलाई अनिवार्य र व्यवस्थित बनाउने, जोखिमपूर्ण स्थानहरू पहिचान गर्ने र क्रमशः सील गर्दै जाने लगायतका कार्ययोजना रहेको छ । कार्ययोजनाको कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन :

३०. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार २०७७ असार मसान्तसम्म भारत तथा अन्य मुलुकबाट यस प्रदेशमा भित्रिएका व्यक्तिको संख्या २ लाख ४३ हजार देखियो । प्रदेश अन्तर्गतका अस्पताल तथा प्रयोगशालाबाट असार मसान्त सम्म आर.टि.डी परीक्षण १ लाख १९ हजार र पि.सि.आर परीक्षण २८ हजार समेत १ लाख ४७ हजार गरेको देखियो । देश वाहिरबाट यस प्रदेश प्रवेश गरेका व्यक्तिहरूको संख्यालाई आधार लिँदा ९६ हजार (४० प्रतिशत) को परीक्षण नगरी समाजमा सम्पर्कमा आएको देखिन्छ ।आरटिडी परीक्षण गरिएका मध्ये ८ प्रतिशत र पि.सि.आर परीक्षण गरिएका मध्ये १४ प्रतिशतमा कोरोना संक्रमित देखिएको छ । संक्रमणको दर उच्च रहेको अवस्थामा पनि परीक्षणलाई बढाउन सकेको देखिएन ।

३०.१. प्रदेश भरी ६० हजार १६५ बेडको क्वारेन्टिन निर्माण गरेकोमा ६ हजार १८३ (१० प्रतिशत) भर्ना भएको र २ हजार ५९ आइसोलेशन बेडको व्यवस्था भएकोमा ७१० (३५ प्रतिशत) उपयोगमा आएको देखिन्छ । प्राप्त विवरणबाट परीक्षणका क्रममा कोरोना संक्रमण प्रमाणित भएका १३ हजार ५०८ मध्ये ६ हजार ८९३ लाई क्वारेन्टिन तथा आइसोलेशनमा रखिएको देखिन्छ । जसअनुसार ६ हजार ६१५ संक्रमित व्यक्तिहरूलाई क्वारेन्टिन तथा आइसोलेशनमा नराखेको देखियो । कोभिड १९ बाट संक्रमण भएका व्यक्तिहरूलाई क्वारेन्टिन तथा आइसोलेशनमा राख्न नसकेको र परीक्षण पनि गर्न नसकेको देखिन्छ ।

३०.२. मन्त्रालयले अस्पताल निर्माण तथा व्यवस्थापनमा रु.१ करोड २० लाख २३ हजार, प्रयोशाला निर्माण वा स्तरोन्नतिमा रु.६३ लाख २८ हजार, क्वारेण्टिन निर्माणमा रु.५६ लाख ५ हजार, क्वारेण्टिनमा प्रयोग हुने सामाग्री खरीदमा रु.९७ हजार, क्वारेण्टिनमा बस्नेको खाना खर्चमा रु.६४ लाख ७० हजार, आइसोलेशन निर्माण वा तयारीमा रु.७२ लाख २५ हजार, आइसोलेशन व्यवस्थापन खर्चमा रु.५५ लाख ११ हजार, आइसोलेशन खाना खर्चमा रु.३४ लाख ६१, औषधिमा रु.४० लाख २४ हजार, औषधिजन्य सामाग्रीमा रु.४ करोड २२ लाख ३७ हजार, स्वास्थ्य उपकरणमा रु.९ करोड ८५ लाख ८६ हजार, शव व्यवस्थापन सामाग्रीमा रु.१७ लाख ६९ हजार, एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन खर्चमा रु.२ लाख ९८ हजार, यातायात खर्चमा रु.४ लाख ९८ हजार र अन्य शिर्षकमा रु.२ करोड ५९ लाख ४२ हजार समेत कूल रु.२२ करोड ८२ हजार खर्च भएको देखिन्छ । उल्लिखित रकम पुर्वतयारी तथा व्यवस्थापनमा खर्च गरेकोमा असार मसान्तसम्म सेती अस्पतालमा बाहेक अन्यत्र प्रयोगशाला संचालन गर्न नसक्नु र १५ बेड मात्र कोभिड आइ.सि.यू संचालन हुनु, सुदूरपश्चिमका कतिपय स्थानीय तहहरू कोरोना परीक्षणको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रितष्ठान

जुम्ला पुगेका उदाहरणले विश्वव्यापी महामारीको जोखिम न्यूनिकरणका लागि पर्याप्त पुर्व तयारी र व्यवस्थापन गरेको देखिदैन ।

३०.३. **प्रयोगशाला स्थापना तथा संचालनः** सुदूरपश्चिम प्रदेश कोरोना रोग नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना २०७७ मा आरटीटी परीक्षणलाई समुदायस्तरमा पुऱ्याउने र पि.सि.आर परीक्षण गर्ने कार्यलाई व्यवस्थित तथा वृद्धि गरी प्रदेशमा थप प्रभावकारी बनाउने उल्लेख छ । व्यक्तिको स्वाब परीक्षण गरी महामारी नियन्त्रण गर्न प्रदेश अन्तर्गत सम्पादित कार्यको परीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन् :

३०.४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश भित्र २८ हजार २३२ पिसिआर परीक्षण भएकोमा सेती प्रादेशिक अस्पतालमा १३ हजार ४९६ पिसिआर परीक्षण गरेको र १४ हजार ७३६ (५२ प्रतिशत) स्वावका नमूना कर्णाली र बागमती प्रदेशका प्रयोगशालाहरूबाट परीक्षण भएको देखियो । सेती प्रादेशिक अस्पतामा रहेको पि.सी.आर मेशिनको परीक्षण क्षमता दैनिक ५०० रहेपनि परीक्षण किट तथा जनशक्तिको अभावले परीक्षणको दर न्यून हुन गएको र परीक्षणको रिपोर्ट आउन १० दिन सम्म लाग्ने गरेकोले संक्रमण नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न नसकिएको देखियो ।

३०.५. आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश भित्र १ लाख १८ हजार ७४८ आर.डि.टि परीक्षण गरेको मध्ये जनस्वास्थ्य प्रयोगशाला, कैलालीले २२ हजार ४५० परीक्षण गरेको र ९६ हजार २९८ परीक्षण स्थानीयस्तर र अन्य प्रयोगशालामा भएको देखियो । जनस्वास्थ्य प्रयोगशालाको क्षमता कम भएको देखियो ।

३०.६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्दा सार्वजनिक निकायले खरिद गरिने मालसामानको गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी यथासम्भव प्रतिस्पर्धा गराई आकस्मिक परिस्थितिको सामाना गर्न कुनै एउटा मात्र आपुर्तिकर्तासँग सम्झौता गरी खरिद गर्न सकिने व्यवस्था छ । जनस्वास्थ्य प्रयोगशाला, कैलालीले कोभिड-१९ को नियन्त्रण र उपचारको लागि २ हजार वटा आर.टि.डी कीट खरिद गरी रु.१६ लाख ९५ हजार भुक्तानी गरेकोमा सबै किटहरू तोकिएको गुणस्तर कायम नभएको जनाई प्रयोग गरेका छैनन् । गुणस्तर समेत एकिन नगरी खरीद गर्ने र प्रयोग गर्न नमिल्ने किटहरू सम्बन्धित आपूर्तकलाई फिर्ता नगरी मौज्दात मै राखी हानीनोक्सानी पारेको देखियो । सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

- **बेरुजु स्थितिः** यो वर्ष मन्त्रालय र मातहतका १९ निकायहरूमा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन् ।

➢ सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रु.१६ करोड ४४ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२६ लाख ७३ हजार फर्स्यौट भई रु.१६ करोड १७ लाख ९४ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.१४ करोड १० लाख ५४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

➢ समिति तथा अन्य संस्थामा लेखापरीक्षणबाट रु.३ करोड १३ लाख ७३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३३ लाख ४० हजार फर्स्यौट भई रु.२ करोड ८० लाख ३३ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.५ लाख ९४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु.१ करोड ३४ लाख ३१ हजार, राजस्व रु.१५ हजार र धरौटी रु.२ लाख ८ हजारसमेत रु.१ करोड ३६ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्।

१. **मुद्दाको स्थितिः** मुख्य न्यायधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फबाट सर्वोच्च अदालतमा १६, उच्च अदालतमा १३ समेत कूल २९ मुद्दा सम्वन्धी लिखित जवाफ प्रस्तुत गर्ने, वहस पैरवी गर्ने ,प्रतिरक्षा गर्ने, निवेदन मस्यौदा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये ९ मुद्दा फस्यौंट भई २० मुद्दा बाँकी रहेका छन् । ६८.९७ प्रतिशत मुद्दा फस्यौंट हुन नसकेको अवस्था रहेकाले न्याय सम्पादनको कार्य समय सीमा भित्र हुनुपर्दछ ।

२. **कानुनी रायः** नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने संवैधानिक एवम् कानुनी व्यवस्था रहेको छ । सो अनुसार प्रदेश सरकारले तोके अनुसारको राय सल्लाह दिनु मुख्य न्याधिवक्ताको कर्तव्य हुने व्यवस्था मुख्य न्यायधिवक्ताको काम कर्तव्य अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन,२०७५ मा उल्लेख भए अनुसार यस बर्ष कार्यालयले कानुनी राय उपलव्ध गराएको विवरण पेश गरेको छैन ।

३. **हिरासत तथा थुनुवा कक्षः** हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशिकामा सङ्घीय सरकार वा प्रदेश सरकारका तर्फबाट हिरासत वा थुनुवा कक्षमा रहेका नागरिक उपर मानवोचित व्यवहार भए नभएको वा नागरिक हकको हनन भए नभएको वा त्यस्तो अधिकारको हनन् हुन नदिन हिरासत तथा थुनुवा कक्षको आवधिक, मासिक अनुगमन गरी प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ । उक्त कार्यको थालनी सम्म भएको व्यहोरा प्रगति प्रतिवेदनमा औंल्याए तापनि सोको प्रगति प्रतिवेदन पेश नगरिनुका साथै सन्तोषजनक प्रगति भएको छैन। प्रचलित व्यवस्था अनुसार अनुगमन तथा प्रतिवेदन गर्नुपर्दछ ।

- यो वर्ष विनियोजन राजस्व र धरौटीको कारोवारको लेखापरीक्षण गर्दा बेरुजु देखिएको छैन ।

परिच्छेद ४
प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन :** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मिति २०७७/४/३१ मा प्रदेश सभामा पेश भएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** : यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ ११९ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रु.७५ करोड ४७ लाख ६४ हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ९ निकायबाट प्रमाण तथा प्रतिक्रिया पेस भई लगती दफा २६ बाट रु.२० करोड ७६ लाख ४० हजार फर्स्यौंट भई रु.५४ करोड ७१ लाख २४ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका ९ निकायको रु.३ करोड १३ लाख ७३ हजारमा १ निकायको प्रतिक्रियाबाट रु.३३ लाख ४० हजार फर्स्यौंट गरेकोले रु.२ करोड ८० लाख ३३ हजार बेरुजु बाँकी रहेको छ ।

गत वर्ष प्रदेश सरकारी निकायतर्फको रु.८५ करोड १४ लाख ४५ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट रु.२३ करोड २२ लाख ६ हजार फर्स्यौंट गरेकोले रु.१६ करोड ९२ लाख ३९ हजार बेरुजु बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **बेरुजु न्यूनीकरणः** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउन सकिन्छ । प्रदेश कार्यालयहरू स्थापनाको चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना नभएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आर्थिक कार्यविधि नियम तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन नियम नबनाएको, विद्यमान कानुनको पालना कमजोरी रहेको, अनुगमन तथा मूल्याङ्कन कमजोर देखिएकोले बेरुजु आउने गरेको पाइन्छ। माथिका पक्षहरूलाई विचार गरी प्रचलित कानुनहरूको प्रभावकारी पालना, मापदण्ड, निर्देशिका र कार्यविधिहरूको पालना, गुणस्तरीय खरिद तथा निर्माण, नियमित रूपमा बेरुजु फर्स्यौंट गर्ने कार्यहरूको माध्यमबाट आर्थिक अनुशासन, मितव्ययीता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गरी बेरुजु न्यून गर्न सकिन्छ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

सार्वजनिक जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । स्रोत र साधनको प्राप्ति एवम् परिचालनबाट प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई पारदर्शी, जवाफदेही, मितव्ययी र सुशासनयुक्त एवम् प्रभावकारी बनाउन शासन सञ्चालन तथा आर्थिक कार्य प्रणालीमा सुधार गर्ने विषय निम्न छन् :

१. **नीतिगत तथा कानुनी व्यवस्था**

१.१. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार विभिन्न मन्त्रालयहरूलाई तोकिएका तर सम्पादन नभएका कार्य जिम्मेवारीहरूलाई नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१.२. नेपालको संविधानको धारा ५७ (६) बमोजिम प्रदेशले पहिचान गरेका क्षेत्रमा कानुन र कार्यविधि संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ । कार्यविधि तर्जुमा गर्दा प्रत्यायोजित विधायनको स्रोत खुलाउनु पर्दछ ।

२. **वित्तीय व्यवस्थापन**

२.१. प्रदेशले दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी ती लक्ष्य प्राप्त गर्न आवधिक योजना र बार्षिक बजेट तर्जुमा गर्ने, खर्च व्यवस्थापनमा सुधार गर्ने, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने लगायतका काम गर्नुपर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा प्रदेशस्तरीय निर्देशक एवं विषयगत समिति गठन गर्नुपर्दछ ।

२.२. बजेट प्रणालीमा सुधार गर्न प्राथमिकतामा रहेका कार्यक्रममा बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना तयार गरी सोही आधारमा बजेट तर्जुमा सोही आधारमा गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, धेरै कार्यक्रमभन्दा उपलब्धिमूलक कार्यक्रमलाई प्राथमिकताका आधारमा बजेट तर्जुमा गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिएका छन् ।

२.३. बजेट कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्न निर्देशनालय प्रमुख, कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

२.४. प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिबेदन गर्ने र समयमै सोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

३. **आयोजना व्यवस्थापन** - सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरण पालना गर्दै आयोजना स्वीकृत र सञ्चालन गर्नुपर्दछ । आयोजना सम्पन्न भएपछि प्रतिफलको लेखाजोखा गर्नुपर्दछ । प्रदेश गौरवका आयोजना छनौटको कार्यविधि निर्माण गर्नुपर्दछ ।

३.१. आयोजनाको बिस्तृत संभाव्यता अध्ययन गरी लागत लाभ बिश्लेषणबाट उपयुक्त देखिएका आयोजना छनौटमा प्राथमिकता दिने, सम्पन्न नभएका आयोजनाहरुको विश्लेषण गरी कार्यतालिका बमोजिम कार्य गरी अधुरा आयोजना सम्पन्न गर्ने नीति लिनुपर्दछ । परियोजना बैंक तयार गरी प्राथमिकता प्राप्त आयोजनाको छनौट गरी पूँजीगत खर्चलाई उपलब्धिमुलक क्षेत्रमा परिचालन गर्नुपर्दछ ।

३.२. संघीय सरकारबाट हस्तान्तरण भइ आएका आयोजनाहरुमा पर्याप्त बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ । निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन हुनुपर्दछ ।

३.३. आयोजनाको अनुगमन र मूल्याङ्कन कार्यलाई आयोजना कार्यालय, मन्त्रालय स्तर, प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले अनुगमन मुल्याङ्कन सम्बन्धी आधुनिक विधिहरु प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरुलाई ब्यबस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **खरिद व्यवस्थापन** - सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्दछ । परामर्श सेवा खरिदमा आन्तरिक जनशक्तिको अधिकतम परिचालन गरी अपनत्वको विकास गर्नुपर्दछ । साथै परामर्श सेवाको नर्म्स तयार गरी लागू गर्नुपर्दछ ।

४.१. निर्माण कार्य अधुरो रहँदा सरकारलाई ठूलो रकमको दायित्व सिर्जना हुने तर तोकिएको समयमा प्रतिफल प्राप्त नहुँदा लाभग्राहीले सेवाबाट वञ्चित भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । निर्माण व्यवसायीलाई समयमा कार्यसम्पन्न गर्ने वातावरण तयार गर्ने र आईपरेका बाधा व्यवधान समाधान गर्न कार्यमा सम्बन्धित सार्वजनिक निकायले अग्रसरताका साथ सहयोग र सबै पक्ष निकायबीच समन्वय तथा सहकार्य हुने व्यवस्था गर्नुपर्दछ ।

४.२. खरिद कानुनमा उल्लेखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने कार्य नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समितिले समेत सार्वजनिक खरिद कानुन प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।मेशिन प्रयोग गर्नु नपर्ने श्रममूलक काममा मात्र उपभोक्ता समितिलाई सीमित गर्नुपर्दछ । उपभोक्ता समितिहरुबाटि गरिने कार्यमा जनसहभागिता सुनिस्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारीसहित हस्तान्तरण गर्नुपर्दछ ।

५. **खर्च व्यवस्थापन** - एउटै उद्देश्यमा बेग्लाबेग्लै निकायमा स्रोत विभाजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्ने,, मन्त्रालयहरू कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने कार्यको सट्टा नीतिगत निर्णय, अनुगमन र मूल्यांकनमा संलग्न हुनुपर्ने, पुँजीगत खर्चलाई कार्यक्रम, समय, बजेट परिचालनसँग आबद्ध गर्नुपर्ने विषयमा सुधार हुनुपर्दछ । साथै खर्च सम्बन्धी मापदण्ड तयार गरी मितव्ययी तवरले खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **परामर्श खर्च -** सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य सकभर आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्याकेज बनाई प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, प्राप्त प्रतिवेदन उपर छलफल गरी वस्तुनिष्ठ बनाउने र अध्ययन भएका योजना वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

७. **अनुदान** - अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न आवस्यक पर्ने निर्देशिका र कार्यविधि ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने गरी निजी संथालाई अनुदान दिने परिपाटी अन्त्य गरिनुपर्ने तथा अनुदानको अनुगमन मूल्याङ्कन गर्ने लगायतका कार्य गरी उपलब्धि सुनिश्चित गरिनुपर्दछ । नतिजा वा उत्पादनका आधारमा अनुदान दिने नीति अबलम्बन गर्नुपर्दछ ।

८. **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण** : सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन् लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

संघबाट प्रदेश तथा स्थानीय तहमा जिन्सी सामान, सवारी साधन, भवन हस्तान्तरण गरिएका विवरण तथा वर्तमान अवस्थाको अभिलेख राख्ने एवं अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

९. **सेवा प्रवाह** - सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्न, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिक रुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

९.१. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागु गर्नुपर्दछ । यसका लागि गुनासो सुनुवाईको विश्वसनियता अभिवृद्धि गर्न गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र विद्युतिय माध्यमको प्रयोग गरी तालुक निकाय र स्वतन्त्र निकायको अनुगमन मूल्यांकन प्रणालीलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

९.२. सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, पत्रकार सम्मेलन, सार्वजनिक सवाल जवाफका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा प्राप्त पृष्ठपोषण अवलम्बन गरी सेवा प्रवाह सुदृढीकरण गर्न सार्वजनिक सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागु गर्नुपर्दछ ।

१०. **बिपद व्यवस्थापन** : विपद् व्यवस्थापन लगायतका कोषहरूको उपयोग, परिचालन सम्बन्धमा मापदण्ड तयार गरी कोष परिचालनलाई प्रभावकारी बनाउनु पर्दछ ।

कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी वनाउनुपर्दछ । अस्पतालको क्षमता विकास, जनशक्ति व्यवस्था गरी उपचार सेवामा सुधार गर्नुपर्दछ । मानवीय जीवनलाई नै प्रधानता दिई सबैलाई खोपको समन्यायिक व्यवस्थापन गरिनुपर्दछ ।

११. **संगठन र कर्मचारी व्यवस्थापन** - प्रदेशस्तरको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको सँगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउन एकीकृत एवं समन्वयात्मक रुपले कार्य सम्पादन गर्न दोहोरो नपर्ने गरी सँगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१२. **राजस्व सङ्कलन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३. **लेखाङ्कन प्रतिवेदन र लेखापरीक्षण**

१३.१. आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी वनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित प्रदेश कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

१३.२. सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रबर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेशका सबै निकायहरूमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३.३. तोकिएको समयमा केन्द्रीय हिसाब र वित्तीय विवरण तयार गरी तोकिएको समयमा आन्तरिक एवं अन्तिम लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनको कार्यान्वयन गर्ने, सूचना प्रविधि प्रयोगमा ल्याउनुपर्दछ ।

१३.४. संसदीय समिति, मन्त्रिपरिषद्का निर्णय तथा निर्देशनहरू तथा प्रदेश समन्वय परिषदको निर्णय कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

१३.५. अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम आफू अन्तर्गतका स्थानीय तहबाट आयव्ययको विवरण लिई एकीकृत गरेर संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था गर्नुपर्दछ ।

१४. **अन्तरनिकाय समन्वय** - नेपालको संविधानले संघ र प्रदेशबीच सहकार्य र समन्वय हुनुपर्ने व्यवस्था गरेको छ । तीन तहका सरकार रहेको अवस्थामा प्रदेश सरकारले स्थानीय तह र संघीय सरकारबीच पुलको रूपमा कार्य गर्न तथा योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा अन्तर सरकारबीच दोहोरो नपर्ने गरी योजना छनौट, बजेट विनियोजन तथा सञ्चालन हुनुपर्नेमा सरकारबीच समन्वयको अभावले एउटै योजनामा पनि तीन वटै तहका सरकारबाट बजेट विनियोजन तथा सञ्चालन भएको देखिएकोले तीनै तहका सरकारबीच समन्वय स्थापित हुनुपर्दछ ।

१५. **गुणस्तर परीक्षण** : सार्वजनिक निर्माण कार्यालई दीगो र प्रतिफलमूखी बनाउन स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण नगरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१६. **कानुन पालना** : विद्यमान खरिद, आर्थिक कार्यविधि र अन्य प्रचलित कानुनहरुको प्रभावकारी पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउनु पर्दछ ।

उपर्युक्त बमोजिम नीतिगत, कानुनी, व्यवस्थापकीय, प्रक्रियागत, प्रणालीगत, सुधार कार्य हुनसकेमा वित्तीय व्यवस्थापनमा सुधार भई वित्तीय सुशासन कायम हुने अपेक्षा गर्न सकिन्छ ।

अनुसूचीहरू

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद १ र २ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

२०७६।७७

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालयको सङ्ख्या	बेरुजु
१	प्रदेश सभा सचिवालय	१	१	८९
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	१	१८०
३	सामाजिक विकास मन्त्रालय	३८	१९	१८९८२७
४	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	२५	१५	९९५१
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	९१६९०
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	९	०	०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	२९	१९	२७१७६४
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२२	१०	११६५६
९	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
कुल जम्मा		**१२८**	**६६**	**५७५१५७**

अनुसूची-१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण
२०७६।७७

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	सङ्ख्या
सरकारी कार्यालयतर्फ		
१.	प्रदेश सभा सचिवालय	१
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२
२.१.	मन्त्रिपरिषद् सचिवालय	१
२.२.	ग्रामिण विकास प्रशिक्षण केन्द्र	१
३.	**सामाजिक विकास मन्त्रालय**	**३८**
३.१.	मन्त्रालय	१
३.२.	शिक्षा विकास निर्देशनालय	१
३.३.	स्वास्थ्य निर्देशनालय	१
३.४.	शिक्षा तालिम केन्द्र	३
३.५.	स्वास्थ्य तालिम केन्द्र	१
३.६.	स्वास्थ्य आपूर्ति केन्द्र	१
३.७.	व्यवसायिक तथा सीप विकास तालिम केन्द्र	२
३.८.	स्वास्थ्य कार्यालयहरू	८
३.९.	आयुर्वेद केन्द्र	९
३.१०.	अस्पताल विकास समिति	८
३.११.	रोजगार सूचना केन्द्र	१
३.१२.	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र	१
३.१३.	जनस्वास्थ्य प्रयोगशाला	१
४.	**उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय**	**२५**
४.१.	मन्त्रालय	१
४.२.	प्रदेश वन निर्देशनालय	१
४.३.	उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
४.४.	वन अनुसन्धान तालिम केन्द्र	१
४.५.	प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई	१
४.६.	घरेलु तथा साना उद्योग कार्यालय	८
४.७.	डिभिजन वन कार्यालयहरू	१०
४.८.	भू- जलाधार व्यवस्थापन कार्यालयहरू	२

५.	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
६.	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**९**
६.१.	मन्त्रालय	१
६.२.	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
६.३.	प्रदेश लेखा इकाई	७
७.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**२९**
७.१.	मन्त्रालय	१
७.२.	यातायात पूर्वाधार विकास निर्देशनालय	१
७.३.	यातायात व्यवस्था कार्यालय	४
७.४.	पूर्वाधार विकास कार्यालय	६
७.५.	शहरी विकास तथा भवन कार्यालय	३
७.६.	खानेपानी तथा सरसफाई डिभिजन	४
७.७.	जलस्रोत तथा सिँचाइ विकास डिभिजन	८
७.८.	भुमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन	१
७.९.	सिँचाइ व्यवस्थापन कार्यालय	१
८.	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**२२**
८.१.	मन्त्रालय	१
८.२.	कृषि विकास निर्देशनालय	१
८.३.	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१
८.४.	पशु तालिम केन्द्र	१
८.५.	कृषि व्यवसाय प्रवर्द्धन तथा सहयोग तालिम केन्द्र	१
८.६.	बाली संरक्षण प्रयोगशाला	१
८.७.	बिउबिजन प्रयोगशाला	१
८.८.	माटो तथा मल परीक्षण प्रयोगशाला	१
८.९.	कृषि ज्ञान केन्द्र	६
८.१०.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	५
८.११.	मत्स्य विकास केन्द्र	१
८.१२.	सुख्खा फलफुल विकास केन्द्र	१
८.१३.	तरकारी विउ तथा जर्मप्लाज्म सम्वर्द्धन केन्द्र	१
९.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
	जम्मा	१२८

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

२०७६।७७

(रु.हजारमा)

क्रसं.	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	१३८४९२	१	१३८४९२	१	६२	१	६२	१	३५९१	१	३५९१	१	८	१	८	१४२१५३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	६७७३९	१	६७७३९	१	१८०	१	१८०	१	४३४	१	४३४	१	६०१७४	१	६०१७४	१२८५२७
३	सामाजिक विकास मन्त्रालय	३२	२३९८४००	३०	२२८२९१४	१९	११९४२	१८	११७५९	३२	९८४१४	३०	९६८३०	२४	४४९२२५	२२	४३५६७४	२८२७१७७
४	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	२६	१०७८८४०	२५	१०६३४२७	२२	१९४५८३	२१	१९२४६१	२४	७४४९७८	२४	७४४९७८	१०	९४५८६	१०	९४५८६	२०९५४५२
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१०८४२९	१	१०८४२९	१	१८६६४	१	१८६६४	१	४०४९	१	४०४९	१	३०५००	१	३०५००	१६१६४२
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	१०	२७५३७५०	९	२७५३५२६	२	६०३१२६६	२	६०३१२६६	४	१६४५	४	१६४५	७	६४६९	६	२४७५	८७८८९१२
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	८२६२२७३	२९	८०१४२०५	२८	६०२९६६	२८	६०२८९४	२८	८३०७२९	२७	८२६०३२	७	१३२२	७	१३२२	९४४४४५३
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२२	१९२८४८२	२२	१९२८४८२	२०	१४२२७	२०	१४२२७	२२	२७४४५	२२	२७४४५	२	३६२	२	३६२	१९७०५१६
९	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१३४३१	१	१३४३१	१	१५	१	१५	१	२०८	१	२०८	०	०	०	०	१३६५४
जम्मा		**१२४**	**१६७४९८३६**	**११९**	**१६३७०६४५**	**९५**	**६८७३९०५**	**९१**	**६८७१५२८**	**११४**	**१७११४९३**	**१११**	**१७०५२१२**	**५३**	**६४२६४६**	**५०**	**६२५१०१**	२५५७२४८६

अनुसूची- ३
(प्रतिवेदनको परिच्छेद ३ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण बक्यौता रहेका निकायहरूको विवरण
२०७६।७७

(रु.हजारमा)

सि.नं.	मन्त्रालय	कार्यालय	विनियोजन	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१	सामाजिक विकास मन्त्रालय	जिल्ला अस्पताल, दार्चुला	६४४६२	१७१	११८६	१२०५६	७७८७५
२		जिल्ला स्वास्थ्य कार्यालय, दार्चुला	५१०२४	१२	३९९	१४९४	५२९२९
३	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	घरेलु तथा साना उद्योग कार्यालय, दार्चुला	१५४१३	२१२२	०	०	१७५३५
४	भौतिक पूर्वाधार विकास मन्त्रालय	जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय दार्चुला	२४८०६८	७२	४६९७	०	२५२८३७
५	आर्थिक मामिला तथा योजना मन्त्रालय	प्रदेश लेखा ईकाई, दार्चुला	२२४	०	०	३९९५	४२१९
		जम्मा	**३७९१९१**	**२३७७**	**६२८२**	**१७५४५**	**४०५३९५**

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७६।७७

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१.	सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था)	९	८	८	८	११९५००६	नभएको
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समिति तथा अन्य संस्था)	१	१	१	१	१०११८	
	जम्मा	**१०**	**९**	**९**	**९**	**१२०५१२४**	

अनुसूची-५

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

आय व्यय हिसाव तयार गर्ने समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा
२०७६।७७

(रु.हजारमा)

क्र.स.	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा										योवर्षको मौज्दात	वर्षान्तको मौज्दात
					बर्षको शुरुको मौज्दात	आय				व्यय						
						बिक्री र सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
सामाजिक विकास मन्त्रालयतर्फ																
१	सेती प्रादेशिक अस्पताल, धनगढी	२०७६/७७	४५९५४५	१९७४८	१२०१५	१५४०६५	२८५१७०	८२९५	४४७५३०	०	४३६९९१	०	३०७०	४४००६१	७४६९	१९४८४
२	महाकाली अस्पताल, कञ्चनपुर	२०७६/७७	२४४३४३	१२१५	४२९०	३३५५६	२०४५२०	१९७७	२४००५३	०	२३४२८७	०	६२८	२३४९१५	५१३८	९४२८
३	टिकापुर अस्पताल, कैलाली	२०७६/७७	११८९३९	१३८२	८४२३	४१००५	६८५५६	९५५	११०५१६	०	१०२९०८	०	९४८	१०३८५६	६६६०	१५०८३
४	जिल्ला अस्पताल, बाजुरा	२०७६/७७	७२१५८	२२२०	२९०९	१५१५४	५३६७७	४१८	६९२४९	०	६५३७६	०	३८८	६५७६४	३४८५	६३९४
५	जिल्ला अस्पताल, डोटी	२०७६/७७	७१३८०	१९२६	०	१३७५१	५६६८३	९४६	७१३८०	०	६६९८६	०	१०४	६७०९०	४२९०	४२९०
६	जिल्ला अस्पताल, बझाङ	२०७६/७७	१०७०४७	८४७	१८८५	२६४१६	७७५७७	११६९	१०५१६२	०	९२७२३	०	११९४	९३९१७	११२४५	१३१३०
७	जिल्ला अस्पताल, अछाम	२०७६/७७	६०५४६	१४	२९०८	३८७६	५३२५६	५०६	५७६३८	०	५७३१६	०	३१५	५७६३१	७	२९१५
८	जिल्ला अस्पताल, बैतडी	२०७६/७७	६१०४८	६८१	२१०२	६१६५	५२५९५	१८६	५८९४६	०	५८५०६	०	८२	५८५८८	३५८	२४६०
जम्मा			११९५००६	२८०३३	३४५३२	२९३९८८	८५२०३४	१४४५२	११६०४७४	०	१११५०९३	०	६७२९	११२१८२२	३८६५२	७३१८४
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयतर्फ																
९	ग्रामिण विकास प्रशिक्षण केन्द्र, डोटी	२०७६/७७	१०११८	०	०	०	१०११८	०	१०११८	०	१०११८	०	०	१०११८	०	०
कुल जम्मा			१२०५१२४	२८०३३	३४५३२	२९३९८८	८६२१५२	१४४५२	११७०५९२	०	११२५२११	०	६७२९	११३१९४०	३८६५२	७३१८४

अनुसूची-६

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.५ सँग सम्बन्धित)

पेस्की बाँकीको विवरण

२०७६।७७

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	कर्मचारी पेस्की		अन्य पेस्की						लगती जम्मा	यस वर्षको म्याद ननाघेको मोविलाइजेशन पेस्की	कुल जम्मा
		गत वर्षसम्म	यो वर्ष	गत वर्षसम्म			यो वर्ष					
				मोविलाइजेशन	प्रतितपत्र	अन्य	म्याद नाघेको मोविलाइजेशन	प्रतितपत्र	अन्य			
१.	सरकारी कार्यालयतर्फ	१२१५०३	३०४८	१००११२	०	०	१८६०	०	१३९५५४	३६६०७७	८४५९०६	१२११९८३
२.	समिति तथा अन्य संस्थातर्फ	०	५९४	०	०	०	०	०	०	५९४	१०२४६	१०८४०
जम्मा		१२१५०३	३६४२	१००११२	०	०	१८६०	०	१३९५५४	३६६६७१	८५६१५२	१२२२८२३

अनुसूची-७

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.६ सँग सम्बन्धित)

कुल असुली विवरण

२०७६।७७

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कुल जम्मा
१.	सरकारी कार्यालयतर्फ	४५३६	२२७	९११५	१३८७८
२.	समिति तथा अन्य संस्थातर्फ	०	०	११४	११४
	जम्मा	४५३६	२२७	९२२९	१३९९२

अनुसूची-८

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.७ सँग सम्बन्धित)

अग्रिम कर कट्टि नगरेको समष्टिगत स्थिति

२०७६।७७

(रु.हजारमा)

सि.नं.	मन्त्रालय / निकायको नाम	असुल गर्नुपर्ने]		असुल भएको		असुल गर्न बाँकी रकम
		कार्यालय सङ्ख्या	रकम	कार्यालय सङ्ख्या	रकम	
१.	सरकारी कार्यालयतर्फ	१२	३०४९	०	०	३०४९
२.	समिति तथा अन्य संस्थातर्फ	१	७३	०	०	७३
	जम्मा	१३	३१२२	०	०	३१२२

अनुसूची-९
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०७६।७७

(रु.हजारमा)

राजस्व संकेत	राजस्व शीर्षक	रकम
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	२९०१११
११४११	बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	४२३७०३५
११४२१	बाँडफाँटबाट प्राप्त हुने अन्तः शुल्क	११४५१४३
११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२३६७३७
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	२२६
११६११	व्यवसायले भुक्तानी गर्ने	६२
११६१३	व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर	९५३९
१४१५१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	१८२
१४१५३	बाँडफाँटबाट प्राप्त वन रोयल्टी	३८४४६
१४१५४	बाँडफाँटबाट प्राप्त खानी तथा खनिजसम्बन्धी रोयल्टी	४३
१४१५६	बाँडफाँटबाट प्राप्त विद्युतसम्बन्धी रोयल्टी	६५७३
१४१५७	बाँडफाँटबाट प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	२२८६७
१४१५८	बाँडफाँटबाट प्राप्त पर्वतारोहणवापतको रोयल्टी	३६
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	७०८३
१४२१२	सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	३४४
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	२१४
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	१
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१६८
१४२२४	परीक्षा शुल्क	९७१
१४२२५	यातायात क्षेत्रको आम्दानी	३०६७१
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	२२७१०
१४२५०	अन्य प्रशासनिक दस्तुरहरू	०
१४२५३	व्यवसाय रजिष्ट्रेशन शुल्क	३२७५०

१४२५६	चालक अनुमतिपत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुर	१०९७४२
१४२६४	वन क्षेत्रको अन्य आय	४०७
१४३११	न्यायिक दण्ड जरिवाना र जफत	८७
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	२३६२
१४३१३	धरौटी सदरस्याहा	१३८४
१५१११	बेरुजु	४४०३७
१५११२	निकाशा फिर्ता	८८४१
१५११३	अनुदान फिर्ता	५३९९९
३२१२१	गत वर्षको नगद मौज्दात	0
प्रदेश सञ्चित कोषतर्फको जम्मा		**६३०२७७१**
३३३४१	सवारी साधन कर	४३००७३
१४१७१	वन रोयल्टी	११३४
३३१५१	वन रोयल्टी संकलन	१२४६२८
३३३६१	वन क्षेत्रको रोयल्टी	१८४७३
विभाज्य कोषतर्फको जम्मा		**५७४३०८**
	जम्मा	**६८७७०७९**

अनुसूची-१०

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गिकरण

२०७६।७७

(रु.हजारमा)

क्र. स.	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु									
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या			दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेस्की	अन्य पेस्की	कुल जम्मा
१	प्रदेश सभा सचिवालय	११	२	२१३	०	२	१२४	११	१	८९	८९	०	०	०	०	०	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७	२	३०९०	०	१	२९१०	१८	१	१८०	०	०	१८०	०	०	१८०	०	०	०
३	सामाजिक विकास मन्त्रालय	१४४	५३	१६४४६७	०	२	२६७३	१४५	५१	१६१७९४	९०२७	१८५५	९८५८	०	०	११७१३	१६००	१३९४५४	१४१०५४
४	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	१४५	७४	९९५१	०	०	०	१४५	७४	९९५१	४६८९	२७२०	२४३२	०	०	५१५२	१०	१००	११०
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	७	५	९६६०३	०	१	४९१३	८	४	९१६९०	६८	६००२५	३१५९७	०	०	९१६२२	०	०	०
६	आर्थिक मामिला तथा योजना मन्त्रालय	२३	०	०	०	०	०	२३	०	०	०	०	०	०	०	०	०	०	०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३९३	१२३	४६२३२८	०	१३	१९०५६४	३९८	११०	२७१७६४	१४४१४	११८६७७	१३५३७५	०	०	२५४०५२	१४३८	१८६०	३२९८
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१३१	५७	१८११२	०	७	६४५६	१३१	५०	११६५६	१७८५	१६०१	८२७०	०	०	९८७१	०	०	०
९	मुख्य न्यायाधिवक्ताको कार्यालय	९	०	०	०	०	०	९	०	०	०	०	०	०	०	०	०	०	०
कुल जम्मा		**८८०**	**३१६**	**७५४७६४**	**०**	**२६**	**२०७६४०**	**८८८**	**२९१**	**५४७१२४**	**३००७२**	**१८४८७८**	**१८७७१२**	**०**	**०**	**३७२५९०**	**३०४८**	**१४१४१४**	**१४४४६२**

अनुसूची-११

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

आय व्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको बेरुजु वर्गिकरण

२०७६।७७

(रु.हजारमा)

क्र. स.	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या			दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने				जम्मा	पेस्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको		कर्मचारी पेस्की	अन्य पेस्की	कुल जम्मा
१	सेती प्रादेशिक अस्पताल , धनगढी	२६	११	२३०८८	०	१	३३४०	२७	१०	१९७४८	१६८४०	१५९७	१३११	0	0	२९०८	0	०	०
२	टिकापुर अस्पताल , कैलाली	७	४	१३८२	0	0	0	७	४	१३८२	११६०	०	२२२	**०**	**०**	२२२	**०**	०	०
३	महाकाली अस्पताल , कञ्चनपुर	१९	३	१२१५	०	०	०	१९	३	१२१५	०	८४८	३६७	०	०	१२१५	०	०	०
४	जिल्ला अस्पताल , डोटी	८	३	१९२६	०	०	०	८	३	१९२६	६६८	०	६६८	०	०	६६८	५९०	0	५९०
५	जिल्ला अस्पताल , अछाम	१२	१	१४	०	०	०	१२	१	१४	१४	०	०	०	०	०	0	0	०
६	जिल्ला अस्पताल , बझाङ्ग	८	४	८४७	०	०	०	८	४	८४७	९	६२८	२१०	०	०	८३८	0	0	०
७	जिल्ला अस्पताल , बाजुरा	१२	३	२२२०	०	०	०	१२	३	२२२०	३३	०	२१८७	०	०	२१८७	०	०	०
८	जिल्ला अस्पताल , बैतडी	७	१	६८१	०	०	०	७	१	६८१	०	०	६७७			६७७	४	०	४
९	ग्रामिण विकास प्रशिक्षण केन्द्र, डोटी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
कुल जम्मा		**९९**	**३०**	**३१३७३**	**०**	**१**	**३३४०**	**१००**	**२९**	**२८०३३**	**१८७२४**	**३०७३**	**५६४२**	**०**	**०**	**८७१५**	**५९४**	**०**	**५९४**

अनुसूची- १२
(प्रतिवेदनको परिच्छेद २ को दफा २ सँग सम्बन्धित)

बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण
२०७६।७७

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	गत वर्षसम्मको बाँकी	सम्परीक्षण भएको	गत बर्षसम्मको बाँकी	यो बर्षको थप	तेस्रो प्रतिवेदनसम्मको बाँकी बेरुजु	तेस्रो प्रतिवेदनसम्मको बाँकी बेरुजुमध्ये पेस्की
१.	सरकारी कार्यालयतर्फ	८५१४४५	२३२२०६	६१९२३९	५४७१२४	११६६३६३	३६६०७७
२.	समिति तथा अन्य संस्थातर्फ	३७०७३	११५९	३५९१४	२८०३३	६३९४७	५९४
	जम्मा	८८८५१८	२३३३६५	६५५१५३	५७५१५७	१२३०३१०	३६६६७१

अनुसूची- १३

(प्रतिवेदनको परिच्छेद १ को दफा ७ सँग सम्बन्धित)

प्रदेश सरकारले सङ्घीय कार्यालयलाई दिएको बजेटको खर्च विवरण

२०७६।७७

(रु.हजारमा)

क्र.सं.	जिल्ला	कार्यालय	चालु खर्च	पूँजीगत खर्च	कुल खर्च
१.	अछाम	जिल्ला समन्वय समितिको कार्यालय	१३००	०	१३००
२.		जिल्ला कारागार कार्यालय	१९४	०	१९४
३.	कञ्चनपुर	जिल्ला समन्वय समितिको कार्यालय	१७२१	०	१७२१
४.		जिल्ला प्रशासन कार्यालय	१०००	०	१०००
५.		जिल्ला प्रहरी कार्यालय	०	२०००	२०००
६.		जिल्ला कारागार कार्यालय	२००	०	२००
७.		सशस्त्र प्रहरी बल नेपाल ३५ नं. हे.क्वा.	०	९८३	९८३
८.	कैलाली	जिल्ला समन्वय समितिको कार्यालय	२४६३	०	२४६३
९.		जिल्ला प्रहरी कार्यालय	०	३०००	३०००
१०.		जिल्ला कारागार कार्यालय	१९१	०	१९१
११.		सशस्त्र प्रहरी बल नेपाल ३४ नं. हे.क्वा.	०	३४७०	३४७०
१२.	डडेलधुरा	जिल्ला समन्वय समितिको कार्यालय	६३३	०	६३३
१३.		जिल्ला प्रशासन कार्यालय	४९३	०	४९३
१४.		जिल्ला कारागार कार्यालय	२००	०	२००
१५.	डोटी	जिल्ला समन्वय समितिको कार्यालय	८५०	०	८५०
१६.	दार्चुला	जिल्ला समन्वय समितिको कार्यालय	४४८	०	४४८
१७.		जिल्ला प्रशासन कार्यालय	५००	०	५००
१८.	बझाङ	जिल्ला समन्वय समितिको कार्यालय	८५०	०	८५०
१९.		जिल्ला प्रशासन कार्यालय	४५०	०	४५०
२०.		जिल्ला कारागार कार्यालय	२००	०	२००
२१.	बाजुरा	जिल्ला समन्वय समितिको कार्यालय	४५०	०	४५०
२२.	बैतडी	जिल्ला समन्वय समितिको कार्यालय	८५०	०	८५०
२३.		जिल्ला कारागार कार्यालय	२००	०	२००
		जम्मा	**१३१९३**	**९४५३**	**२२६४६**

अनुसूची-१४

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.१ सँग सम्बन्धित)

लेखाउत्तरदायी अधिकृतहरूको विवरण र सो अवधिको बेरुजु स्थिति

२०७६।७७

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरूको नामावली	अवधि		आ.व. २०७६/७७ को बेरुजु	लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत
			देखि	सम्म		
१.	प्रदेश सभा सचिवालय, धनगढी	सचिव श्री राम सिंह धामी	२०७६/४/१	२०७७/३/३१	८९	०.०६
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी	सचिव श्री अर्जुन प्रसाद पोखरेल	२०७६/४/१	२०७७/३/३१	१८०	०.१३
३.	सामाजिक विकास मन्त्रालय, धनगढी	सचिव श्री झंकर बहादुर विष्ट	२०७६/४/१	२०७७/३/३१	१८९८२७	४.७२
४.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, धनगढी	सचिव श्री मेघनाथ काफ्ले	२०७६/४/१	२०७६/५/१९	९९५१	०.४७
		सचिव श्री दिपक कुमार खराल	२०७६/५/२३	२०७६/१२/१०		
		सचिव श्री यम प्रसाद पोखेल	२०७७/१/१२	२०७७/३/३१		
५.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी	सचिव श्री कृष्ण बहादुर रावत	२०७६/४/१	२०७७/३/३१	९१६९०	५६.७२
६.	आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी	सचिव श्री सुमनराज अर्याल	२०७६/४/१	२०७७/३/३१	०	०
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढी	सचिव श्री इन्द्रदेव भट्ट	२०७६/४/१	२०७७/३/३१	२७१६६४	२.८८
८.	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, धनगढी	सचिव डा.महेशराज विष्ट	२०७६/४/१	२०७६/१०/५	११६५६	०.५९
		सचिव डा.किसनलाल भट्ट	२०७६/११/१९	२०७७/३/३१		
९.	मुख्य न्यायाधिवक्ताको कार्यालय, धनगढी	सचिव श्री फटिकराज मुडभरी	२०७६/४/१	२०७७/३/३१	०	०

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय, खलंगढी,कैलाली

आ.व.२०७६/०७७को संचित कोषको आर्थिक विवरण

क्र.स.	आय विवरण	रकम	जम्मा रकम	क्र.स.	व्यय विवरण	रकम	जम्मा रकम
१	गत वर्षको मौज्दात (अ. ल्या.)		६१००७५२२१०.११	१	जम्मा चालू खर्च		८३२३६४०७४१.३६
२	राजश्व (आन्तरीक स्रोत)		६३०२७१२३६.०८	२१०००	पारिश्रमिक तथा सुविधा	१४१९९०४७७४.३६	
क	कर राजश्व	५९१८८५२९७२.९३		२२०००	मालसामान तथा सेवाको उपयोग	३४४७९४०९८७.००	
ख	गैर कर राजश्व	२७७०४०८०२.९०		२३०००	स्थिर सम्पतिको उपभोग खर्च	०.००	
ग	अन्य राजश्व	०.००		२४०००	ब्याज, सेवा शुल्क तथा कमिशन	०.००	
घ	गत वर्षको नगद मौज्दात तथा वेरुजु	१०६८७७४६०.२५		२५०००	सहायता (Subsidy)	४७३७२९२२.००	
३	**अनुदान**			२६०००	अनुदान	३१३०००६००१.००	
३.१	संघिय सरकार वाट हस्तान्तरित अनुदान		१३२८०९५०७५०.००	२७०००	सामजिक सुरक्षा	२४४१५६७६७.००	
क	सामानिकरण अनुदान	७९५२४०००००.००		२८०००	अन्य खर्च	३४२५९२९०.००	
ख	सशर्त अनुदान	४४१२४५०७५०.००			स्रोत अनुसार चालू खर्च विवरण		
ग	समपुरक अनुदान	५६६१००००००.००		१	प्रदेश सरकार	७००९८९०६९०.८०	
घ	विशेष अनुदान	३५०००००००.००		२	समानिकरण अनुदान	०.००	
३.२	सोधभर्ना अनुदान		०.००	३	शसर्त अनुदान	१२४५१९३१५१.८२	
३.३	सोझै भुक्तानी (प्रत्यक्ष अनुदान)		०.००	४	समपुरक अनुदान	०.००	
३.४	वस्तुगत अनुदान		०.००	५	विशेष अनुदान	६८५५६८९८.७४	
४	वित्तिय व्यवस्था		०.००	२	जम्मा पूंजिगत खर्च		९२८८३४७९२६.११
क	ऋण लगानि फिर्ता (आन्तरिक र वाह्य)	०.००		३११००	स्थिर सम्पति खर्च	**९२८८२३५९२६.११**	
ख	शेयर विक्रि	०.००		३१२००	मौज्दात सामानहरु	**०.००**	
ग	ऋण प्राप्ति (आन्तरिक र वाह्य)	०.००		३१३००	बहमूल्य सामानहरु	**०.००**	
५	अन्य विविध आम्दानि			३१४००	प्राकृतिक सम्पति	**११२०००.००**	
					स्रोत अनुसार पुजीगत खर्च विवरण		
				१	प्रदेश सरकार	१३४८२४१२२८.६५	
				२	समानिकरण अनुदान	४४२६७१९५७२.४०	
				३	शसर्त अनुदान	२९१८७५०२९१.०६	
६	चालु आर्थिक वर्षको जम्मा आम्दानी (२ देखी ५)		१९५८३७२१९८६.०८	४	समपुरक अनुदान	४६९६६१९८७.००	
७	प्रदेश आकस्मिक कोष खाताको अल्या रकम		५०००००.००	५	विशेष अनुदान	१२४९७४८४७.००	
				३	वित्तिय व्यवस्था		०.००
				क	ऋणको सावा भुक्तानी (आन्तरिक र वाह्य)	०.००	
				ख	ऋण लगानी	०.००	
				ग	शेयर लगानी	०.००	
				४	कार्यालयबाट खर्च भएको तर बैंकबाट भुक्तानी नभएको खर्च समायोजन		-४७३१९२१.००
					जम्मा खर्च		**१७६०७२५६७४६.४७**
					संघिय सरकारलाइ फिर्ता हुने शसर्त,समपुरक र विशेष अनुदानको वचत रकम		५०१४१३५७४.३८
					कुल खर्च		**१८१०८६७०३२०.८५**
					# यस आवको वचत रकम		७५८०८०३८७५.३४
	विगत आर्थिक वर्षको अल्या समेतको कुल मौज्दात		२५६८९४७४१९६.१९				२५६८९४७४१९६.१९
					संघीय सरकार वाट आ.व.२०७६/७७को राजश्व वांडफांड भइ प्राप्त हुने रोयल्टी रकम रु.४५०९८५०१।१७ प्रदेश संचित कोषमा आउन वांकी		-४५०९८५०१.१७
					संचित कोषको खुद मौज्दात		७५३५७०५३७४.१७

वासुदेव जोशी
प्रदेश लेखा नियन्त्रक



समिक्षात्मक टिप्पणी

- यस प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइको रुपमा समेत काम गरि रहेका संघिय कोष तथा लेखा नियन्त्रक कार्यालयहरुवाट आ.व. २०७६/७७ को सुदूर पश्चिम प्रदेशका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरि तयार भएको प्रतिवेदनहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

- २०७६/७७ मा प्रदेश सरकारको कुल निकासा खर्च रकम रु. १७६११९८८६६७।४७ भएकोमा आन्तरिक लेखापरीक्षणको बेरुजू अंक १३०५४७९५८२।०१ देखिन आएको छ । निकासा खर्चको अनुपातमा बेरुजु ७४१. प्रतिशत हुन आउँछ ।

- कुल बेरुजू मध्ये पेश्की बाँकी बेरुजू अंक १२१८२६०६०२।०१ अर्थात ९३% ३२.रहन गएको छ।म्याद ननाघेको पेश्की रकम समेत यसमा समावेस रहेको छ।

- कुल बेरुजू मध्ये नियमित गर्नु पर्ने बेरुजू अंक ८४५५९३०९।२३ अर्थात ६.४८% रहन गएको ।

- कुल बेरुजू मध्ये असुल गर्नु पर्ने बेरुजू अंक २६५९६७०।७७ अर्थात.० २८% रहन गएको ।

- जिल्लागत बेरुजू अंक हेर्दा कुल वेरुजुको सबैभन्दा बढी वैतडी जिल्लाको रु. ३१९६५६१७८.२३ अर्थात २४४९. प्रतिशत र सबैभन्दा घटि दार्चुला जिल्लाको रु. २१६७अर्थात 00.00 0.02 प्रतिशत देखिन्छ ।

- मन्त्रालयगत बेरुजू अंक हेर्दा कुल वेरुजुको सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको रु. १०७३३८८३६३.६ अर्थात 7८.2२२ प्रतिशत र सबैभन्दा घटि आर्थिक मामिला तथा योजना मन्त्रालयको बेरुजू अंक शुन्य देखिन्छ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूको आधारमा आन्तरिक लेखापरीक्षण सम्बन्धी ज्ञान, सीप र अनुभवको लागि लेखा परिक्षण सम्बन्धी तालिमको अनिवार्य आवस्यकता छ ।प्रचलित ऐन तथा नियममा भएका परिवर्तन समेत लाइ हेरेर अन्तरक्रिया र गोष्टी संचालन गर्नु पर्ने देखिन्छ ।

- प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने महत्वपूर्ण कार्य मध्ये प्रदेश सञ्चित कोषको व्यवस्थापन तथा सञ्चालन गर्ने हो भने आन्तरिक लेखापरीक्षण गर्ने कार्य दोस्रो महत्वपूर्ण कार्य हो । आगामी दिनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण लाइ बस्तुनिष्ठ र प्रभावकारी बनाउन लेखापरीक्षणका मापदण्डहरू लागु गरि सुधारका क्रियाकलापहरू गर्नुपर्ने देखिन्छ ।

बासुदेव जोशी
प्रदेश लेखा नियन्त्रक